
# शिक्षा योजना

(२०८१/०८२-२०८५/०८६)




**नेपालगन्ज उप-महानगरपालिका कार्यपालिकाको कार्यालय**

**शिक्षा युवा तथा खेलकुद महाशाखा**

**लुम्विनी प्रदेश, नेपाल**

**२०८२**

## क) विषय प्रवेश

शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो । नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरेको छ । ती मौलिक हकहरु निम्न छन् (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ, २) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ३) अपाङ्ग भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ, ४) दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ, ५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ भनि ब्यवस्था गरेको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, शिक्षा सम्वन्धी राष्ट्रिय नीति, अनिवार्य तथा निशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजना तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय सरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षाको विकासलाई दिशा निर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ।विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशिल, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि आवाश्यक पर्ने योग्य तथा कुशल नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समयसापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजनामार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधानको अनुसूचि ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ। यस ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक योजना निर्माण गरी कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक

बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यी सबै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकता छ।

**ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

स्थानीय तहमा देहाय बमोजिमका तथ्यहरुले शिक्षा योजना निर्माणको औचित्यततालाई पुष्टि गर्दछन्

१) तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न
२) संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
३) कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना,स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
४) साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
५) शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रर्तिबद्धता हासिल गर्न सहयोग पुर्याउन ।

**घ) शिक्षा योजना निर्माणको आधार**

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान २०७२
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८

ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाउनु पर्छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गर्नुपर्छ ।

क) नेपालको संविधान
ख) सोह्रौं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालिन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

**ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

नेपालगंज उप-महानगरपालिका यो शिक्षा योजता तयार गर्दा बिभिन्न राष्टिय, प्रादेशिक साथै नेपालगंज उप-महानगरपालिका नीतिगत ब्यवस्था र बिभिन्न शिक्षा बिज्ञहरुको सहभागितामा निर्माण गरिएको छ।

योजना निर्देशक समिति (ESP Steering committee) : यस नेपालगंज उपमहानगरपालिकाको नगर प्रमुख ज्युको संयोजकत्वमा नेपालगन्ज उप-महानगरपालिकाको शिक्षा क्षेत्रको ५ वर्षे योजना निर्माण गर्नको लागि निर्देशक समिति गठन गरिएको थियो | जसमा उपमहानगरपालिकाको उपाध्यक्ष लगायत सामाजिक विकास समितिका संयोजक, वडा अध्यक्षहरु सबै,उप-महानगरपालिका प्रमुख प्रशासकीय अधिकृत, माध्यमिक विद्यालयका प्र.अ. हरु शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख तथा शाखा अधिकृतहरुलाई समेत समेट्ने काम भएको थियो |

योजना तयारी प्राविधिक समुह : नेपालगंज उपमहानगरपालिकाका शिक्षा युवा तथा खेलकुद महाशाखा प्रमुख ज्युको संयोजकत्वमा गठित योजना तयारी प्राविधिक समुहमा युएसएआइडी

प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम, एवं शिक्षा प्रेमी, शिक्षा बिज्ञ, प्रधानाध्यापक, शिक्षक महासंघ प्रतिनिधि, बिद्यालय ब्यबस्थापन समितिका प्रतिनिधि  तथा शिक्षकहरुको प्रतिनिधित्व रहने गरी योजना तयारी प्राविधिक समुह कार्यदल गठन गरिएको थियो । प्राविधिक समुहले विभिन्न दस्तावेज तथा पालिकाको वस्तुस्थिति र तथ्याङ्कहरुलाई अध्ययन गरेर योजना लेखनको खाका निर्माण गरेको थियो | नगर शिक्षा समितिको नेतृत्वमा मिति २०८१ असार ६ गतेका दिन बैठक बसि शिक्षा योजना बनाउने निणर्य अनुसार ११ सदस्यीय कार्यदल गठन गरिएको थियो। त्यस पछि **युसएआईडिको** प्राबिधिक सहयोगमा कार्यदलको सदस्यहरुलाइ मिति २०८१ भाद्र १४ गतेका दिन स्थानीय तहको योजना तर्जूमा दिग्रदर्शन २०८१ ले निर्दिष्ट गरे अनुसारको शिक्षा योजना ढाँचामा अभिमुखीकरण गरी आवश्यक तथ्याक संकलन र सोको आधारमा लेखन कार्य गरी लेखेको कुराहरूको समिक्षा गर्दै यो योजना तयार गरिएको हो ।

**च) योजनाको लेखाजोखा**

| क्र.सं. | लेखाजोखाका पक्ष | विस्तृत विवरण |
|---|---|---|
| १ | नेतृत्त्व तथा सहभागिता (Leadership and participation) | • शिक्षा योजना निर्माण प्रक्रियामा स्थानीय तहको मूल नेतृत्त्व थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रियामा विभिन्न सरोकारवालाको अर्थपूर्ण सहभागिता थियो कि थिएन ?<br>• शिक्षा योजना निर्माण प्रक्रिया पारदर्शी थियो कि थिएन ? |
| २ | पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance) | • योजनामा समावेश भएका रणनीति, कार्यक्रम तथा क्रियाकलाप शिक्षा क्षेत्रका मुख्य समस्या तथा चुनौतीलाई सम्वोधन गर्नका लागि पर्याप्त तथा सान्दर्भिक छन् कि छैनन् ? |
| ३ | समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality) | • शिक्षा क्षेत्रको समग्र प्रदर्शन बढाउनका लागि योजनामा समता, सक्षमता, तथा सिकाइ र गुणस्तर अभिवृद्धिसम्बन्धी प्रमुख मुद्दाहरूको सम्बोधन भएको छ कि छैन ? |
| ४ | अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) | • शिक्षा योजना र स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ?<br>• शिक्षाका अन्तर्राष्ट्रिय लक्ष्यसँग अनुकूल हुने गरी आन्तरिकीकरण र समायोजन गरिएको छ छैन ? |

| | | |
|---|---|---|
| | | • राष्ट्रिय, प्रदेश र स्थानीय दूरदृष्टि, उद्देश्य, र लक्ष्यअनुरूप योजना बनाइएको छ ?<br>• शिक्षा योजनाका समावेश भएका विभिन्न उपक्षेत्र तथा विषयबिच अन्तर्सम्बन्ध कायम भएको छ कि छैन ? |
| ५ | सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता | • योजनामा भएका विषयको अन्य पक्षसँग तादात्म्य कायम छ कि छैन ?<br>• योजनाका लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलाप कार्यान्वयन गर्न सकिने व्यावहारिक र सान्दर्भिक छन् कि छैनन् ? तथा अनुगमन र मूल्याङ्कनका संयन्त्र पर्याप्त छन् कि छैनन् ?<br>• योजनालाई स्थानीय विशिष्ट आवश्यकता, विशेष गरी जनसङ्ख्या, जातजाति, आर्थिक, भाषिक, पिछडिएक वर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?<br>• योजनाले शिक्षा क्षेत्रका प्रमुख चुनौतीलाई सम्बोधन गरेको छ ? |
| ६ | स्रोतको प्रबन्ध | • शिक्षा योजनामा समावेश भएका विभिन्न कार्यक्रम तथा क्रियाकलापका आवश्यक स्रोतको प्रबन्ध गरिएको छ कि छैन ?<br>• लक्ष्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापमा पर्याप्त बजेट विनियोजन भएको छ कि छैन ?<br>• योजनामा प्रस्तावित कार्यक्रम तथा बजेटबिच आपसी तालमेल छ ?<br>• स्रोतको प्रबन्धका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थासँग सहकार्य र साझेदारी भएको छ कि छैन ? |
| ७ | संस्थागत क्षमता | • योजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहभित्र विभिन्न चरणमा संरचनात्मक र संस्थागत व्यवस्था गरिएको छ कि छैन ?<br>• कार्यान्वयनका लागि तालिम तथा क्षमता विकासका कार्यक्रम तथा संयन्त्र तय गरिएको छ कि छैन ? |
| ८ | कार्यान्वयनमा तत्परता | • योजनाको कार्यान्वयनका लागि स्थानीय तहभित्रका सरोकारवालाको सहभागिता र अपनत्व कायम गरिएको छ |

| | | |
|---|---|---|
| | | कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तथा बजेट तथा कार्यक्रम तयार गरिएको छ कि छैन ?<br>• योजनाको कार्यान्वयनका लागि जिम्मेवार पक्षलाई लक्ष्य, उद्देश्य र कार्यान्वयन प्रक्रियाको पर्याप्त प्रबोधीकरण तथा अभिमुखीकरण भएको छ कि छैन ? |
| ९ | तथ्याङ्क विश्लेषण र प्रक्षेपण | • स्थानीय तहभित्रका शैक्षिक सूचक र अन्य तथ्याङ्क सङ्कलन गरिएको छ कि छैन ?<br>• तथ्याङ्क तथा सूचनाबिच तादात्म्यताको विश्लेषण तथा प्रक्षेपण गरिएको छ कि छैन ? |
| १० | अनुगमन र प्रतिवेदन | • अनुगमन तथा मूल्याङ्कनको संयन्त्र र जिम्मेवारी निर्धारण गरिएको छ कि छैन ?<br>• आवधिक रूपमा अनुगमन र मूल्याङ्कन गर्ने प्रक्रिया निर्धारण गरिए छ कि छैन ?<br>• अनुगमन सूचकको प्रयोग गरिएको छ कि छैन ?<br>• प्रतिवेदन प्रणाली यकिन गरिएको छ कि छैन ? |

**छ) योजनाको दस्तावेजको स्वरूप**

शिक्षा बिकासको लागि ५ वर्षे शिक्षा योजना, नेपालगंज उप-महानगरपालिकाले यस शिक्षा योजना स्थानियतहको योजना तर्जुमा दिग्रदशन २०८१ अनुरुप तयार गरिएको छ । साहि दिग्रदशनले निर्दिष्ट गरे बमोजिक यस शिक्षा योजनाको सुरुवात बिषय प्रवेशबाट गरि शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य, योजना निर्माणका आधार, योजना निर्माण गर्दा अपनाइएका आधारहरु, योजनाको लेखा जोखाको बारेमा प्रस्तुत गरिएको छ भने परिच्छेद १ देखि ८ परिच्छेदमा बिभाजन गरि योजनाको दस्ताबेज तयार गरिएको छ ।

# परिच्छेद एक : परिचय

## पृष्ठभूमि

कुनै पनि योजना बिगतको अनुभवबाट, आजको आवश्यकता पूरा गर्ने र भोलि कहाँ पुग्ने भनेर आफनो आवश्यकता, क्षमता, दक्षतामा आधारित भै देखिएको गन्तब्य हो । समाजको भौगोलिक, सामाजिक र आर्थिक पक्षको अवस्थाले योजनाको आवश्यकता, औचित्य, सान्दर्भिकता, योजना मार्फत के प्राप्त गर्न खोजेको हो सो कुराको आधार तय गर्ने भएकोले यस परिच्छेदमा नेपालगंज उप-महानगरपालिकाको भौगोलिक, सामाजिक, आर्थिक र शैक्षिक अवस्थाको बारेमा बिश्लेषण गरिएको छ

## १.१ वर्तमान अवस्था

### क) भौगोलिक अवस्थितिको विश्लेषण :

लुम्बिनी प्रदेशको पश्चिम क्षेत्रको केन्द्र बिन्दुको रुपमा रहेको प्रमुख ब्यापारिक केन्द्र तथा लुम्बिनी प्रदेश अन्तर्गतका १२ वटा जिल्लाहरु मध्ये बाँके जिल्लाको सदरमूकामको रुपमा रहेको यस नेपालगंज उप-महानगरपालिका पश्चिम नेपालको द्धार, नेपालगंज नगरी नेपालकै प्रमुख शहरको रुपमा परिचित भएको स्थान हो । संघीय संरचना लागु भइसके पश्चात हाल २३ वटा वडाहरु संरचना भएको यस उप-महानगरपालिको कूल क्षेत्रफल ८५.९४ वर्ग किलोमिटर रहेको छ । पूर्ब-पश्चिम राजमार्गबाट १० किलोमिटर दक्षिणमा पर्ने यस उप-महानगरपालिकाले नेपाल भारत सीमा नाकासंग जोडिनु यो शहरको अर्को प्रमुख बिशेषता पनि हो । यस नेपालगंज उप-महानगरपालिका क्षेत्रसंग सिमाना जोडिएका पालिकाहरु पूर्बमा डुडुवा गाउँपिलका, पश्चिममा जानकी गाउँपालिका, उत्तरमा जानकी गाउँपालिका र कोहलपूर नगरपालिपका र दक्षिणमा डुडुवा गाउँपालिका र मित्रराष्ट्र भारतको सिमाना पर्दछ । भारत संग यस नेपालगंज उप-महानगरपालिका वडा नं १४,१५,१६,१७ र २३ को सीमा जोडिएको छ । यस नेपालगंज उप-महानगरपालिकाको कूल जनसंख्या २०७८ सालको जनगणना अनुसार १,६४,४४४ रहेको छ भने जसमा महिलाको जनसंख्या ८१,६८९ र पुरुषको जनसंख्या ८२,७५५ रहेको छ ।

यहाँको सबैभन्दा पूरानो बजारको रुपमा एकलैनी बजारलाइ मानिन्छ भने प्रमुख बजारका रुपमा सदरलाइन, त्रिभुवन चोक, धम्बोझ चोक, घरवारी टोल, पुष्पलाल चोक, न्यूरोड तथा सुर्खेत रोडलाइ मानिन्छ । हावापानी र तापक्रमका हिसावले जाडो मौसममा ५.४ डिग्री सेल्सयस तथा गर्मी

मौसममा अधिकतम ४० देखि माथि सम्म हुने गर्दछ । राजधानी काठमाण्डौबाट करिव ६०० किलोमिटर दुरीमा रहेको यस नेपालगन्ज उप-महानगरपालिकाको भू-भाग ८१°१७°२४ मिनेट पूर्ब देखि ८२°४८°०० पूर्बि देशान्तर र २७°३०°३६ उत्तरदेखि २८°१२°०० उत्तरी अक्षांश बीच रहेको छ । यहाँका महत्वपूर्ण पर्यटकीय धार्मिक स्थलहरुमा वागेश्वरी मन्दिर, बिभिन्न मस्जीद, गुम्वा र गुरुद्वारा रहेका छन । वडा नम्बर १ र १८ जोडेर बनेको वाटरपार्क ९६.१ हेक्टर क्षेत्रफल, वडा नम्बर ७ स्थित रानी तलाउ ९०.६६ हेक्टर र महेन्द्र पार्क तथा मिनि जु ९१.२ हेकटर, वडा नम्बर २ स्थित बागेश्वरि चिल्ड्रेन पार्क ९१.३ हेक्टर क्षेत्रफल, वडा नम्बर २२ स्थित कान्ति ताल, वडा नम्बर २३ स्थित कान्जिहाउस एवं ल्याणडफिल्ड साइट जस्ता महत्वपूर्ण क्षेत्रहरुको धरोहर रहेका छन।

नेपालको व्यस्त विमानस्थल मध्येको एक राँझा विमानस्थल हो । जहाँबाट दैनिक काठमाण्डौ र पोखराका साथै कर्णाली र सुदुर पश्चिम प्रदेशका दुर्गम जिल्लाहरुमा समेत नियमित हवाइ उडान हुने गर्दछ । सरकारी अस्पतालको रुपमा भेरी प्रदेशिक अस्पताल रहेको छ भने अन्य सामुदायिक तथा निजि अस्पतालहरु अन्तर्गत फत्तेबाल आँखा अस्पताल, नेपालगंज शिक्षण अस्पताल रहेका छन । शिक्षण संस्था तर्फ त्रिभुवन बिश्वविद्यालयको आंङ्गिक क्याम्पसको रुपमा महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज नर्शिङ क्याम्पस रहेको छ भने अन्य निजि क्षेत्रका क्याम्पसहरु समेत थुप्रै संचालनमा रहेका छन । भाटभटेनी सुपरमार्केट, वाटिका होटेल, स्नेहा होटेल, सिदार्थ होटेल, सोल्टी होटेल जस्ता महत्वपूर्ण तारे होटेलहरु यस नेपालगन्ज उप-महानगरपालिकामा रहेका छन । नेपालगन्ज उप-महानगरपालिकाबाट सहज पहुँचका रुपमा रहेको पर्यटकीय गन्तब्यहरु बाँके राष्ट्रिय निकुन्ज, बर्दिया राष्ट्रिय निकुन्ज, लुम्बिनी प्रदेश र सुदुर पश्चिम प्रदेशको सिमानाका रुपमा रहेको कर्णाली नदीमा एउटै पिलरको जगबाट बनेको पुल समेत घुम्न र हेर्न लायक गन्तब्यको रुपमा पहिचान रहेको छ । समग्ररुपमा वहुधार्मिक र वहुसास्कृतिक सम्प्रदायहरुको वाहुल्यता रहेको यो जिल्लाका स्थानिय वासिन्दाअरु एक आपसमा मिलेर बसेकोले धार्मिक सहिष्णुतायुक्त शहरको रुपमा पहिचान समेत सफल भएको छ ।

**नगरपालिकाको स्थापना**

नेपालगंज उप-महानगरपालिकाको नेपालगन्ज शहर बि.सं २०१७ सालमा नेपालगन्ज नगरपंचायतको नामबाट स्थापना भइ बि.सं २०१९ सालमा नेपालगंज नगरपालिकाको रुपमा स्थापना भएको हो । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१ मंसीर १६ गतेको निर्णयबाट साविक १७ वडा रहेको नगरपालिकाको सिमाना जोडिएका वरपरका १० गा वि स हरु क्रमशः

उदयपूर, भवानीपुर, पिप्रहवा, जयसपुर, इन्द्रपुर, खासकारकाँदो, वासुदेवपुर, मनिकापुर र पुरैनालाइ गाभेर २७ वटा वडा कायम गरि नेपालगन्ज उप-महानगरपालिकाको रुपमा स्थापित भयो । मिति २०७२।०६।०१ को नेपाल सरकारको निर्णयबाट साविक पुरैनी गा वि स को क्षेत्र गाभेर २८ औ वडाको रुपमा पहिचान भएको थियो । तत्पश्चात नेपाल सरकारको मिति २०७३।११।०९ को निर्णयानुसार साविकको वडा नम्बर २३ इन्द्रपुरलाई जानकी गाउँपालिकामा समायोजन गरिएको र बाँकी केही साना वडाहरुको क्षेत्र एक अर्कामा मिलाइ केहीको क्षेत्र यथावत राखी २२ वटा वडा र साविकको हिरमिनिया गा वि स को वडा नम्बर ७ लाई उपमहानगर क्षेत्रमा गाभी उक्त वडालाई २३ औ वडाको रुपमा कायम गरी वडाको जम्मा संख्या २३ कायम रहेको छ ।

**ख) जनसाङ्ख्यिक संरचनाको विश्लेषण**

वि.स.२०७८ सालको जनगणनानुसार बाँके जिल्लाको कुल जनसंख्या ६,०३,१९४ मध्ये ४३,२०६ रहेको छ।जुन जिल्लाको कुल जनसंख्याको ७.१६% हो। २१,७३२ (५०.३%) पुरुष र २१,४७४ (४९.७%) महिलाको जनसंख्या रहेको छ। लैंगिक अनुपात अर्थात प्रति १०० महिलामा पुरुषको संख्या १०१.२० रहेको छ।जनघनत्त्व २५१ जना प्रति वर्ग कि.मी.रहेको छ।

**नेपालगन्ज उपमहानगरपालिकाको उमेरगत जनसंख्या बिवरण**

**तालिका नं.१.१**

| उमेर समूह | ९५+ | ९०-९४ | ८५-८९ | ८०-८४ | ७५-७९ | ७०-७४ | ६५-६९ | ६०-६४ | ५५-५९ | ५०-५४ | ४५-४९ | ४०-४४ | ३५-३९ | ३०-३४ | २५-२९ | २०-२४ | १५-१९ | १०-१४ | ५-९ | ००-०४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पूरुष | २२ | ३२ | ९० | २०६ | ६०१ | १३४६ | १५२३ | २०४४ | २४७५ | ३४८१ | ३९८९ | ५३३८ | ६०४० | ६२२५ | ६९९४ | ८१३८ | ९२३३ | ८७६० | ८८७४ | ७३४४ | ८२७५५ |
| महिला | ३२ | ६४ | १११ | २४१ | ६०७ | १३७० | १५३१ | १९२७ | २२६४ | ३१२३ | ३८६४ | ५०१७ | ६४८० | ६९४३ | ८०२३ | ९०५६ | ८५१४ | ८०५३ | ७८१९ | ६६५० | ८१६८९ |
| जम्मा | ५४ | ९६ | २०१ | ४४७ | १२०८ | २७१६ | ३०५४ | ३९७१ | ४७३९ | ६६०४ | ७८५३ | १०३५५ | १२५२० | १३१६८ | १५०१७ | १७१९४ | १७७४७ | १६८१३ | १६६९३ | १३९९४ | १६४४४४ |

**तालिका नं.१.२**

| वडागत जनसंख्या २०७८ | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | जम्मा |
| पूरुष | ४४३६ | ३१७१ | १७०० | ६३२० | २९९६ | ३२२६ | १७५० | २३७६ | २७७६ | ४६८४ | २८४४ | ३५९० | ३५९७ | ३२९६ | ३३१३ | ३९९९ | ३१७१ | ६०३४ | ४१७१ | ७२८२ | ४११८ | २९९१ | ९१४ | ८२७५५ |
| महिला | ४५५४ | ३०७३ | १६१३ | ६४१८ | २८७६ | ३१४० | १६६५ | २२४१ | २७५८ | ४७७१ | २६७८ | ३६५४ | ३४०२ | ३०५६ | ३१७६ | ३६७३ | ३१०३ | ६०१३ | ४३६६ | ७४८५ | ४०९९ | २९४३ | ९३२ | ८१६८९ |
| जम्मा | ८९९० | ६२४४ | ३३१३ | १२७३८ | ५८७२ | ६३६६ | ३४१५ | ४६१७ | ५५३४ | ९४५५ | ५५२२ | ७२४४ | ६९९९ | ६३५२ | ६४८९ | ७६७२ | ६२७४ | १२०४७ | ८५३७ | १४७६७ | ८२१७ | ५९३४ | १८४६ | १६४४४४ |

ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषणः

यहाँको सबैभन्दा पूरानो बजारको रुपमा एकलैनी बजारलाई मानिन्छ भने प्रमूख बजारका रुपमा सदरलाइन, त्रिभुवन चोक, धम्बोजी चोक, घरवारी टोल तथा सुर्खेत रोडलाइ मानिन्छ । हावापानी र तापक्रमका हिसावले जाडो मौसममा ५.४ डिग्री सेल्सयस तथा गर्मी मौसममा अधिकतम ४६ देखि ४८ डिग्री सेलसियस सम्म हुने गर्दछ । राजधानी काठमाण्डौबाट करिव ६०० किलोमिटर दुरीमा रहेको यस नेपालगंज उप-महानगरपालिकाको भुभाग ८१°१७°२४ मिनेट पूर्ब देखि ८२°४८°०० पूर्बि देशान्तर र २७°३०°३६ उत्तरदेखि २८°१२°०० उत्तरी आक्षांश बिच रहेको छ । यहाँका महत्वपूर्ण पर्यटकिय धार्मिक स्थलहरुमा वागेश्वरी मन्दिर र सोही परिसर भित्र नेपालकै पहिलो जुङ्गे महादेवको मुर्ति समेत रहेको छ । वडा नम्बर १ र १८ जोडेर बनेको वाटरपार्क ९६.१ हेक्टर क्षेत्रफल, वडा नम्बर २ मा पर्ने वागेश्वरि तलाउ ९०.६५ हेक्टर, वडा नम्बर ८ स्थित रानी तलाउ ९०.६६ हेक्टर र महेन्द्र पार्क तथा मिनि जु ९१.२ हेकटर, वडा नम्बर ६ स्थित फुल्टेक्रा तलाउ ९६.९४ हेक्टर क्षेत्रफल, वडा नम्बर २ स्थित बागेश्वरि चिल्ड्रेन पार्क ९१.३ हेक्टर क्षेत्रफल, वडा नम्बर २२ स्थित कान्ति ताल, वडा नम्बर २३ स्थित कान्जिहाउस एवं ल्याणडफिल्ड साइट जस्ता महत्वपूर्ण क्षेत्रहरुको धरोहर रहेका छन।

घ) आर्थिक अवस्थाको विश्लेषणः (कृषि, उद्योग, पर्यटन आदि)

यस नगरपालिकामा जनगणना, २०७८ अनुसार, ५१.४% जनसंख्या आर्थिक रुपले सक्रिय रहेको छ भने ४८.६% जनसंख्या आर्थिक हिसाबले निष्कृय रहेको छ ।

नेपालगन्ज उप महानगरपालिकाको कुल ८५.९४ वर्ग कि.मी क्षेत्रफल मध्ये ४०४४ **हेक्टर कृषिमा प्रयोग भएकोमा ४०२३ हेक्टर** कृषिकार्यको लागि प्रयोग भैरहेको छ । जसमा ३४.२३ हेक्टर सिचित क्षेत्रफल रहेको छ ।

आर्थिक अवस्था कमजोर रहेका परिवारलाई शिक्षामा पहुँच पुर्याउन उप-महानगरपालिकाले विद्यालय शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाई यस समुदायको विद्यालय उमेर समूहका बालबालिकाहरु र अभिभावकलाई शिक्षामा पहुँच पुऱ्याउन आवश्यक क्रियाकलाप यस शिक्षा योजनामा प्राथमिकिकरण गरिएको छ ।

ङ) शैक्षिक अवस्थाको विश्लेषणः

नगरपालिकाको शैक्षिक अवस्था हेर्दा । यहाँको कुल जनसंख्या, राष्ट्रिय जनगणना, २०७८को तथ्याङ्क अनुसार, ७६.२% जनसंख्या साक्षर रहेको छ । कुल साक्षर जनसंख्या मध्ये ८१.०% पुरुष र ७१.५% महिला रहेको छ भने अझै २३.८% जनसंख्या निरक्षर कोही पढन तथा कोही लेख्न नसक्ने अवस्थामा रहेको छ ।

यस उपमहानगरपालिका भित्र शैक्षिक सत्र २०८१ को तथ्यांकअनुसार तपसिलका शिक्षण संस्थाहरुले शैक्षिक क्रियाकलाप सञ्चालन गरेका छन् ।

तालिका नं.१.३

| बिद्यालयहरुको बिवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रकार | कक्षा १-५ | कक्षा १-८ | कक्षा १-१० | कक्षा १-१२ | प्राबिधिक | जम्मा |
| सामुदायिक | १६ | ११ | ९ | ७ | २ | |
| सस्थागत | १६ | १० | ३५ | १७ | ० | |
| धार्मिक | ३६ | १ | २ | ० | ० | |
| जम्मा | ७१ | २२ | ४५ | २४ | २ | |

शिक्षक विवरण श्रेणीगत

तालिका नं.१.४

| प्रा बि | | | | नि मा वि | | | | मा वि | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतीय | जम्मा | प्रथम | द्धितीय | तृतीय | जम्मा | प्रथम | द्धितीय | तृतीय | जम्मा |
| ५ | १०० | ७१ | १८३ | ४ | १२ | ४५ | ६१ | ० | १० | ३६ | ४६ |

शिक्षक विवरण तहगत

तालिका नं.१.५

| प्रा वि | | | नि मा वि | | | मा वि | | | साविक उ मा वि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा |
| १५८ | ८० | २६५ | ६१ | १४ | ७५ | ४६ | ११ | ५७ | १० | ८ | १८ |

तालिका नं.१.६

| आ वि १ देखि ५ | | | आ बि ६ देखि ८ | | | मा वि ९ देखि १० | | | मा वि ११ देखि १२ | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ११७३० | ८९५९ | २०६८९ | ११ १४ | ९४८ | २०६२ | १६०८ | १४५८ | ३०६६ | १३१९ | १२२१ | २५४० | १५७७१ | १२५८६ | २८३५७ |

शिक्षक /विद्यार्थी अनुपात २०८१

तालिका नं.१.७

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | प्रा वि | ५५ | |
| २ | नि मा वि | ६७ | |
| ३ | मा वि | ४७ | |
| ४ | उ मा वि | ७६ | |

लैङ्गिक समता  अनुपात

छात्र छात्रा अनुपात प्रतिशत

तालिका नं.१.८

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास | ०.७४ | |
| २ | १-५ | ०.८६ | |
| ३ | ६-८ | ०.८१ | |
| ४ | ९-१० | ०.८६ | |
| ५ | ११-१२ | ०.८१ | |
| | समग्र | ०.८३ | |

महिला शिक्षक अनुपात प्रतिशत

तालिका नं.१.९

| क्र.स. | तह | समग्र | कैफियत |
|---|---|---|---|
| १ | बाल विकास | ०.०२४ | |
| २ | १-८ | ०.६२ | |
| ३ | ९-१२ | २.७ | |
| | समग्र | ०.५३ | जम्मा महिला शिक्षिका ३३९ जना १७८ पुरुष |

नेपालगंज उपमहानगरपालिकाको कक्षागत र बिषयगत सिकाइ उपलब्धी २०८०

तालिका नं.१.१०

| क्र स | बिषय | **कक्षा १** | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ६३.२६ | ६१.४७ | ६६.६६ | २६.२९ | ६२.६ | ५८.६९ | ५९.६२ | ५७ | ५०.५८ |
| २ | अंग्रेजी | ६३.३५ | ६१.५० | ६३.३५ | २५.०७ | ६०.५७ | ५८.६१ | ८१.३८ | ५७.३९ | ५०.५८ |
| ३ | गणित | ७६.७ | ६३.१ | ६४.४ | ५१.४ | ६१.० | ७०.३ | ५४.६ | ५४.९ | ४९.७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | | | | ४ | ८ | ५ | १ | ६ |
| ४ | मेरो सेरोफेरो /विज्ञान | ६४.३० | ६२.५ | ६७.३८ | ५३ | ६०.७१ | ५८.३० | ५७.६९ | ५७.२१ | ५२.९४ |
| ५ | सामाजिक | | | | ५२.९८ | ६१.६२ | ५६.९२ | ५९.३८ | ५८.१३ | ५३ |

**शिक्षा , युवा तथा खेलकुद महाशाखाबाट सम्पादन भइरहेका कार्यहरु**

१)विद्यालय अनुमती , सन्चालन , रेखदेख र व्यवस्थापन ,

२)शैक्षिक तथ्याँक संकलन , टेवुलेसन तथा प्रकाशन ,

३)शिक्षा सम्वन्धी कामको चौमासिक प्रगति प्रतिवेदन केन्द्रमा पठाउने ,

४)विद्यालय अनुगमन तथा सुपरिवेक्षण ,

५)सामुदायिक विद्यालयका शिक्षकहरुको तलव भत्ता निकासा ,

६)सामुदायिक विद्यालयहरुमा ससर्त अनुदानका रकमहरु निकासा,

७)सामुदायिक विद्यालयहरुमा निःशुल्क पाठयपुस्तक तथा छात्रवृत्ति वापतको रकम निकासा नियमानुसार विद्यार्थीहरुले पाउनु पर्ने पा.पु र छात्रवृत्ति पाए नपाएको अनुगमन ,

८)विद्यालय सुधार योजना , सामजिक लेखा परिक्षण सम्वन्धमा सहजिकरण ,

९)सामुदायिक विद्यालयहरुको वार्षिक लेखा परिक्षण गर्ने गराउने ,

१०)स्थानीय पाठयक्रम निर्माण , कक्षाकोठामा गरिने शिक्षकहरुको कार्यमूलक अनुसन्धान , मातृभाषामा शिक्षा ,विशेष प्रकृतिका विद्यालयहरुको सन्चालन , द्धभाषिक शिक्षा , वहुकक्षा , वहुवर्ग शिक्षण , जस्ता विषयमा प्रवोधिकरण ,

११)विद्यालयहरुको विद्यालय सुधार योजना निर्माणका लागि विद्यालयहरुको माग र आवश्यकताका आधारमा विशेषज्ञहरुको रोष्टर तयार गरी प्रविधिक सहयोग गर्ने ,

१२)विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक तालिम , शिक्षक द्धारा गरिने कार्य अनुसन्धान र अन्य प्रवद्धनात्मक काम , निरन्तर शिक्षा , अनौपचारिक शिक्षाका लागि आवश्यक तालिमका काममा सहयोग गर्ने ,

१३)विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि विद्यालय सुपरिवेक्षण गर्ने ,

१४)विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप सन्चालन तथा व्यवस्थापन गर्ने ,

१५)विद्यालयहरुकको भौतिक सुधारका लागि विद्यालय भवन , शौचालय , खेलमैदान , वेञ्च डेस्क आदिको लागि कार्यक्रमको लागि सिफारिस गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ,

१६)विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि मासिक रुपमा प्रधानाध्यापकहरुको वैठक सन्चालन र व्यवस्थापन

१७)शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान तथा प्रधानाध्यापकको व्यवस्थापन
१८)प्रचलित कानुन , निर्धारित मापदण्ड , मानक , कार्य निर्देशिका , शिक्षामा समता सुचक , योजनाका उद्धेश्य एवं सुचकका आधारमा जिल्ला भित्रका विद्यालयहरुको समग्र शैक्षिक पद्धति , भौतिक साधनको प्रयाप्तता ,मानवीय स्रोतको व्यवस्थापन , संस्थागत क्षमता तथा कार्य प्रगतिहरुको लेखाजोखा गर्ने र विद्यालयहरुलाई पृष्ठपोषण दिने ।
१९) नगरपालिका भित्र सन्चालित सामुदायिक सिकाइ केन्द्र तथा अनौपचारिक शिक्षामा कार्यक्रमहरु सन्चालन गर्ने ,
२०)नगरपालिका भित्र विभिन्न खलकुदका कार्यक्रमहरु सन्चालन गर्ने ,
२१)आधारभूत तह कक्षा ८ को परीक्षा सन्चालन , व्यवस्थापन र कक्षा ८ उत्तीर्ण विद्यार्थीहरुको प्रमाण पत्र प्रमाणिकरण गर्ने ,
२२)विद्यालयहरुको शैक्षिक सुचना व्यवस्थापन प्रणाली (क्ष्भ्ःक्ष्क् ) सम्वन्धी विद्यालयका (क्ष्भ्ःक्ष्क्) फोकल शिक्षकहरुलाई तालिम तथा सहजिकरण गर्ने ,
२३)विद्यालयको लेखा पारदर्शी , स्पष्ट , चुष्त , दुरुष्त राख्नका लागि विद्यालयका प्रधानाध्यापक तथा लेखा सहायकहरुलाई सहजिकरण ,
२४)राष्ट्रिय पाठयक्रम प्रारुप र पाठयपुस्तकको प्रवोधिकरण , कार्यक्रमको प्रवाहिकरण र सम्प्रेषण गर्नु
२५)सामुदायिक विद्यालयहरुका स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गर्नको लागि राष्ट्रिय किताबखाना (शिक्षक) समक्ष पेश गर्नु ,
२६)सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको कार्यसम्पादन मुल्याँकन गरी सम्वन्धित निकायमा सम्प्रेषण गर्ने ,
२७)विद्यालयका शैक्षिक गुणस्तर सुधारका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सहजिकरण गर्ने तथा अनुगमन ,निरीक्षण गर्ने ।
२८)विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठनका लागि विद्यालयहरुलाई सहजिकरण गर्ने ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

**क) सवल पक्षहरु**

विद्यालयमा लगभग सबै बालबालिकाहरुको पहुँच पुगेको, पठनपाठनको गुणस्तरमा सुधार भएको, भौतिक पूर्वाधारहरुमा सवल हुदै गएको, तालिम प्राप्त शिक्षकहरुको उपलब्धता रहेको, नियमित अभिभावक भेला तथा विद्यालय केन्द्रित सचेतना कार्यक्रमको विद्यार्थीमा श्रम गर्ने बानीको विकास गर्न सिक्दै कमाउदै कार्यक्रम संचालन भएको, शैक्षिक गुणस्तर सुधारको लागि नियमित लिडर विध्यालयका प्र.अ. हरुक बैठक तथा शैक्षिक अन्तरक्रिया हुने गरेको, प्राविधिक शिक्षाको विकासमा बृद्धि भएको, माध्यमिक विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच पुगेको, शैक्षिक क्यालेण्डरको निर्माण

कार्यान्वयन भएको, स्थानीय सरकारले शिक्षामा लगानी गरेको, अंग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरिएको, विद्यालयमा आधारभूत तहको खानेपानी तथा शौचालय सुविधा रहेको आदि पक्षहरुलाई नगरपालिकाको शिक्षा क्षेत्रको सवल पक्षको रुपमा लिईएको छ ।

**ख) मुख्य समस्याहरु**

विद्यालय उमेर समुहका सबै वालवालिकाहरुलाइ विद्यालयमा सिकाइयोग्य वालमैत्री वातावरणको अभाव, अभिभावकहरुको सचेतनामा कमी तथा सरोकारवाला निकायहरुको न्यून सक्रियताका कारण भर्ना गर्न नसकिनु । विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाइ नियमित उपस्थिति गराउन नसक्नु ।वीचैमा कक्षा छोड्ने दर बढी हुनुले गर्दा विद्यार्थीको सिकाइ उपलब्धी न्यून रहनु।विषयगत र कक्षागत रुपमा शिक्षकहरुको दरबन्दी कमी हुनु, तालिम तथा उत्प्रेणागत कार्यक्रमहरुको कमी हुनु, शिक्षकहरु बहु पेशामा आबद्ध भइ शिक्षण पेशामा रमाउन नसक्नु, विभिन्न दलका पहिचान बोकेका पेशागत समुहमा विभाजित हुनुले विद्यालयका शिक्षण सिकाइ क्रियाकलापहरुमा नकारात्मक असर पर्नु ।विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई समतामुलक पहुँच र सहभागिताको सुनिश्चित गर्न नसक्नु।विद्यालय तहको शिक्षामा गुणस्तरीयता र सान्दर्भिकताको सुनिश्चितता गर्न नसक्नु ।सबै विद्यालयहरुमा बालमैत्री तथा अपांगमैत्री भौतिक पूर्वाधार निर्माण हुन नसक्नु ।स्थानीय पाठ्यपुस्तक निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न नसक्नु । सबै विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको पहुँच सुनिश्चित गर्दै प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।अनौपचारिक तथा आजीवन सिकाईका अवसरहरुलाई विस्तार गर्न नसक्नु । स्थानीय तहका सबै कर्मचारीहरुको संस्थागत क्षमता विकास नहुनु । बालबालिकाहरुलाई प्राविधिक शिक्षामा पहुँच बिस्तार गर्न नसक्नु । आपतकालीन तथा संकटपूर्ण अवस्थामा बैकल्पिक योजनाहरुको कार्यान्वयन गरी बालबालिकाहरुको शिक्षा प्राप्त गर्न अधिकार सुनिश्चित गर्न नसकिनु । विद्यालय समायोजन तथा नक्शांकन गर्न नसक्नु । निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न नसक्नु ।आन्तरिक तथा वाह्य विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार गर्न नसक्नु । विद्यालयमा विपद् व्यवस्थापनको आवाश्यक प्रबन्ध गर्न नसक्नु । विद्यालय ब्यबस्थापन समित गठन तथा सो समितिलाइ विद्यालयको सिकाइ वातावरणका लागि सहयोगी बनाउन नसक्नु । धार्मिक विद्यालयहरुमा आवश्यक भौतिक पूर्बाधारको कमी, कक्षागत तथा विषयगत शिक्षकको अभाव, तोकिएको पाठ्यक्रम अनुसार शिक्षण सिकाइ क्रियाकलाप ब्यवस्थापनको कमी साथै विद्यालय, अभिभावक र सरोकारवालाहरु वीचको सहयोगी सम्बन्ध कायम गर्न नसक्नु । सबै संस्थागत विद्यालयहरुलाइ शैक्षिक सूचना ब्यवस्थापन प्रणाली (IEMIS) मा आवद्द गर्न नसक्नु, नियमानुसार हुनेगरी शिक्षक ब्यवस्थापन, शुल्क ब्यवस्थापन, परीक्षा प्रणाली ब्यवस्थापन गरी संस्थागत विद्यालयको शिक्षालाई सहज, सरल र गुणस्तरीय बनाउन नसक्नु ।

**ग) अवसरहरु**

संवैधानिक तथा कानूनी आधारहरु प्राप्त हुनु । स्थानीय सरकार संचालन ऐनमा शिक्षा क्षेत्रका अधिकारहरु प्राप्त हुनु । तिनै तहका सरकारहरु बिच शिक्षा क्षेत्रमा समन्वय सहकार्य र जिम्मेवारी पुरा गर्न सकिने अवसर हुनु । शिक्षामा सूचना तथा संचार प्रविधिको प्रयोगको विस्तार हुनु । स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्न सक्ने वातावरण हुनु । शिक्षा क्षेत्रमा ३ तहका सरकार र निजी क्षेत्रको समेत लगानी गर्न सक्ने वातावरण हुनु आदि क्षेत्रहरुलाई शिक्षा क्षेत्रको अवसरको रुपमा लिईएको छ ।

## परिच्छेद २ : दुरदृष्टि, ध्येय, उद्देश्य र रणनीति

२.१ परिचय

२.२ दुरदृष्टि

" शिक्षित सभ्य स्वस्थ र सक्षम जनशक्ती, सामाजिक न्याय रुपान्तरण र सम्बृदि" **(शिक्षा निति** २०७७)

**"गणस्तरीय शिक्षाका लागि अभावमुक्त वातावरणको सिर्जना, पश्चिम नेपालकै शैक्षिक हवको रुपमा नेपालगंज नगरीको स्थापना"**

"पहुँच योगय ,सर्वसुलभ,सस्कारयुक्त गुणस्तरीय शिक्षा, समुन्नत र समृद्ध उप-महानगरपालिका हाम्रो इच्छा,"

**"नेपालगंज उप-महानगरपालिकाको शैक्षिक प्रतिबद्ता, गणस्तरिय शिक्षाका लागि अभावमुक्त वातावरणको आत्मानिर्भरता"**

२.३ लक्ष्य

आगामी दश वर्षभित्र उप-महानगरवासीलाई शिक्षामा पहुँचको अवसर प्रदान गरी समानता समावेशीताका र पहुँचयुक्तताको आधारमा गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

पछाडी परेका समुदायको शिक्षामा पहुँच र शिक्षामा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने ।

शिक्षालाइ प्रतिस्पर्धी प्रविधिमैत्री रोजगारमूलक गुणस्तरिय र उत्पादनमूखि बनाइ नगरको आवश्यकता अनुरुपको मानव संसाधन विकास गर्ने ।

२.४ उद्देश्य

१) शिक्षामा सबैको समतामूलक पहुँच पुर्‍याउने ।

२) प्रारम्भिक वालविकास शिक्षाको व्यवस्थापन र गुणस्तरमा सुधार गर्ने,

३) आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा गुणस्तरीय बनाउने

४) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै बालमैत्री,सिकाइमैत्री, प्राविधिक, समावेशी,सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने ।

५) व्यवसायिक, प्राविधिक तथा प्रविधिमुलक शिक्षामा जोड दिइ सीपमूलक जनशक्ती उत्पादन गर्ने ।

६) शिक्षाको माध्यमबाट स्थानीय परिवेश, कला, धर्म, संस्कृतीको जगेर्ना गरी पालिकाको पहिचान कायम गर्ने ।

७) गुणस्तरीय शिक्षाका लागि विद्यालयमा शैक्षिक सुशासन प्रबर्द्धन गर्ने ।

८) क्षमता विकासका अवसरहरु सिर्जना गरी पेशागत मर्यादा र वृत्ति विकास गर्ने ।

९) सुरक्षित बालमैत्री,लैङ्गिक मैत्री,अपाङ्गमैत्री र हरित विद्यालय निर्माण गर्ने ।

१०) औपचारिक शिक्षाका अवसरबाट वञ्चित समूहलाई अनौपचारिक शिक्षा,विषेश शिक्षा र अभिभावक शिक्षाको ब्यवस्था गर्ने ।

११) धार्मिक विद्यालयको शिक्षालाई गुणस्तरीय र सान्दर्भिक बनाउने ।

१२) विद्यार्थीहरुको कक्षा छोड्ने दर र कक्षा दोहोर्याउने दरलाई न्यूनीकरण गर्दै सिकाई उपलब्धि वृद्धि गर्ने ।

१३) निजी लगानीमा संचालित विद्यालयहरुलाई सर्वसुलभ, पहुँच योग्य, गुणस्तरीय र सेवामूलक बनाउन आवाश्यक नियमन तथा सहजीकरण गर्ने ।

१४) नेपालगन्ज उप-महानगरपालिका भित्र संचालित उच्च शिक्षाको सस्थागत अभिलेख ब्यवस्थित गर्ने

## २.५ रणनीति

| उद्देश्य नं. | रणनीतिहरु |
|---|---|
| १ | १.१ अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने । |
| | १.२विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभाकारी रुपमा सञ्चालन गरी आ– आफ्नो सेवा क्षेत्रका विद्यार्थी भर्ना सुनिश्चित भएको घोषणा गरी वडास्तरको समितिबाट प्रमाणित गराई नगरपालिकामा पेश गर्ने |
| | १.३ विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्न अनौपचारिक र बैकल्पिक शिक्षा पद्धतीको समेत अवलम्वन गर्ने |
| | १.४ अपाङ्गता भएका बालबालिकाको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्ने |
| २ | १.१ सबै वालविकास उमेर समुहका वालवालिकाहरुलाइ शिक्षाको पहुँचमा ल्याउने |
| | २.२ वालविकास केन्द्रहरुमा वालमैत्री स्रोत साधनयुक्त् र सिकाइमैत्री वातावरण बनाउने |

| | |
|---|---|
| | २.३ वालविकास शिक्षकहरुलाइ तोकिएको योग्यता र क्षमता विकासका लागि तालिम दिने |
| ३ | ३.१ आधारभूत तहका उमेर समुहका वालवालिकाहरुलाइ विद्यालयमा अनिबार्य भर्ना गर्ने ब्यवस्था मिलाउने |
| | ३.२ प्रारम्भिक कक्षा (कक्षा १-३) को पठन तथा गणितिय सीप क्षमता विकासका लागि आवश्यक कार्यक्रम संचालन गर्ने |
| | ३.३ विद्यालयमा विद्यार्थीहरुको सिकाइ पहिचान गरि आवश्यकताका आधारमा उपचारात्मक शिक्षण पद्धतिको ब्यवस्था मिलाउने |
| | ३.४ विद्यालयको भौतिक पूर्वाधारको अबस्था वालमैत्री, प्रविधिमैत्री, सिकाइमैत्री तथा समावेशीयुक्त बनाउने |
| | ३.५ विद्यालयमा भएको उपलब्ध साधन स्रोतहरुलाइ प्रभावकारी रुपमा परिचालन गरि गुणस्तरिय तथा सान्दर्भिक शिक्षा उपलब्ध गराउने । |
| | ३.६ विद्यालयमा कक्षागत तथा विषयगत शिक्षकको ब्यवस्था गरि पेशागत क्षमता बढोत्तरीका कार्यक्रम मार्फत शिक्षण पेशामा रमाउने वातावरण तयार गर्ने |
| ४ | ४.१ माध्यमिक तहका उमेर समुहका वालवालिकाहरुलाइ विद्यालयमा अनिबार्य भर्ना गर्ने ब्यवस्था मिलाउने |
| | ४.२ विद्यालयको भौतिक पूर्वाधारको अबस्था वालमैत्री, प्रविधिमैत्री, सिकाइमैत्री, समावेशी तथा समतामूलक बनाउने |
| | ४.३ उपलब्ध स्रोतसाधनलाइ परिचालन गर्दै अनुसन्धानमूलक शिक्षण पद्धती, प्राविधिक शिक्षा, वालमैत्री सिकाइ, खोजमूलक अध्ययन, परियोजना कार्य मार्फत विद्यार्थीहरुमा ज्ञान सीप निर्माण गर्ने । |
| | ४.४ विद्यालयमा कक्षागत तथा विषयगत शिक्षकको ब्यवस्था गरि पेशागत क्षमता बढोत्तरीका कार्यक्रम मार्फत शिक्षण पेशामा रमाउने वातावरण तयार गर्ने |
| ५ | ५.१ सामुदायिक विद्यालयमा संचालित प्रविधिकधार तथा CTEVT अन्तर्गत प्राविधिक शिक्षालयहरु मार्फत व्यबसायिक शिक्षाका माध्यमबाट सीप युक्त जनशक्ति तयार गर्न अवरसर प्रदान गर्ने |
| | ५.२ विद्यालयहरुमा शिक्षण सिकाइ प्रक्रिया संचालन गर्दा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिने |
| | ५.३ स्थानीय परम्परागत मौलिक सिप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समावेश गर्दै व्यवसायिक, प्राविधिक र प्रविधिमूलक शिक्षाको प्रर्वद्धन गर्ने |

| | |
|---|---|
| ६ | ६.१ स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमबाट नगरको पहिचान हुने गरि अन्य पालिका, प्रदेश, संघसंग शैक्षिक सम्बन्ध कायम गरि नगरको शिक्षा विकासमा जोड दिने । |
| ७ | ७.१ विद्यालय र नगरबाट सञ्चालन गरिने विभिन्न शैक्षिक गतिविधिहरुमा जनप्रतिनिधि, अभिभावक तथा शिक्षा सम्बन्धी सरोकारवालाहरुको सहभागीता गराई शैक्षिक सुशासन कायम गर्ने । |
| | ७.२ वार्षिक कार्यसमपादन मूल्याङ्कन र विद्यार्थीको नतिजामा उत्कृष्ट उपलब्धि हासिल गर्ने शिक्षकलाई प्रशंसा, पुरस्कार र सम्मानको व्यवस्था गर्ने । |
| | ७.३ विद्यालयको आर्थिक व्यवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षण, लेखा परिक्षण, शैक्षेणिक योजना, वि ब्य स, शि अ संघ गठन, विभिन्न वालक्लवहरु र विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनलाई विद्यालय अनुदानको लागि अनिवार्य शर्त बनाउने । |
| | ७.४ विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी, प्रधानाध्यापक तथा पदाधिकारीहरुको पेशागत आचारसंहिता तयार गरी लागु गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने साथै सुझाव पेटिका र सूचना अधिकारीको ब्यवस्था मिलाउने। |
| ८ | ८.१ शिक्षण पेशालाई समाजमा सम्मानित तथा मर्यादित बनाउन अवसर र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने |
| | ८.२ शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिमका कार्यक्रमहरु संचालन गर्ने |
| ९ | ९.१विद्यालयमा सबै प्रकारका वालबालिका अनुकुल हुने गरि भौतिक संरचना निर्माण गर्न संघीय सरकार प्रदेश सरकार तथा अन्य सरोकार वाला संग समन्वय तथा सहकार्य गर्ने<br>९.२ विद्यालयमा विपत व्यबस्थापनका लागि तालिम, प्रतिकार्य योजना र संयन्त्रको ब्यवस्थापन गर्ने |
| | ९.३ हरित विद्यालय निर्माणका लागि बृक्षारोपण तथा बगैचा ब्यवस्थापनमा जोड दिने |
| १० | १०.१ अनौपचारिका शिक्षा तथा बैकल्पिक सिकाई मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गरि जीवन पर्यन्त सिकाईलाई सुनिश्चित गर्ने |
| ११ | ११.१ धार्मिक विद्यालयमा विद्यार्थी पहुँच, सिकाइ शैली, शिक्षकको पेशागत विकासका लागि आवाश्यक निति तर्जुमा गरि कार्यान्वयन गर्ने |
| | ११.१ धार्मिक विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार तथा आवश्यक जनशक्तीको ब्यवस्था मिलाउने |

| | |
|---|---|
| १२ | १२.१कक्षा छाड्ने दर र दोहोर्याउने दर कम गर्ने उपायहरु अबलम्बन गर्दै सरोकारवाला संग छलफल गरि उपायाहरुको कार्ययोजना बनाइ कार्यान्वयन गर्ने<br>१२.२ विद्यार्थीको सिकाई उपलब्धि बृद्धि गर्नका लागि सिकाई सुधार योजना निर्माण र कार्यान्वयन गर्ने |
| १३ | १३.१ निजि विद्यालयहरुलाइ न्यूनतम मापदण्डका आधारमा बर्गीकरण गरि शुल्क निर्धारण, भौतिक सुविधाहरुको नियमन गर्ने । |
| | १३.१ निजि लगानीका विद्यालयहरुलाइ शैक्षिक ब्यवस्थापन सूचना प्रणाली तथा छात्रबृति वितरण प्रणाली ब्यवस्थित गर्ने |
| १४ | १४.१ उच्च शिक्षा संचालित क्याम्पसहरु संग समन्वय गरि अभिलेख तयारी गर्ने |

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य र उद्देश्य हासिल गर्नका लागि तय गरिएका रणनीतिहरुको व्यावहारिक कार्यान्वयन गर्नका लागि तय गरिएका कार्यनीति (कार्यक्रम तथा क्रियाकलाप) लाई देहाय बमोजिम उल्लेख गरिएको छः

| रणनीतिहरु | कार्यनिति |
|---|---|
| १.१ | १.विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यालय उमेर समूहका वालवालिकाको संख्या एकिन गर्ने<br>२.भर्ना अभियान संचालन गर्ने र सबै सरोकारवाललाई सहभागी गराई घरदैलो कार्यक्रम संचालन गर्ने<br>३.लक्षित वर्गका बालबालिकालाई छात्रवृत्ति,स्टेशनरी र आवश्यक सामाग्रीको व्यबस्थापन गर्ने<br>४.दिवा खाजाको व्यबस्थापन तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने |
| १.२ | १.विद्यार्थी भर्ना अभियानलाई समूदाय, अभिभावक, सरोकारवाला निकाय, शिक्षकहरुको सक्रिय सहभागितामा भर्ना अभियान संचालन प्रभावकारी बनाउने |
| १.३ | १.विद्यालय वाहिर रहेका वालवालिकाहरुलाइ लक्षित गरि अनौपचारिक र बैकल्पिक कक्षा मार्फत विद्यालयको पहुँचमा ल्याउने |
| १.४ | १.वालवालिकाहरुको आवाश्यकता अनुसार स्रोत सामाग्रीहरुको उपलब्ध गराउने |
| २.१ | २. वालविकास उमेर समूहका वालवालिकाहरुको शिक्षामा पहुँच पूर्याउनका लागि समूदाय, अभिभावक, सरोकारवाला निकाय, शिक्षकहरुको सक्रिय सहभागितामा भर्ना अभियान संचालन प्रभावकारी बनाउने |
| २.२ | १. वालविकास केन्द्रहरुको मर्मतसंचार गरि वालविकास केन्द्रले तोकिएको न्यूनतम |

| | |
|---|---|
| | मापदण्ड पूरा गर्ने |
| २.३ | १. वालविकास शिक्षकहरुको योग्यता पहिचान संगै क्षमता विकासका लागि तालिम संचालन गर्ने |
| ३.१ | १. आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यालय उमेर समूहका वालवालिकाको संख्या एकिन गर्ने |
| ३.२ | सन्दर्भ सामाग्री छपाइ र वितरण गर्ने र पठन तथा गणितिय सीप क्षमता विकासका लागि तालिम दिने |
| ३.३ | १. ReAL Plan कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने |
| ३.४ | १. विद्यालयको भौतिक पूर्वाधारको निर्माण तथा मर्मत संभार गरि सिकाइ अनुकूल वातावरण सिर्जना गर्ने |
| ३.५ | १. स्थानिय स्रोत सामाग्रीको प्रयोग गर्ने, खेल सामाग्रीको प्रयोग गर्ने, कक्षा कोठामा छापामय बनाइ विद्यार्थीहरुलाइ खेल्दै, सिक्दै रमाउने वातावरण संगै पँढु पँढु बसु बसु लाग्ने वातावरण बनाउने, ICT को प्रयोग गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गर्ने |
| ३.६ | १. आवाश्यक बमोजिम दरबन्दी मिलान गर्ने, शिक्षक अनुदानका लागि ब्यवस्था गर्ने, रोष्टर प्रशिक्षक तयारी गरी तालिम दिने, विषयगत शिक्षक समूह निर्माण र परिचालन गर्ने, सिकाइ उपलब्धीका आधारमा प्रोत्साहनका कार्यक्रम गर्ने |
| ४.१ | १. माध्यमिक तहमा विद्यालय बाहिर रहेका बालबालिको पहिचान गर्न घरधुरी सर्वेक्षण गरी विद्यालय उमेर समूहका वालवालिकाको संख्या एकिन गर्ने |
| ४.२ | १. विद्यालयको भौतिक पूर्वाधारको निर्माण तथा मर्मत संभार गरि सिकाइ अनुकूल वातावरण सिर्जना गर्ने |
| ४.३ | १. विज्ञान प्रयोगशालाको प्रयोग गर्ने, खेल सामाग्रीको प्रयोग गर्ने, ICT को प्रयोग गर्ने, शैक्षिक सामाग्रीको प्रयोग गर्ने |
| ४.४ | १. आवाश्यक बमोजिम दरबन्दी मिलान गर्ने, शिक्षक अनुदानका लागि ब्यवस्था गर्ने, रोष्टर प्रशिक्षक तयारी गरी तालिम दिने, विषयगत शिक्षक समूह निर्माण र परिचालन गर्ने, सिकाइ उपलब्धीका आधारमा प्रोत्साहनका कार्यक्रम गर्ने |
| ५.१ | १. विद्यालयमा सीप सिकाइका लागि आवाश्यक सामाग्रीको ब्यवसथा गर्ने, प्रयोगात्मक शिक्षणविधि, परियोजना कार्य मार्फत गरेर सिक्ने, खोजेर सिक्ने साथै सीप सिकेका जनशक्तीलाइ रोजगार तथा स्वरोजगारको वातावरण तयार गर्ने, |
| ५.२ | १. विद्यालयहरुमा ICT का सामाग्री ब्यवस्था गर्ने, ICT सम्बन्धि शिक्षकहरुलाइ तालिम दिने तथा शिक्षणमा ICT को प्रयोग गर्ने । |

| | |
|---|---|
| ५.३ | १. स्थानिय पाठ्क्रम र पाठ्यपुस्तक कार्यन्वयन गर्दा स्थानिय स्तरमा प्रयोग भइरहेका पारम्पारिक सीप र प्रविधिहरु सिकाउने । |
| ६.१ | १. स्थानिय कला, सीप, प्रविधि सहितको स्थानिय पाठ्यपुस्तक निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।<br>२. राष्ट्रिय पाठ्यक्रम संग स्थानिय पाठ्क्रमका विषयबस्तुहरुको पहिचान गरि समतलिय र लम्विय समन्ध स्थापित गर्ने । |
| ७.१ | १. विद्यालयका शैक्षिक कार्यक्रमहरु संचालन गर्दा अभिभावकको सहभागिता सुनिश्चत गर्न, प्रोत्साहन, सूचना प्रवाह, सचेतीकरण, अभिमूखिकरण जस्ता कार्यक्रमहरु संचालन गर्ने ।<br>२. नगरका शैक्षिक कार्यक्रमहरु संचालन गर्दा जनप्रतिनिधिहरुको सहभागिता सुनिश्चित गर्न अभिमूखिकरण तथा जवाफदेहीताका कार्यक्रम संचालन गर्ने । |
| ७.२ | १. उत्कृष्ट सिकाइ उपलब्धिको लागि उप-महानगरपालिकाले प्र अ संग र प्र अ ले शिक्षकसंग कार्य सम्पादन सम्झौता गर्ने सोही आधारमा शिक्षकको कार्य सम्पादन मूल्यांकन गर्ने र उत्कृष्ट शिक्षकलाइ विशेष समारोहका कार्यक्रमहरुमा सम्मान गर्ने । |
| ७.३ | १. विद्यालयको आर्थिक व्यवस्थापनलाई पारदर्शी बनाउन प्र अ लाइ जवाफदेही बनाउने ।<br>२. आर्थिक बर्ष समाप्त भएको दुइ महिना भित्र सामाजिक परिक्षण गरि प्र अ ले शिक्षा युवा तथा खेलकुद महाशाखामा पेश गर्ने ।<br>३. विद्यालयमा विद्यालय सुधार योजना, शैक्षणिक योजनाहरु शैक्षिक शत्र सुरु भएको एक महिना भित्र सम्पन्न गरि शिक्षा युवा तथा खेलकुद महाशाखामा पेश गर्ने । |
| ७.४ | १. सबै विद्यालयहरुले प्र अ, शिक्षक, बि ब्य स, विद्यार्थी आचारसंहिता तयार गरि सबैले देख्ने ठाँउमा टास गर्ने ।<br>२. सबै विद्यालयहरुले सुझाव पेटिका र सूचना अधिकारीहरुको नाम नामेसी र फोन नम्बर सहित सबैले टास गरि कार्यान्वयन गर्ने । |
| ८.१ | १. शिक्षण पेशालाई मर्यादित बनाउन **"गुरुको सम्मान शिक्षणमा प्रोत्साहन"** भन्ने आदर्श वाक्यका साथ प्र अ, शिक्षक, बि ब्य स, विद्यार्थी, अभिभावक तथा जनप्रतिनिधिहरु संग कार्यक्रम संचालन गर्ने |
| ८.२ | १. शिक्षक तथा कर्मचारीहरुका लागि तालिमको योजना तर्जुमा गर्ने ।<br>२. तालिम संचालनको लागि योजना कार्यान्वयनको आवाश्यक प्रबन्ध गर्ने र तालिमको |

| | |
|---|---|
| | प्रभावकारीताको मूल्यांकन गरी अभिलेखीकरण राख्ने । |
| ९.१<br>९.२ | १. सबै विद्यालयको मौजुदा भौतिक संरचनाको अभिलेख राख्ने<br>१. विद्यालयलाई आवाश्यता र प्राथमिकताको आधारमा अव निर्माण हुने भौतिक संरचनाको लागि योजना तर्जुमा गर्ने र संघीय सरकार प्रदेश सरकार तथा अन्य सरोकार वाला संग समन्वय तथा सहकार्य गर्ने |
| ९.३ | १. सबै विद्यालयमा विपत पूर्ब तयारी प्रतिकार्य समिति गठन गर्ने र सम्पर्क ब्यक्ती तोक्ने<br>सबै विद्यालयको विपत लेखाजोखा गर्ने<br>२. विपत घटना अभ्यास गराउने, विपद ब्यबस्थापन तालिम संचालन गर्ने, विपद ब्यवस्थापनका लागि आवाश्यक साधन स्रोतको ब्यवस्था मिलाउने<br>३. विद्यालयको हाताभित्र बृक्षारोपण गर्ने साथै विद्यार्थीलाइ बृक्षारोपण गर्न प्रोत्साहन गर्ने |
| १०.१ | १. घरधुरी सर्बेक्षण गर्ने, योजना तथा कार्यक्रम तर्जुमा गर्ने<br>२. अनौपचारिक शिक्षाका कार्यक्रमहरु संचालन गरि ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रमसंग आवद्ध गराइ स्वरोजगारमूलक बनाउने |
| ११.१ | १. मदरशा तथा गुरुकुलको शिक्षा निति तयार गर्ने<br>२. मदरशा तथा गुरुकुलको शिक्षकको दक्षता विकास तथा विद्यार्थीको नियमितता र सिकाइका लागि आवाश्यक प्रबन्ध मिलाउने । |
| ११.१ | १. मदरशा तथा गुरुकुलको भौतिक पूर्बाधार विकास र आवाश्यकताको आधारमा जनशक्ती ब्यवस्थापन मिलाउने । |
| १२.१ | १. अभिभावक शिक्षा, दिवा खाजा ब्यवस्थापन, स्यानेटरी प्याड वितरण, समयमै पाठ्यपुस्तक वितरण, पढाइ प्रति बिद्यार्थी सचेतीकरण मार्फत कक्षा छाड्ने दर र दोहोर्याउने दर कम गर्ने ।<br>२. विद्यार्थी उपस्थितिका लागि सरोकारवालाहरुसंग नियमित छलफल गर्ने ।<br>३. सम्पुर्ण विद्यालयहरुले शैक्षिक शत्रको सुरुमा शैक्षिक योजना निर्माण गरि कार्यान्वयन गर्ने ।<br>३. सम्पुर्ण शिक्षकहरुले शैक्षेणिक योजना निर्माण, सिकाइ सुधार योजना निर्माण गर्न लगाइ प्र अ मार्फत प्रमाणिकरण गरि कार्यान्वयन गर्ने ।<br>४. उप-महानगरपालिका बाट माथि उल्लेखित कार्यहरु प्रभावकारी भए नभएको नियमित अनुगमन गर्ने । |
| १३.१ | १. निजि लगानीमा संचालित विद्यालयहरुको निवेदनका आधारमा शैक्षिक शत्रको सुरुवातमै बर्गीकरण गर्ने । |

| | |
|---|---|
| | २. उप-महानगरपालिले शैक्षिक शत्रको सुरुवातमै बर्गीकरणका आधारमा निजि लगानीमा सचालित विद्यालयहरुको शुल्क निर्धारण गरि कार्यान्वयन गर्न लगाउने |
| १३.१ | १. निजि लगानीका विद्यालयहरुलाइ तोकिएको समय भित्र शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) अध्यावधिक गर्न लगाउने साथै तोकिएको समयमा अध्यावधिक नगर्ने विद्यालयहरुलाइ थप समयमा जरिवाना सहित शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (IEMIS) अध्यावधिक गराउने । <br> २. निजि लगानीमा संचालित विद्यालयहरुलाइ वडा कार्यालय तथा उप-महानगरपालिकाको सिफारिसका आधारमा नियमाअनुसार समयमै छात्रबृति वितरण गरि सोको प्रतिवेदन उप-महानगरपालिकामा पेश गर्न लगाउने । |
| १४.१ | १. यस उप-महानगरपालिकामा संचालित भएका उच्च शिक्षा संचालित क्याम्पसहरुको नाम नामेसी सहितको अभिलेख तयारी गर्ने। |

## २.७ अपेक्षित उपलब्धि

- आगामी ५ वर्षमाः

- आधारभूत तहमा खुद भर्नादर ९४.४% बाट १००% पुगेको हुनेछ ।
- सिकाइ उपलब्धि आधारभूत तह १-३ को ६६ बाट ७६, आधारभूत तह ४-५ को ५२ बाट ६२, आधारभूत तह ६-८ को ६० बाट ७० र मा वि तह कक्षा ९-१० को ५१ बाट ६१ पूर्याइनेछ ।
- आधारभूत तह कक्षा १-५ को कक्षा छोड्ने दर ११.६ र कक्षा दोहोर्याउने दर ३.९ प्रतिशतलाइ क्रमश १०, ८, ७ र ५ मा झार्दै कक्षा दोहोर्याउने दरलाइ पनि २,१ मा झार्दै पाँच बर्षमा ० मा ल्याइनेछ ।
- आधारभूत तह कक्षा ६-८ को कक्षा छोड्ने दर ३.९ र कक्षा दोहोर्याउने दर २.९ प्रतिशतलाइ क्रमश ३,२ र १ मा झार्दै पाँच बर्षमा ० मा ल्याइनेछ ।
- विद्यालयको भौतिक संरचना बालमैत्री, अपांगमैत्री र भुकम्प प्रतिरोधि भएका हुनेछन साथै सबै विद्यालयहरु विपत ब्यवस्थापनका लागि सक्षम हुनेछन।
- दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन भएको हुनेछ ।
- विद्यालय र समुदायको सम्बन्धमा थप सुधार भएको हुनेछ ।
- कक्षा कोठाको सिकाइ वातावरणमा सुधार भएको हुनेछ ।
- सबै उमेर समूहका साक्षर व्यक्तिहरुलाई निरन्तर शिक्षाको अवसर प्राप्त भएको हुनेछ।
- औपचारिक शिक्षाको अवसरबाट बञ्चित समूहलाई अनौपचारिक शिक्षा र विशेष शिक्षाको अवसर प्रदान गरिएको हुनेछ।

- विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाहरुको पहिचान गरी शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ।
- पूर्व प्राथमिक तथा आधारभूत तहको शिक्षालाई प्रविधि तथा वैकल्पिक सिकाइ पद्धतिसँग जोडेर शिक्षण सिकाइ गर्न गराउन सक्ने पूर्वाधार तथा जनशक्तिको विकास भएको हुनेछ।
- आधारभूत तहको शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक तहको शिक्षा निशुल्क रहेको सुनिश्चित भएको हुनेछ।
- धार्मिक विद्यालयहरुलाई राष्ट्रिय मूलधारमा आवद्ध गर्दै शिक्षण सिकाइलाई प्रभावकारी बनाउन क्षमता विकासको अवसर प्रदान गरिएको हुनेछ।
- निजी लगानीमा स्थापना भएका सबै विद्यालयहरु शैक्षिक सूचना ब्यवस्थापन प्रणालीमा आवद्ध भइ नियमानुसार ब्यवस्थित रुपमा संचालन भएका हुनेछन ।
- स्थानीय भाषा र अन्य शिक्षण सिकाइका माध्यम भाषा जोड्न सक्ने स्थानीय पाठ्यक्रम र जनशक्ति तयार गरिएको हुनेछ।
- सबै बालबालिकाहरुलाई अन्तर्निहित क्षमता विकास गर्न र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता विकास गर्न अवसर प्रदान गरिएको हुनेछ।
- माध्यमिक तथा उच्च शिक्षा अध्ययनमा आकर्षण वृद्धि गरी रोजगार उन्मुख साधारण तथा प्राविधिक शिक्षाको अवसर सिर्जना गरिएको हुनेछ।
- शैक्षिक क्षेत्रमा रहेका जनशक्तिको क्षमता विकास गरिएको हुनेछ।
- निरन्तर अनुगमन सुपरीवेक्षण तथा पृष्ठपोषणको माध्यमबाट शैक्षिक क्षेत्रको स्तर उकासी गुणस्तरीय शिक्षाको प्रवाहलाई मजबुत बनाइएको हुनेछ।
- हरित वातावरणप्रति प्रेरित तथा समतामूलक शैक्षिक वातावरण सिर्जना गरिएको हुनेछ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

**मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क.स. | सुचकहरु | सूचकको तह | आधार बर्ष २०८० | कैफियत |
|---|---|---|---|---|
| १. प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकासमा कूल भर्ना | स्थानीय तह | १५७.८० | |
| | | प्रदेश | १०६.८० | |
| | | राष्ट्रिय | ९९.९० | |
| १.२ | प्रारम्भिक बालविकासमा खुद भर्ना | स्थानीय तह | ८३.४० | |
| | | प्रदेश | ७२.६० | |
| | | राष्ट्रिय | ७०.६० | |
| १.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER) | स्थानीय तह | ०.७४ | |
| | | प्रदेश | | |

| | | | | |
|---|---|---|---|---|
| | | राष्ट्रिय | | |
| १.४ | विद्यार्थी शिक्षक अनुपात | स्थानीय तह | | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| १.५ | बाल विकासको अनुभव लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | स्थानीय तह | ५४.९० | |
| | | प्रदेश | ८४.३० | |
| | | राष्ट्रिय | ७६.९० | |
| २. आधारभूत तह (कक्षा १-५) | | | | |
| २.१ | कक्षा १ मा कूल नयाँ भर्ना | स्थानीय तह | १४४.१० | |
| | | प्रदेश | ११९.५० | |
| | | राष्ट्रिय | ११५.९० | |
| २.२ | कक्षा १ मा खुद नयाँ भर्ना | स्थानीय तह | ९४.५० | |
| | | प्रदेश | ९५.८० | |
| | | राष्ट्रिय | ९५.७० | |
| २.३ | कूल भर्ना दर (कक्षा १-५) | स्थानीय तह | १६१.०० | |
| | | प्रदेश | १२८.४० | |
| | | राष्ट्रिय | १२४.८० | |
| २.४ | खूद भर्ना दर (कक्षा १-५) | स्थानीय तह | ९५.०० | |
| | | प्रदेश | ९५.५० | |
| | | राष्ट्रिय | ९५.६० | |
| २.५ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER कक्षा १-५) | अनुपात | ०.८६ | |
| २.६ | विद्यार्थी शिक्षक अनुपात | प्रतिशत | ५५. | |
| २.७ | महिला शिक्षक प्रतिशत | प्रतिशत | | |
| २.८ | कक्षा ५ मा टिकाउ दर | स्थानीय तह | | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| २.९ | कक्षा ५ मा उत्तीर्ण दर | स्थानीय तह | ८८.२ | |
| | | प्रदेश | ८८.७ | |
| | | राष्ट्रिय | ८९.४ | |
| २.१ | कक्षा ५ मा कक्षा  दोहोर्‍याउने दर | स्थानीय तह | ४.८ | |
| | | प्रदेश | ५.६ | |
| | | राष्ट्रिय | ५.१ | |
| २.१ | कक्षा ५ मा कक्षा छोड्ने दर | स्थानीय तह | ३.५ | |
| | | प्रदेश | २.६ | |

| | | | | |
|---|---|---|---|---|
| | | राष्ट्रिय | २.५ | |
| ३. आधारभूत तह (कक्षा १-८) | | | | |
| ३.१ | कूल भर्ना दर (कक्षा १-८) | स्थानीय तह | १४३.५ | |
| | | प्रदेश | १२३.९ | |
| | | राष्ट्रिय | १२१.६ | |
| ३.२ | खूद भर्ना दर (कक्षा १-८) | स्थानीय तह | ९४.४ | |
| | | प्रदेश | ९५.१ | |
| | | राष्ट्रिय | ९५.२ | |
| ३.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | स्थानीय तह | ०.९ | |
| | | प्रदेश | ०.९१ | |
| | | राष्ट्रिय | ०.९३ | |
| ३.४ | विद्यार्थी शिक्षक अनुपात | स्थानीय तह | ६७. | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ३.५ | महिला शिक्षक प्रतिशत | स्थानीय तह | ०.६२ | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ३.६ | कक्षा १-८ मा उत्तीर्ण दर | स्थानीय तह | १-५=७३<br>६-८=८४.९ | |
| | | प्रदेश | ८६. | |
| | | राष्ट्रिय | ८५।०६ | |
| ३.७ | कक्षा १-८ मा कक्षा दोहोऱ्याउने दर | स्थानीय तह | १-५=११.६<br>६-८=३.३ | |
| | | प्रदेश | ७.९ | |
| | | राष्ट्रिय | ६.९५ | |
| ३.८ | कक्षा १-८ मा कक्षा छोड्ने दर | स्थानीय तह | १-५=३.९<br>६-८=२.९ | |
| | | प्रदेश | ३.१ | |
| | | राष्ट्रिय | ३. | |
| ४. माध्यमिक तह (कक्षा ९-१२) | | | | |
| ४.१ | कूल भर्ना दर | स्थानीय तह | ७७.३ | |
| | | प्रदेश | ५३.८ | |
| | | राष्ट्रिय | ५५.८ | |
| ४.२ | खूद भर्ना दर | स्थानीय तह | ४४.६ | |

| | | | | |
|---|---|---|---|---|
| | | प्रदेश | ५५.२ | |
| | | राष्ट्रिय | ५६.८ | |
| ४.३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | स्थानीय तह | ९-१०-०.८६<br>११-१२-०.८१ | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ४.४ | विद्यार्थी शिक्षक अनुपात | स्थानीय तह | ९-१०-४७<br>११-१२-७६ | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ४.५ | महिला शिक्षक प्रतिशत | स्थानीय तह | २.७ | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ४.६ | कक्षा १२ मा उत्तीर्ण दर | स्थानीय तह | १०० | |
| | | प्रदेश | ९७.६ | |
| | | राष्ट्रिय | ९७.१ | |
| ४.७ | कक्षा १२ मा कक्षा दोहोऱ्याउने दर | स्थानीय तह | ० | |
| | | प्रदेश | ०.७ | |
| | | राष्ट्रिय | ०.९ | |
| ४.८ | कक्षा १२ मा कक्षा छोड्ने दर | स्थानीय तह | ० | |
| | | प्रदेश | ०.१ | |
| | | राष्ट्रिय | ०.२ | |
| ८. शिक्षासंग सम्बन्धित अन्य सूचकहरु | | | | |
| ८.१ | विद्यालय बाहिर रहेका बालबालिका | स्थानीय तह | | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ८.२ | छात्रवृत्ती पाउने विद्यार्थी सङ्ख्या | स्थानीय तह | | |
| | | प्रदेश | | |
| | | राष्ट्रिय | | |
| ८.९ | साक्षरता दर | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ९. युवा तथा खेलकुद | | | | |
| ९.१ | युवाहरुको कुल बेरोजगारीता | प्रतिशत | | |
| ९.२ | शिक्षित युवा बेरोजगारी (एसइइ वा सो भन्दा माथिको शिक्षा आर्जन) | सङ्ख्या | | |
| ९.३ | आयमूलक व्यावसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | सङ्ख्या | | |
| ९.४ | आयमूलक व्यावसायिक सीप विकास तालिमबाट रोजगार सेवा स्वरोजगार युवा | सङ्ख्या | | |
| ९.५ | उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता | प्रतिशत | | |
| ९.६ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट लाभान्वित युवाहरु | सङ्ख्या | | |
| ९.७ | युवा स्वरोजगार कोष अन्तर्गत स्वरोजगार कार्जा कार्यक्रमबाट लाभान्वित युवाहरु | सङ्ख्या | | |
| ९.८ | स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | | |
| ९.९ | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | | |
| १०. | युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | सङ्ख्या | | |
| १०.१ | कवर्डहल तथा खेलकुद मैदान | सङ्ख्या | | |
| १०.२ | पालिका स्तरीय खेलकुद प्रतियोगिता | सङ्ख्या | | |

## परिच्छेद ३: विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ वर्तमान अवस्था

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएता पनि २०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम शुरु गरे पछि नेपालमा सरकारी तहबाट बालविकास र शिक्षाको शुरुआत भएको हो । नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनुका साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले प्रारम्भिक बालशिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक एवम्

सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयारी गराउने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकाले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता हो

**३.१.२ वर्तमान अवस्था**

नेपालगंज उप-महानगरपालिकामा हाल १२८ वटा प्रारम्भिक बालविकास केन्द्र रहेका छन । जसमध्ये ७६ वटा सामुदायिक विद्यालयमा आधारित ५२ वटा समुदायमा आधारित रहेका छन । ८० वटा निजी लगानीका विद्यालयहरुमा वाल विकास शिक्षाक पठन पाठन हुने गरेके छ ।

**३.१.२ उद्देश्यहरू**:

१. गर्भावस्था देखि चार वर्ष सम्मको उमेर समुहका बालबालिकालाई पोषण, खाद्य सुरक्षा र बाल विकासका लागि अभिभावकहरुलाई सहयोग र सचेत गराउने ।

२. प्रारम्भिक बालविकास उमेर समुहका सबै बालबालिकाहरुको पहुँच अभिवृद्धि गर्ने,

३. उमेर समूहका बालबालिकालाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामजिक र संवेगात्मक क्षमताको बिकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गर्ने ।

४. प्रारम्भिक बालशिक्षाको व्यवस्थापन र गुणस्तरमा सुधार गर्ने,

५. प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्ने।

**३.१.३ रणनीतिः**

१. पोषण र बालअधिकारबारे अभिभावकलाई सुसुचित र सुनिश्चिता गर्ने ।

२. ३देखि ४ बर्ष उमेरसम्मका बालकालिकाको बौद्धिक तथा संवेगात्मक विकासका लागि अभिभावक तथा धरालोको लागि बालबाविकासमा आधारित सचेतना दिने ।

३. वालविकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमा भर्ना गर्ने

४. प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बालउद्यानको अवधारणा क्रमशः अवलम्बन गर्ने ।

५. पोषण र बालअधिकारबारे अभिभावक सचेतना कार्यक्रमको माध्यमबाट सूसुचित गर्नुका साथै पोषणको सुनिश्चितता गरिनेछ ।

६. वाल विकास उमेर समूहका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गरी बालविकास केन्द्रको पहूँच पु-याउनुका साथै बाल विकासको प्रवर्धन गर्न लगानी सुनिश्चितता गरिनेछ ।

७. भौतिक पक्ष र वाल विकास शिक्षकको योग्यता र क्षमतालाई बढाउने कार्यनीति तय गरिनेछ ।

८. कम्तीमा एक विद्यालय एक बालविकास केन्द्र र आवश्यकता अनुसार समुदायमा पनि बालविकास केन्द्र स्थापना गरिनेछ ।

९. बालविकास केन्द्रमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।साथै वाल विकासका वालवालिकालाइ पोषणायुक्त खाजाको व्यवस्था मिलाइनेछ ।

१०. बालविकास केन्द्रमा बसाइ व्यस्थापन सिकाइ सामग्री, सन्दर्भ सामग्रीहरू उपलब्ध गराई सिकाइ वातावरण निर्माण गरिनेछ ।

११. कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुनिश्चित गरिनेछ ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

१.भर्ना अभियान कार्यक्रम सचालन भएको हुनेछ।

२.अभिभावक शिक्षा कार्यक्रम सन्चालन भएको हुने छ ।

३.वाल विकास शिक्षकहरुलाइ तालिम दिइ क्षमता वढोत्तरी भएको हुनेछ ।

४.वालवालिकाको सख्याको अधारमा वालविकास केन्द्रहरुको समायोजन भएको हुने छ ।

५.सबै वाल विकास केन्द्रमा खानेपानी शैचालय सिकाइ सामग्री लगायत राष्टिय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध भएको हुनेछ ।

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (०८०/८१) | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कूल भर्ना | १५७.८० | १५२ | १४८ | १४२ | १३८ | १३२ |
| २ | प्रारम्भिक बालविकासमा खुद भर्नादर | ८३.४० | ८६ | ८९ | ९१ | ९४ | ९७ |
| ३ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER) | ०.७४ | ०.८० | ०.८५ | ०.९० | ०.९४ | ०.९८ |
| ४ | विद्यार्थी शिक्षक अनुपात | २५.२८ | २५ | २५ | २५ | २५ | २५ |
| ५ | बाल विकासको अनुभव लिइ कक्षा १ मा भर्ना हुने विद्यार्थी | ५४.९० | ६५ | ७५ | ८५ | ९५ | १०० |
| ६ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ४० | ५० | ६५ | ७५ | ९५ | १२८ |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं | प्रमुख क्रियाकलाप (उदाहरण) | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८ | २०८ | २०८ | २०८ | २०८ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | बालविकास केन्द्रको नक्साङ्कन तथा पुनर्वितरण | केन्द्र | सबै | सबै | सबै | सबै | सबै | | |
| २ | बालविकास केन्द्रको सबलीकरण | केन्द्र | आवश्यकताअनसार | | | | | | |
| ३ | शिक्षक/सहयोगी कार्यकर्ताको क्षमता विकास | जना | ३० | ६० | ९० | १२० | १२८ | | |
| ४ | भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने | वटा | सबै | सबै | सबै | सबै | सबै | | |
| ५ | अभिभावकलाई सचेतीकरणका लागि सचेतनामूलक तालिम सञ्चालन गर्ने | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ६ | व्यवस्थित बालविकास केन्द्र, शिशु स्याहार केन्द्र सञ्चालनको लागि न्यूनतम मापदण्ड पूरा भए नभएको सुनिश्चित गरी नियमनका लागि आवश्यक कदम बढाउने | वटा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि गर्न तालिमको प्रवन्ध गरी गुणस्तरीय सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गराउने | | अवश्यकता अनुसार | | | | | | |
| | स्वास्थ्य परीक्षण शिविर सञ्चालन तथा सिकाइ सामग्री, | | निरन्तर | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अभ्यास पुस्तिका व्यवस्थापन तथा सहयोग | | | | |
| ८ | समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन गर्ने | | अवश्यकताअनुसार | | |
| ९ | सबै बालविकास केन्द्रमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने | | अवश्यकताअनुसार | | |
| १० | अपाङ्गता भएका बालबालिकालागि सहायता सामग्रीको व्यवस्था गर्ने | | अवश्यकताअनुसार | | |

## ३.२ आधारभूत शिक्षा

### परिचय

नेपालको संविधान २०७२ ले आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क हुने व्यवस्था गरेको छ । विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको पुनर्सरचना गरी कक्षा १– ८ आधारभूत र कक्षा ९– १२ लाई माध्यमिक गरी २ तहमा विभाजन गरेको छ । गुणस्तरीय आधारभूत शिक्षाका माध्यमबाट गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई

योजना बद्धरुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि नेपालगंज उप-महानगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.२.१ वर्तमान अवस्था

नेपालगंज उप-महानगरपालिका भित्र कक्षा १– ३ सञ्चालित ..... विद्यालय, कक्षा १– ५ सञ्चालित ७१ र कक्षा १– ८ सञ्चालित २२ गरी जम्मा ९३ वटा आधारभूत विद्यालयहरु रहेका छन् । शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार आधारभूत तह (१– ५) मा २६,७०५ आधारभूत तह (६– ८) मा १०,५८३ जना गरी जम्मा ३७,२८८ जना विद्यार्थीहरु रहेका छन् । यहाँ आधारभूत तह (१– ५) अन्तर्गत दरवन्दी १८५ र राहत ८० सहित २६५ र आधारभूत तह (६-८) मा दरवन्दी ६१ र राहतमा १४ गरी ७५ जना (९-१०) मा दरवन्दी ४६ र राहतमा ११ गरी ५७ जना साविक उ मा बि मा दरवन्दी १० र राहतमा ८ गरी १८ जना शिक्षककहरु शिक्षककहरु कार्यरत छन् ।

### ३.२.२ उद्देश्यः

१. ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु ।

२.आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा गुणस्तरीय बनाउने ।

३. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

४.निर्धारित सिकाइ सक्षमता हासिल गराइ विद्यार्थीहरुलाई माध्यमिक शिक्षामा प्रवेशका लागि योग्य वनाउने ।

### ३.२.३ रणनीति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउन नक्साङ्कनको अधारमा विद्यालय व्यवस्थापन दिवा खाजा व्यवस्थापन प्रभावकारी भर्ना अभियान सन्चालन गर्ने ।
- विद्यार्थीलाई प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।
- बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी गुणस्तरीय सिकाइ मैत्री वातावरण सृजना गर्ने।
- सिकाइलाई व्यवहारिक तथा प्रविधियुक्त बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सिकाइ वातावरण निर्माण गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. तथ्याङ्क सङ्कलन गरी विद्यालय नआएका बालबालिकालाई विद्यालय भर्ना गरिनेछ ।

२. अधारभूत तह उमेर समुहका सवै वालवालिकाहरु विद्यालयमा भर्ना भएका हुनेछन।

३. लक्षित समुहका विद्यार्थीहरुले छात्रवृत्ति पाएका हुनेछन ।

४. आधारभूत शिक्षाको गुणस्तरमा वृद्धि भएको हुनेछ ।

५. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।

६. १ देखि ५ कक्षाका बालबालिकाका लागि दिवा खाजा तथा सबै बालबालिकाका लागि पुरस्कार, अतिरिक्त क्रियाकलाप, बालमैत्री बसाई, बालमैत्री भौतिक पूर्वाधार विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ ।

७. समानुपातिक समावेशीता, समता सहित सबैको अपनत्व हुने गरी सहभागितामूलक, शैक्षिक वातावरण निमाण भएको हुनेछ।

८. सिकाइ समस्या भएका बालबालिकालाई विशेष प्राथमिकता दिईएको हुनेछ ।

९. सवै सामुदायिक विदयालयहरु र धार्मिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा कूल भर्नादर | १४४.१० | १४० | १३५ | १३० | १२५ | १२० |
| २ | कक्षा १ मा खुद भर्नादर | ९४.५० | ९५ | ९५ | ९६ | ९७ | ९८ |
| ३ | कूल भर्ना दर (कक्षा १-५) | १६१ | १५५ | १५० | १४५ | १४० | १३५ |
| ४ | खूद भर्ना दर (कक्षा १-५) | ९५ | ९५.५ | ९६ | ९६.५ | ९७ | ९८ |
| ५ | खूद भर्ना दरमा लैंगिक समता सूचक (GPI at NER कक्षा १-५) | ०.८६ | ०.९० | ०.९३ | ०.९५ | ०.९७ | ०.९९ |
| ६ | विद्यार्थी शिक्षक अनुपात | ५५ | ५४ | ५३ | ५२ | ५१ | ५० |
| ७ | कक्षा ५ मा उत्तीर्ण दर | ८८.२ | ९० | ९२ | ९४ | ९६ | ९८ |
| ८ | कक्षा ५ मा कक्षा दोहोऱ्याउने दर | ४.८ | ४ | ३ | २ | १ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | कक्षा ५ मा कक्षा छोड्ने दर | ३.५ | ३ | २।५ | २ | १।५ | ० |
| १० | कूल भर्ना दर (कक्षा १-८) | १४३.५ | १४२.५ | १४१.५ | १४०.५ | १३९.५ | |
| ११ | खूद भर्ना दर (कक्षा १-८) | ९४.४ | ९५ | ९६ | ९७ | ९८ | १०० |
| १२ | खूद भर्ना दरमा लैंगिक समता सूचक | ०.९ | १ | १ | १ | १ | १ |
| १३ | विद्यार्थी शिक्षक अनुपात | ६७. | 65 | 62 | 60 | 58 | ५८ |
| १४ | महिला शिक्षक प्रतिशत | ०.६२ | 0.60 | 0.58 | 0.56 | 0.54 | |
| १५ | कक्षा १-८ मा उत्तीर्ण दर | १-५=७३ ६-८=८४.९ | 1-5=76 6-8=86 | 1-5=78 6-8=87 | 1-5=80 6-8=88 | 1-5=82 6-8=90 | |
| १६ | कक्षा १-८ मा कक्षा दोहोऱ्याउने दर | १-५=११.६ ६-८=३.३ | 1-5=10 6-8=3 | 1-5=9 6-8=2.5 | 1-5=8 6-8=2.5 | 1-5=7 6-8=2 | |
| १७ | कक्षा १-८ मा कक्षा छोड्ने दर | १-५=३.९ ६-८=२.९ | 1-5=3.6 6-8=2.8 | 1-5=3.5 6-8=2.6 | 1-5=3.3 6-8=2.5 | 1-5=3 6-8=2.3 | |
| १८ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | | | | | | |
| १९ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | | | | | | |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | | |
| १ | उमेरगत बालबालिकाको तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अभिभावक, गैरसरकारी संस्था र स्थानीय तहसँगको समन्वयमा भर्ना अभियान चलाउने । | | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | विद्यालयमा नियमित नभएका विद्यार्थीहरूको अभिभावहरूसँग छलफल तथा अन्तरक्रिया गरी सोको कारण पहिल्याई नियमित गर्ने | | नियमित | | | | | | | |
| ४ | बालमैत्री शिक्षण क्रियाकलामा जोड दिने | | नियमित | | | | | | | |
| ५ | सुझाव पेटिको स्थापना तथा प्रभावकारी कार्यान्वयन गर्ने | | नियमित | | | | | | | |
| ६ | सिकाइ उपलब्धि बढी र कम भएका विद्यालयहरूबिच सिकाइ अन्तरसम्बन्धको विकास गर्ने | | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | कक्षा १ देखि ३ पढ्नका लागि सिक्ने चरण प्रारम्भिक पठन सिप विकास कार्यक्रम अनिवार्य कार्यान्वयन गर्ने | | नियमित | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरी सबै बालबालिकाको कार्य सञ्चयिका कायम गर्ने | | नियमित | | | | |
| ९ | न्यून शैक्षिक उपलब्धि भएका विद्यालयका समुदायमा पढाइ कक्षा सञ्चालन गर्ने र सोको दायित्व विद्यालयले लिने | | नियमित | | | | |
| १० | शिक्षक तालिम, बैठक, समीक्षा, सामग्री सहयोग गर्ने | | अवश्यकताअनुसार | | | | |
| ११ | नियमित रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीहरूको नियमिताको लागि उचित वातावरण सृजना गर्ने | | निरन्तर | | | | |
| १२ | विद्यालयको क्रियाकलापमा अभिभावकको सहभागिता गर्ने | | नियमित | | | | |
| १३ | सरसफाइ, चेतनामूलक कार्यक्रम, बालविवाह रोकथाम, संस्कृति प्रर्वधन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण जस्ता सामुदायिक कार्यमा बालसमूहको माध्यमबाट विद्यालयले कार्यक्रम सञ्चालन गर्ने छ | | नियमित | | | | |
| १४ | दरबन्दी मिलान | | अवश्यकतानुसार | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक व्यवस्थापन गर्ने | | | | | | | | | |
| १५ | भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, बालउद्यान निर्माण गर्ने | | अवश्यकतानुसार | | | | | | | |
| १६ | शिक्षक डायरी र क्यालेन्डर तयारी, प्रकाशन, वितवरण तथा कार्यान्वयन | | नियमित | | | | | | | |
| १७ | अवलोकन भ्रमण, अन्तरक्रिया, कार्यशाला गोष्ठी तथा शिक्षकको रोस्टर तयार गर्ने | | नियमित | | | | | | | |
| १८ | शैक्षिक सामग्री प्रदर्शनी तथा विद्यालयमा प्रयोग भएको आधारमा पुरस्कृत गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १९ | शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी आयोजना गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २० | शैक्षिक सुशासनका पेशागत संघ सङ्गठनसँग छलफल तथा अन्तरक्रिया | | अवश्यकतानुसार | | | | | | | |

### ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन २०२८(संसोधनसहित) ले विद्यालय शिक्षाको पुनर्सरचना गरेर कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक शिक्षा भनी परिभाषित गरेको छ । त्यस्तै नेपालको संविधानले मौलिक हक अन्तर्गत माध्यमिक तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेको छ । श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९– १२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ । यो तहको शिक्षा कामको संसाधन प्रवेश

गर्न सक्ने सिप सहितको नागरिक विकास  तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि. स. २०७७ वाट प्रारम्भ भएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ ।
राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरिय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसवाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सिपयुक्त एवम्  उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ ।

### ३.३.१ वर्तमान अवस्था

माध्यमिक तहको शिक्षामा विद्यार्थीको पहुँचमा क्रमिक प्रगति भएको छ । माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर र खुद भर्ना दर क्रमशः ७७.३% रहेको छ । कक्षा ९-१२ मा लैङ्गिक समता सूचक ०.७६  रहेको छ । सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९ र १० मा कुल ५७२७ र कक्षा ११-१२ मा ५१७७ विद्यार्थीहरु अध्ययनरत छन् । समग्रमा कक्षा ९ देखि १० मा छात्राहरू ५२.७६% रहेक छन् ।
विगत लामो समयदेखि नै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकास गर्नु पर्छ भनेर बहस र पैरवीसमेत हुँदै आएको छ । विज्ञान शिक्षा परियोजना तथा माध्यमिक शिक्षा विकास परियोजनादेखि हाल सञ्चालनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमसम्म क्षमता विकासले प्राथमिकता पाएको छ ।  कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रध्यानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम न्युन रुपमा भएका छन् ।
संघीयता संरचनाअनुसार तीन ओटै तहबाट शिक्षाको व्यवस्थापन गर्ने कार्य भए पनि माध्यमिक तहसम्मको शिक्षा मूलतः स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । शिक्षा विकाससँग सम्बन्धित संरचनाहरू पनि सोहिअनुसार बन्ने क्रममा छन् । शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा सेवाका कर्मचारी रहने व्यवस्था छ । शिक्षकको पेसागत तालिमका लागि प्रदेश सरकारअन्तरगत तालिम केन्द्रहरू छन् । शिक्षकका केही पेसागत संगठनहरू तथा विभिन्न गैरसरकारी संघ संस्थाले पनि विभिन्न किसिम र समयावधिका क्षमता विकासका कार्यक्रमहरू गर्दै आएका छन् ।

### ३.३.२ उद्देश्य

यस योजनाको माध्यमिक शिक्षा कार्यक्रमको समग्र उद्देश्य माध्यमिक शिक्षामा सवैको पहुँचलाई सुनिश्चित गर्दै शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी बनाई नेपालगन्ज उप महानगरपालिकाका साथै लुम्बिनी प्रदेश र समग्र देशको निम्ति मध्यमस्तर र उच्च शिक्षाका निम्ति अब्वल दर्जाको मानव संशाधन विकास गर्नु रहेको छ । यस योजनाले निर्दिष्ट गरेका अन्य विशिष्ट उद्देश्य देहाय बमोजिम छन् :

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै बालमैत्री, समावेशी,सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने ।
२. माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउने ।
३. राष्ट्रिय योगयता प्रारूपअनुसार साधारण र प्राविधिक तथा ब्यावसायिक शिक्षा बिचको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्ने।
४. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई पेसा व्यवसाय तथा स्वरोजगारका लागि तयारी गर्ने ।
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउने ।
६. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
७. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै माध्यमिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्ने,
८. प्रत्येक व्यक्तिमा निहित कला तथा प्रतिभा प्रस्तुत गर्न सहयोग गर्ने,
९. समाजको आधुनिकिकरणमा सहयोग गर्न नैतिकवान र चरित्रवान नागरिक तयार गर्ने,
१०.प्राकृतिक प्रकोप, दैवि प्रकोपहरु प्रति चेतनामूलक नागरिक उत्पादन गर्ने,
११.स्थानीय कला, संस्कृतिहरुलाई संरक्षण तथा पुस्ताहस्तान्तरण गर्ने नागरिक उत्पादन गर्ने।

### ३.३.३ रणनीतिहरु

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. संघीय मापदण्डअनुसार स्थानीय तहले प्रदेश सरकारसँग आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण , समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता विकास गरिनेछ ।

३. सिकाइलाई वास्तिवक जीवन तथा व्यवहारसँग सम्बन्धित गराउन विषयवस्तुको स्वरूपअनुसार २५ देखि ५० प्रतिशतसम्मको पाठ्यभारका लागि प्रयोगात्मक अभ्यास, परियोजना कार्य वा सामुदायिक कार्य समावेश गरिनेछ ।

४. विद्यालयमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप, २०७६ को कार्यान्वयन गर्ने क्रममा विद्यार्थी, स्थानीय तह र विद्यालयहरुको आवश्यकतामा आधारित गरी विद्यार्थीलाई कमाउदै पढ्दै गर्ने वातावरणको समेत सिर्जना हुने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गरिनेछ ।

५. माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउन तथा कक्षा १० देखि ११ मा संक्रमणदर बढाउन बैकल्पिक माध्यमको प्रयोग तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन एवम् प्रदेशका हिमाली जिल्लाहरुमा आवश्यकताअनुसार आवासीय विद्यालयहरूको विस्तार गरिनेछ ।

६. गरिब तथा विपन्न परिवारका विद्यालय छोड्न सक्ने सम्भावना भएका कक्षा ८ उतीर्ण विद्यार्थीलाई कक्षा ९-१२ को माध्यमिक शिक्षा पूरा गर्न सहयोग गर्नका लागि सहयोग पद्धतिको विकास गरिनेछ ।

७. आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी न्यून आर्थिक सामाजिक पृष्ठभूमि भएका विद्यार्थीको माध्यमिक शिक्षामा पहुँच अभिबृद्धि गरिनेछ ।

८. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्दै गरी डिजिटल डिभाईड कम गरिने र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइने छ ।

९. शिक्षक निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ ।

१०. सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था (PEMC) पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ ।

११. विद्यालय शिक्षादेखि नै विज्ञान, प्रविधि, ईन्जिनियरिङ्, कला र गणित शिक्षा (STEAM) जस्ता विषयहरूको सिकाइलाई अन्तरसम्बन्धित गर्दै लगिनेछ ।

१२. सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनकालागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ ।

१३. माध्यमिक शिक्षामा मानव मुल्यमा आधारित शिक्षाको विस्तार गर्न प्रोत्साहन गर्ने,

१४. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रअलाई उत्तरदायी बनाइनेछ ।

१५. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।

१६. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिने छ र विद्यार्थी मूल्याङ्कन तथा परीक्षा पद्धितमा सुधार गरिनेछ ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कूल भर्ना दर | **७७.३** | ७५ | ७३ | ७१ | ७० | ६९ |
| २ | खूद भर्ना दर | **४४.६** | ४५ | ४६ | ४७ | ४८ | ४९ |
| ३ | खूद भर्ना दरमा लैंगिक समता सूचक | ९-१०-०.८६<br>११-१२-०.८१ | | | | | |
| ४ | विद्यार्थी शिक्षक अनुपात | **९-१०-४७<br>११-१२-७६** | | | | | |
| ५ | महिला शिक्षक प्रतिशत | २.७ | २.७ | ३ | ४ | ५ | ७ |
| ६ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सङ्ख्या | | | | | | |
| ७ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | | | | | | |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक | पटक | | १ | | | | १ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कानुन, कार्यविधि र निर्देशिका तयारी, | | | | | | | | | |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | | | १ | | | | १ | | |
| ३ | विज्ञान, गणित तथा कम्प्यूटर विज्ञान विषय अध्ययनका लागि अवसर | | अवश्यकतानुसार | | | | | | | |
| ४ | मापदण्डअनुसार शिक्षक व्यवस्था | | अवश्यकतानुसार | | | | | | | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | | नियमित | | | | | | | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | | आवश्यकतानुसार | | | | | | | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | प्रत्येक बर्ष १ | | | | | | | |
| ९ | शिक्षक क्षमता विकास, | पटक | प्रत्येक बर्ष १ | | | | | | | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | प्रत्येक बर्ष १ | | | | | | | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास, | | आवश्यकतानुसार | | | | | | | |
| १२ | शिक्षक सहायता प्रणालीको पुनर्संरचना, | | आवश्यकतानुसार | | | | | | | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, | | अवश्यकतानुसार | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग, | आवश्यकतानुसार | आवश्यकतानुसार | | | |
| १५ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, दिवा खाजा, छात्रबृत्ति र सिकाइ सामग्री व्यवस्था, | | नियमित | | | |
| १६ | कक्षाकोठामा आधारित मूल्याङ्कन, | | नियमित | | | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली, | | नियमित | | | |
| १८ | एकीकर्त शैक्षिक सूचना प्रणाली स्थापना, | | आवश्यकतानुसार अध्यावधिक | | | |
| १९ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास, | | आवश्यकतानुसार | | | |
| २० | अभिभावक अभिमुखीकरण र सहभागिता, | | आवश्यकतानुसार | | | |
| २१ | विभिन्न सार्वजनिक कार्यक्रमहरुको आयोजना गरी विद्यार्थीहरुलाई कला प्रस्तुत गर्ने वातावरण सिर्जना | | आवश्यकतानुसार | | | |
| २३ | समाजमा आइ पर्ने विभिन्न जोखिम तथा संकटहरुमा सहभागी गराइ स्वयमसेवकको भूमिकामा | | आवश्यकतानुसार | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थीलाई सहभागी | | | | | |

### ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम

### ३.४.१ वर्तमान अवस्था

नयाँ शिक्षा पद्धतिको योजना २०२८ ले शिक्षालाई व्यावसायिक बनाउने सवालमा उल्लेख्य योगदान गरेको देखिन्छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताका आधारमा सीप नक्साङकन गरी तोकिएको मापदण्डका आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिने छ भन्ने कुरालाई अघि सारेको छ । त्यसरी नै प्रत्येक प्रदेशमा कम्तिमा एउटा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका विषयगत प्रयोगशाला सहितका अनुसन्धानशालाहरु स्थापना गरिनेछ भनी उक्त नीतिमा उल्लेख गरिएको छ। उच्च दक्षता र सिपयुक्त जनशक्ति उत्पादन गर्नु नै शिक्षाको मूल अभिप्राय रही आएको छ। गरी खाने शिक्षा, आजको आवश्यकता भन्ने उक्तिलाई साकार पार्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एक उच्च प्राथमिकता प्राप्त उपक्षेत्र सावित भएको छ । विकासलाई निकासा दिन प्राविधिक शिक्षाबाट मात्र सम्भव छ। प्राविधिक शिक्षा विनाको शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचनागत रुपमा बदल्न र शिक्षाबाट जीवन यापनमा सहयोग पुर्‍याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ। नेपालगन्ज उप महानगरपालिकालाई समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध स्रोत र साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ। श्रमलाई सिप, सिपलाई रोजगार रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गरेर सबल सुदृढ तथा आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नु आजको अपरिहार्य आवश्यकता हो। राज्यलाई शैक्षिक बेरोजगारको भीड थेग्न स्वदेशमा नै उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गर्दै उद्यमशिलता, व्यवसायिकता र रोजगारीको अवसर वृद्धि गर्दै जानु आवश्यक छ।

नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै हुँदै आएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको हो। सघन रुपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो। हाल नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र र प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय स्थापना गर्ने नीति समेत रहेको छ। । यस प्रकारको शिक्षाको विकासले यस पालिकामा

सिपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् रोजगारीका अवसरहरू सिर्जना भई विदेशिने युवाहरू आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ ।

नेपालगंज उप-महानगरपालिकालाई प्राबिधिकधारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यावसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वाबलम्वी हुन सिक्नु पर्छ। प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकार समेतको अपनत्व विकास हुन जरुरी छ। प्राविधिक तथा व्यावसायिक धारमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नका लागि आवश्यक भौतिक पूर्वाधार पर्याप्त नहुनु,प्राविधिक धारका विषयहरू अध्यापनका लागि दक्ष जनशक्ति शिक्षक/प्रशिक्षकको न्यून उपलब्धता,आवश्यक वित्तीय स्रोतको कमी, प्राविधिक तथा व्यावसायिक विषयहरूको विविधीकरण हुन नसक्नु,विद्यार्थी सिकाइ उपलब्धि न्यून, शिक्षण प्रविधिमैत्री हुन नसक्नु, प्राविधिक शिक्षामा आर्थिक सामाजिक रुपले पछिपरेका वर्ग समुदायको पँहुच सहज हुन नसक्नु मुख्य समस्याका रुपमा रहेका छन । साथै व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्नका लागि व्यावसायिक शिक्षामा सार्वजनिक क्षेत्रको लगानी वृद्धि,राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको मागलाई पूर्ति गर्न सक्ने जनशक्तिको उत्पादन,विपद् उत्थानशील एवम् प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास गर्नु जस्ता चुनौतीहरु रहेको छन् । प्राविधिक तथा व्यावसायिक शिक्षाप्रति आज अभिभावक तथा विद्यार्थीहरूको बढ्दो आकर्षण,प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि स्थानीय सरकारको लगानी बढ्दो क्रममा हुनु,कृषि विज्ञान विषय सञ्चालन प्रति सरोकारवालाहरूको चासो बढ्दै जानु,सङ्घ तथा प्रदेश सरकारसमेतको नीति तथा कार्यक्रममा प्राविधिक शिक्षा उच्च प्राथमिकतामा पर्नु,कृषि, पशु र फलफूल उत्पादनको हिसाबले नेपालगन्जकै सम्भावना बोकेको ठाँउको रुपमा रहनु जस्ता अवसर रहेका छन् ।

### ३.४.२ उद्देश्य

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच विस्तार गर्नु,

२. प्राविधिक तथा व्यावसायिक शिक्षाको गुणस्तर सुधार गर्नु,

३. स्वरोजगारीको अवसर अभिवृद्धि गर्नु।

### ३.४.३ रणनीतिहरु

१. नगरपालिका प्राविधिक धारका विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास गर्ने,
२. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
३. प्राविधिक धारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक नियुक्ति गर्ने पद्धतिलाई प्रतिस्पर्धी बनाई योग्य,दक्ष र क्षमतावान व्यक्ति नियुक्ति हुने अवस्थाको सुनिश्चित गर्ने,

४. प्राविधिक धारको शिक्षामा अध्यापन गर्ने शिक्षक/प्रशिक्षक तथा अन्य प्राविधिक जनशक्तिको निरन्तर पेसागत क्षमता विकासमा विशेष जोड दिने,

५. प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालित विद्यालयमा IC T ल्याव, पुस्तकालय एवम् प्रयोगशालाको उचित प्रबन्ध मिलाउने,

६. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई नगरपालिकाभित्रै रोजगारीको अवसर प्रदान गर्ने,

७. प्राविधिक तथा व्यावसायिक शिक्षाका उत्पादनलाई स्वरोजगार तथा रोजगारको अवसरका लागि सहजीकरण गरी श्रमबजारसँग आबद्ध गराई दिने।

**३.४.४ प्रमुख उपलब्धि तथा नतिजा**

१. नगरपालिका प्राविधिक धारका विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास भएको हुनेछ ।

२. प्राविधिकधारका विद्याहरुमा योग्य र दक्ष शिक्षक तथा प्रशिक्षकको व्यवस्था भएको हुनेछ ।

३. प्राविधिकधार सञ्चालित विद्यालयहरूमा शिक्षक तथा प्राविधिक कर्मचारीको छनोट प्रक्रियालाई प्रतिस्पर्धी भएको हुनेछ ।

४. शिक्षक एवम् प्रशिक्षकहरुको निरन्तर पेसागत विकासका अवसर उपलव्ध भएको हुनेछ ।

५. पर्याप्त सन्दर्भ सामग्रीहरूसहितको सुविधासम्पन्न पुस्तकालय, सूचना तथा सञ्चारप्रविधि ल्याब एवम् विषयगत प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन भएको हुनेछ ।

६. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरू स्वः रोजगार भै स्वावलम्वी भएको हुनेछ

७. प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गरेका युवाहरूलाई रोजगारीको अवसर प्राप्त गरेको हुनेछ

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | आधार वर्ष ८०/८१ | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | २ |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | | | | | | |
| ३ | आधुनिक सूचना प्रविधिको प्रयोग र प्रविधयुक्त शिक्षण प्रशिक्षणका माध्यमबाट सिकाइको अवसर संचालन हुने | सान्दर्भिक र उपयोगी शिक्षाको सर्बसुलभता | श्रम बजारको आवश्यकता अनुसार गुणस्तरिय प्रतिस्पर्धि शिक्षा र सिप बिकास | | | | |

**३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन, | पटक | २ | ० | ० | ० | ० | २ | | |
| २ | शिक्षक व्यवस्थापन, | | आवश्यकतानुसार | | | | | | | |
| ३ | छात्रवृत्ति कार्यक्रम, | | आवश्यकतानुसार | | | | | | | |
| ४ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा, | | ० | १ | ० | ० | ० | १ | | |
| ५ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रबर्द्धन कार्यक्रम, | | ० | १ | १ | १ | १ | १ | | |
| ६ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम, | | आवश्यकतानुसार | | | | | | | |
| ७ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि | | आवश्यकतानुसार | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहयोग, | | | | |
| ८ | आर्थिकरूपमा पिछडिएका प्रतिभावान तथा सीमान्तकृत, दलित, अपाङ्ग, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सिर्जना गर्न आवश्यक स्रोतको व्यवस्थापन । | | आवश्यकतानुसार | | |

### ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाईः

### ३.५.१ वर्तमान अवस्था

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूततहसम्म शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ।औपचारिक शिक्षामा पहुँच नपुगेका बालबालिका तथा प्रौढहरूलाई शिक्षामा पहुँच विस्तार गर्न, जीविकोपार्जनमा सहयोग पुर्‍याउन र संसारसँग आवद्ध गर्न प्रचलनमा ल्याइएका पछिल्ला अवधारणाहरु हुन निरन्तर शिक्षा, खुला सिकाई, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाई र शिक्षा। निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाई अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक, निरन्तर, खुला एवं जीवनपर्यन्त शिक्षाले काम गर्दछ ।संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अबलम्बन गरेको सिद्धान्त, दिगो विकास लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासंगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । वि.सं. २०८५ बैशाख १ गते देखि आधारभूत शिक्षा प्राप्त नगरेको व्यक्ति नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको कुनै पनि सरकारी सेवामा वा नेपाल सरकार प्रदेशसरकार स्थानीयतहको पूर्ण वा आंशिक स्वामित्व, अनुदान वा नियन्त्रणमा रहेको कुनै पनि पदमा निर्वाचित, नियुक्ति वा मनोनयन हुन वा कुनै रोजगारी प्राप्त गर्न नपाउने व्यवस्था भए सँगै

निरन्तर शिक्षा खुला सिकाई, अनौपचारिक शिक्षा, जीवन पर्यन्त सिकाइ र शिक्षाको भूमिका अझै महत्वपूर्ण रहेको देखिन्छ ।

आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक सिकाइको व्यवस्थापन अन्तर्गत संरचना, लगानी, अपनत्व जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यसरी शिक्षा क्षेत्रको एउटा सिङ्गै पाटोको रूपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाईले व्यक्तिगत संस्थागत र प्रणालीगत रूपमानै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ । यसर्थ नगरपालिकाले शिक्षा योजनामा अनौपचारिक शिक्षा र आजीवन सिकाईलाई प्राथमिकतामा राखी कार्यन्वयन गर्न सकेको खण्डमा शिक्षाको पहुँचमा नरहेका नागरिकहरुले शिक्षाको महसुस गर्ने र आजीवन सिकाईको उपयोग गरी जीविकोपार्जनमा सहज हुने देखिन्छ ।

### ३.५.२ उद्देश्यहरू

यस योजनाले अनौपचारिक शिक्षा र आजीवन सिकाई सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

१. विभिन्न कारणले शिक्षाको पहुँचमा नरहेका नागरिकलाई वैकल्पिक कक्षा मार्फत सिकाई प्रदान गरी साधारण विद्यालयको प्रवाहमा समाहित गर्नु,
२. सामुदायिक सिकाईकेन्द्रको क्षमता अभिवृद्धि गरी शैक्षिक सूचना केन्द्रको रुपमा विकास गरी विद्यालयतहको शिक्षा प्रभावकारी बनाउने सहयोगी संस्थाको रुपमा विकास गर्नु,
३. निरन्तर शिक्षा, अभिभावक शिक्षा , जीवनपर्यन्त शिक्षा, खुलाशिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम सञ्चालन गरी समतामा आधारित व्यक्तिका दैनिक जीवनसंग सम्बन्धीत आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग गर्नु,

### ३.५.३ रणनिति

निरन्तर शिक्षा, अभिभावक शिक्षा , खुला सिकाई, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाई र शिक्षा सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछन ।

१. विभिन्न कारणले शिक्षाको पहुँच भन्दा टाढा रहेका निरक्षर व्यक्तिहरूलाई अनैपचारिक तथा वैकल्पिक खेल्दै सिक्दै केन्द्र मार्फत साक्षर हुने अवसर प्रदान गर्ने।
२. नगरपालिकाले प्रचलित ऐन कानूनमा आधारित भएर सामुदायिक सिकाई केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका तयार गर्ने,
३. सामुदायिक सिकाई केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम तथा अभिभावक परिचालन गरि साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालन गर्ने,
४. शैक्षिक सूचना केन्द्र सञ्चालन गर्नका लागि क्षमता अभिवृद्धि गर्ने,
५. आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रको स्थापना गरि सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्ने ।

६. अनौपचारिक शिक्षा र जिवनपर्यन्त सिकाइ संचालन गर्ने संघसंस्था बीच समन्वय समूह बनाई परिचालन गर्ने,

७. निरन्तर शिक्षा,अभिभावक शिक्षा, जीवनपर्यन्त शिक्षा, आयमूलक तथा सीपमूलक जस्ता कार्यक्रम आयोजना गर्ने,

८. सीप सिकेकाहरुलाई काम गर्न आर्थिक स्रोत जुटाउने कार्यक्रम सञ्चालन गर्ने,

९. विचमा विद्यालय छोड्नेदरमा न्यूनीकरण गर्ने

१०. समावेशी तथा समातामा आधारित नागरिक तथा पिछडिएका लक्षित समूहका प्रौढहरूलाई जिवनपयोगी सीपको विकास गरी सिकाइमा निरन्तर सहयोग पुऱ्याउने ।

११. शैक्षिक सूचना केन्द्रबाट सञ्चालित विभिन्न सिपमूलक कार्यक्रममा सहभागी भएका व्यक्तिहरुलाई राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिमको प्रमाणपत्रको व्यवस्थापन गर्ने ।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

१. उप महानगरपालिकाको साक्षरता दर ९८ प्रतिशत पुगेको हुनेछ ।

२. अनापचारिक शिक्षाका कार्यक्रम सन्चालन भएको हुनेछ ।

३. विद्यार्थीहरुको बीचमा विद्यालय छोड्नेदर न्युन भएको हुनेछ ।

४. आवश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रको विस्तार भएको हुनेछ ।

५. निरन्तर शिक्षा,अभिभावक शिक्षा, जीवनपर्यन्त शिक्षा, आयमूलक तथा सीपमूलक कार्यक्रम सन्चालन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी) % | | | | | |
| २ | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथी महिला) % | | | | | |
| ३ | मापदण्ड अनुरुपका सामुदायिक सिकाई केन्द्र संचालन भएको हुने | ३ | योजना निर्माण र कार्यक्रम संचालनमा दक्ष बनाइ जिवनपर्यन्त सिकाइको केन्द्रको रुपमा स्थापित भएको हुने | | | |
| ४ | सामुदायिक पुस्तकालयको संङ्ख्या | १ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | सबै नागरिकहरुलाई साक्षरता, निरन्तर शिक्षा, अनौपचारिक शिक्षा, जीवनपर्यन्त शिक्षा र सिकाईको अवसर प्राप्त हुने | | साक्षरता शिक्षा, निरन्तर शिक्षा, अनौपचारिक शिक्षा र जीवनपर्यन्त शिक्षाको पहुँच बढाउने । | | | |
| ६ | सामुदायिक सिकाईकेन्द्रको संस्थागत संयन्त्र एवं सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने आजीवन सिकाइ केन्द्रको रूपमा विकास हुने | ० | १ | ० | ० | ० |

### ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र. श. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | आवश्यकताको पहिचान गर्ने गरी साक्षरता कक्षा सञ्चालन गरीनेछ। | पटक | आवश्यकतानुसार | | | | | | | |
| २ | परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई स्वयंसेवकको रुपमा परिचालन गरीनेछ। | पटक | आवश्यकतानुसार | | | | | | | |
| ३ | सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धी निर्देशिका लेखन, पारित र जारी गरिनेछ। | पटक | ० | १ | ० | ० | ० | १ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | तहगतरुपमा सिकाइ केन्द्रका पदाधिकारीहरुलाई तालिमको व्यवस्था गरिनेछ। | पटक | आवश्यकतानुसार | | | | | | |
| ५ | शैक्षिक सुचनाहरु नियमित रुपमा केन्द्रिय शैक्षिक सुचना तथ्याङ्क प्रणालिमा नियमित रुपमा अद्यावधिक गरिनेछ। | नियमित | | | | | | | |
| ६ | सामुदायिक सिकाई केन्द्र र त्यससँग काम गर्ने शैक्षिक संघसंस्थाहरूको समन्वय समिति बनाइनेछ । | नियमित | | | | | | | |
| ७ | सामुदायिक सिकाई केन्द्रबाट कक्षागत विद्यार्थीको सर्वेक्षण गरी विद्यार्थीलाई विद्यालयको मूलधारमा सहभागि गराउन नगरभित्र अभियानको रूपमा प्रचार प्रसार गरीनेछ। | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | उमेर र अवस्थाले मूलधारमा आउन नसक्नेहरूका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरू संचालनमा ल्याइनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | घरपरिवारमा पढाइको वातावरण बनाउनका लागि अभिभावकहरुलाई सचेतनामुलक कार्यक्रमहरूको आयोजना गरीनेछ। | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १० | महिला तथा पिछडिएका लक्षित समूहरुको पहिचान गरी दक्षता र मागका आधारमा सीप तथा | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिम प्रदान गरिनेछ। | | | | | | | | | | |

## परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पृष्ठभूमि

**पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन परिचय**

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक बि. सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी बि. सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आएको छ । राष्टिय शिक्षा पद्धतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो । पाठ्क्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्क्रम विकास केन्द्र स्थापना भयो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अद्यावधिक गर्ने क्रममै वि. सं. २०७६ मा नयाँ पाठ्यक्रम प्रारुप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७६ देखि कक्षा १ र १२ मा कार्यान्वन सुरु भएको छ । त्यसैगरी वि. सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरूमा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय, तहगत तथा कक्षागत सिकाइ उपलव्धीहरु परिपूर्ती गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तर्गत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने, कुन कुन विषयवस्तु पढाउने ? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । के कसरी मूल्याङ्कन गर्ने ? पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो ।

#### ४.१.१ वर्तमान अवस्था

यस नेपालगंज उप-महानगरपालिकामा हाल स्थानीय पाठ्यक्रम निर्माण गरि कार्यान्वयन भएको तर त्यसको पाठ्यसामग्री तथा पाठ्यपुस्तकको विकास गर्ने प्रक्रियामा रहेको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का लागि अनिवार्य विषयका पाठ्यपुस्तक प्रदान गर्ने नेपाल सरकारले निःशुल्क व्यवस्था मिलाएको छ । विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ । पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १- ३ मा अन्तर सम्वन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ

। प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य , परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिम लिनुपर्ने व्यवस्था गरिएको छ । परीक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाइएको छ । सबै कक्षामा अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ । राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको न्यूनतम कार्यक्रमबाट सबै विद्यालयमा शिक्षण सिकाइ सामाग्रीको व्यवस्थापन गरिएको छ ।

### ४.१.२ लक्ष्य तथा उदेश्यहरु

यस योजनाले पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्धेश्यहरु राखिएको छ :

१. स्थानीय तहको कला संस्कृतिलाई जगेर्ना गर्ने खालका विषयवस्तुलाई स्थानीय पाठ्यक्रममा समावेश गरी प्रभावकारी कार्यान्वयन गर्नु ।

२.  स्थानीय पाठ्यक्रममा आधारित भएको पाठ्यपुस्तक तथा सिकाई सामग्रीको विकास गर्नु ।

३. शिक्षण सिकाईमा रुपान्तरण गर्न विभिन्न पाठ्यसामग्री र सिकाई सामग्रीको विकास र कार्यान्वयन गर्नु ।

४. विद्यार्थी मूल्याङ्कनलाई निरन्तर मूल्याङ्कन अनुरुप विकास गर्नु ।

६. पाठ्यक्रम कार्यान्यन तथा विकासका लागि पेशागत क्षमता विकास गर्नु ।

### ४.१.३ रणनीति

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

१. स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम,पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माण भएको हुनेछ ।

२. राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधिकरण र क्षमता अभिबृद्धि भएको हुनेछ ।

३. स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्रीहरुको विकास भएको हुनेछ ।

| क्र.स. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहमा अध्ययनरत सबै विद्यार्थीहरुका हात हातमा स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | सम्पुर्ण विद्यालयहरुमा आधारभुत तहमा | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय पाठ्यक्रमको प्रभावकरी कार्यान्वयन भएको हुने | | | | | | |
| ३ | स्थानीय पाठ्यसामग्री निर्माण तथा प्रबोधिकरणमा सरोकारवालाहरु सबैको सहभागिता भएको हुने | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | नयाँ पाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरु सबै समुहले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने | १०० | १०० | १०० | १०० | १०० | १०० |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.श. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | घोकन्ते सिकाइलाई न्यूनीकरण गरी सर्वांगीण विकासमा जोड दिई एक्काइसौं शताब्दीको सीपहरु (समालोचनात्मक चिन्तन, सृजनात्मकता, वैज्ञानिक चिन्तन, संचार, समन्वय, बहुभाषिकता, समस्या समाधान, नैतिकता र डिजिटल साक्षरता) समेट्ने गरी पाठ्यक्रमको निर्माण गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | विद्यालय तहका शिक्षकहरूको पेसागत विकास तथा तालिम | पटक | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी पाठ्यक्रम, पाठ्यसामग्री विकास गरीनेछ । | | | | | | | | | |
| ४ | पाठ्यक्रम निर्माण सम्बन्धी शिक्षक तालिम प्रदान गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | | | |
| ५ | स्थानिय पाठ्यक्रम विकास समुहको क्षमता वृद्धि गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | | | |
| ६ | पाठ्यक्रममा हरेक बालबालिकालाई आफ्नो क्षमता महसुस गराई सम्पूर्णता विकासमा जोडदिने पाठ्यवस्तु समावेस गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | | | |
| ७ | पूर्वीय दर्शन तथा नेपाली मूल्यमान्यतामा आधारित ज्ञानलाई विविध विषयमा समावेश गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरीनेछ । | पटक | १ | | | | | | | |
| ८ | आधारभूत तह सम्ममा स्थानीय भाषा/मातृभाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी शिक्षणको माध्यम स्थानीय भाषा/मातृभाषाको प्राबधान गरीनेछ । | पटक | ० | १ | ० | ० | ० | | | |
| १० | प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक तहसम्मको लागि सन्दर्भ सामग्री निर्माण गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | शिक्षण सिकाई प्रक्रियामा शैक्षणिक सामाग्रीको प्रयोगको अनुगमन तथा मूल्याङ्कन गरीनेछ | नियमित | | | | | | | | |
| १२ | पाठ्यक्रम व्यवस्थापन पद्धतिको सबलिकरण र पाठ्यक्रमको प्रबोधिकरण गरीनेछ । | पटक | १ | १ | १ | १ | १ | | | |
| १३ | पाठ्यक्रमको अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सबलिकरण गरिनेछ । | नियमित | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**परिचय परिचय**

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको १६ अौं योजना (२०८०/२०८१-२०८५/८६) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य “सबैका लागि समावेशी तथा समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने” पुरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता क्षमता, दक्षताको सिकाईमा प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्दै आएका छन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह संचालन गर्दै आएका छन् । शिक्षकको पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम, तालिम जस्ता थुप्रै तालिमहरु आमने सामने तथा इन्टरनेटबाट संचालन हुदै आएका छन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन , रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा संचालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरिरहेको छ ।

४.२.१ वर्तमान अवस्था

यस नेपालगंज उप-महानगरपालिकामा ४३ वटा समुदायिक विद्यालय ३९ वटा धार्मिक वद्यालय मदरसा र गुरुकुल संचालनमा रहेका छन् । सामुदायिक तथा संस्थागत विद्यालयहरुमा वालविकास केन्द्रहरु सन्चालनमा रहेका छन् । यि विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तहगत तथा श्रेणीगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

शिक्षक विवरण श्रेणीगत

| प्रा बि | | | | नि मा वि | | | | मा वि | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | द्धितीय | तृतीय | जम्मा | प्रथम | द्धितीय | तृतीय | जम्मा | प्रथम | द्धितीय | तृतीय | जम्मा |
| ५ | १०० | ७१ | १८३ | ४ | १२ | ४५ | ६१ | ० | १० | ३६ | ४६ |

शिक्षक विवरण तहगत

| प्रा वि | | | नि मा वि | | | मा वि | | | साविक उ मा वि | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा |
| १५८ | ८० | २६५ | ६१ | १४ | ७५ | ४६ | ११ | ५७ | १० | ८ | १८ |

४.२.२ लक्ष्य तथा उद्धेश्यहरु

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धी निम्नलिखित उद्धेश्यहरु राखेको छः

१. सबै तहमा शिक्षकहरुको पेसागत क्षमता विकास गरी विषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु

२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु

३ शिक्षकहरुको पेसागत क्षमता विकासका लागि तालिम सन्चालन गर्नु

**शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्धेश्यहरु हासिल गर्न देहाए बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः**

**रणनीतिहरुः**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने । (उद्धेश्य १)

२. प्रारम्भिक बाल विकास तथा कक्षा १-३ का लागि कक्षा १२ उतिर्ण, कक्षा ४-८ का लागि स्नातक उतीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर तह उतीर्ण शिक्षक योग्यता सुनिश्चितता गर्ने । (उद्धेश्य १)

३. स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगको प्रतिक्षा सुचिमा रहेका उमेद्वारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई गरेको सिफारिश भएका लाई पहिलो प्राथमिकता दिने । (उद्धेश्य १)

४. स्थानीय तहमा विषयगत शिक्षक संजाल तयार पार्ने । (उद्धेश्य २)

५. विषयगत दक्षता भएका र तालिम प्रशिक्षण अनुभव भएका कार्यरत शिक्षक तथा सेवा निवृत शिक्षक द्वारा पेशागत सहयोग पद्धतिको विकास गर्ने । (उद्धेश्य २)

१. शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृति विकासलाई विद्यार्थीको सिकाईसँग आवद्ध गर्ने । (उद्धेश्य २)

२. शिक्षक नियुक्ति सरुवा, तालिम र पेशागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाईमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने । (उद्धेश्य २)

### ४.२.३ रणनीति

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

१.सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाईमा सुधार भएको हुनेछ ।

| क्र.स. | सूचक | आधार वर्ष (८०/८१) | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने | ० | ० | १ | ० | ० | ० |
| २ | शिक्षकहरुको उपस्थिति, शिक्षण विधि तथा तौर तरिका र कार्य सम्पादनमा सुधार हुने | ० | नियमित | | | | |
| ३ | शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने | ० | आवश्यकतानुसनर | | | | |

### ४.२.५ प्रमुख क्रियाकलाप तथा परिणात्मक लक्ष्य

| क्र. श. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१ | ८२ | ८३ | ८४ | ८५ | जम्मा | | |
| १ | स्थानीय स्रोत शिक्षक नियुक्ति, सेवा सुविधा सम्बन्धी निर्देशिका तयार गरीनेछ । | पटक | ० | १ | ० | ० | ० | १ | | |
| २ | विद्यार्थी संख्या र विषयको आधारमा दरबन्दी कायम र पुनर्वितरण गरीनेछ । | पटक | ० | १ | | | | १ | | |
| ३ | सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुको स्वास्थ्य बिमा गरिनेछ । | पटक | ० | १ | ० | ० | ० | १ | | |
| ४ | प्रत्येक विद्यालयमा पर्याप्त शैक्षणिक सामग्रीको व्यवस्थापन गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | कक्षा ५ र ८ को प्रमुख विषयको सिकाई उपलब्धी परिक्षण गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | विषयगत तथा शिक्षणमा प्रविधिको प्रयोग सम्बन्धी शिक्षण तालिम संचालन गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | का. स. मु. गर्ने गरी विषयविज्ञबाट शिक्षकको कक्षावलोकन गरिनेछ । | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | शिक्षक संख्या र विद्यार्थी संख्या अनुपात तथा विषयगत आवश्यकताको आधारमा दरबन्दी निर्धारण गरीनेछ । | पटक | ० | १ | ० | ० | ० | १ | | |
| ९ | रिक्त दरबन्दीमा स्थानीय स्रोतबाट शिक्षक नियुक्त गर्न कार्यविधि तयार गरिनेछ । | पटक | ० | १ | ० | ० | ० | १ | | |
| १२ | विषय विज्ञ शिक्षक सेवा निवृत्त शिक्षकको संजाल तयार गरिनेछ । | पटक | ० | ० | १ | ० | ० | १ | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

**शिक्षामा समता र समावेशीकरण भन्नाले विभिन्न प्रकारका व्यक्तिहरू, समूहहरू, र समाजका सबैलाई** समान रूपमा शिक्षा पाउने अवस्थालाई बुझिन्छ । शिक्षाको समावेशिताले सामाजिक न्याय, विभिन्न समूहहरूको प्रतिनिधित्व, अधिकार, र समानताको अवसर प्रत्याभुतिलाई बुझाउँछ । नेपालगंज उपमहा-नगरपालिकाको शिक्षा नीति, योजना तथा कार्यक्रममा जनसमुदायका विभिन्न भाषा, संस्कृति तथा पहिचानको आत्मसाथ गर्नुपर्ने हुन्छ ।

नेपालको शिक्षामा समावेशिताको लागि संघीय, प्रादेशिक तथा स्थानीय स्तरमा विभिन्न ऐन कानुनहरुको व्यवस्था रहेको छ । खासगरी, अल्पसंख्यक र पिछडिएका समुदायका बालबालिकाहरुको आवश्यकता सम्बोधन गर्न, प्रतिनिधित्व गर्न र समृद्धता गराउन बालबालिकाका हकहरूको संरक्षण ऐन २०७५, विशेष शिक्षा कार्यविधि २०६९, अनिवार्य तथा निशुल्क शिक्ष ऐन २०७६ तथा नेपालको संविधानको मौलिक हकहरु व्यवस्थित छन् । नेपालगंज उपहानगर-पालिकाको नीतिगत व्यवस्था अनुसार शिक्षा योजना तथा कार्यक्रममा सान्दर्भिक प्रावधानहरु जगमा शिक्षा क्षेत्रमा समावेशिता सूनिश्चित गरिनेछ ।

वर्तमानमा ज्ञान, ज्ञान प्राप्ति र यसको प्रसारणमा आएको विश्वव्यापी क्रान्तीको पछाडि सूचना तथा प्रविधिको साधनको महत्वपूर्ण भूमिका रहेको छ । शिक्षाले व्यक्तिलाई सृजनात्मक तथा समालोचनात्मक चेतको विकास गर्नुपर्ने आवश्यकता छ । दोहोरिने, संग्रह गर्ने तथा दिमागमा सम्झीरहनुपर्ने सूचनाहरुलाई क्ष्ऋत् मार्फत सिक्न सम्भव भएको छ । कम्प्युटर प्रविधि प्रत्येक व्यतिmको जीवन प्रणालीको रुपमा स्थापीत हुदै गएको छ । तसर्थ कोहोलपुर नगरपालिकाको शिक्षा क्षेत्रमा क्ष्ऋत् का अवयवहरुलाई तथ्याङ्क संकलन, प्रसोधन, सूचना आदानप्रदान, कक्षाकोठा सिकाइ जस्ता कार्यमा भरपुर प्रयोग गर्नुपर्ने आवश्यकता छ । यस सन्दर्भमा डिजिटल नेपाल फेमवर्क २०१८, सूचना तथा संचार नीति २०१६, शिक्षक सक्षमता प्रारुप २०७२ जस्ता प्रावधानका आधारमा नगरपालिकका विद्यार्थीका सिकाइलाई अभिवृद्धि गर्न, डिजिटल वर्गविभेद कमी गर्न तथा शिक्षामा विद्युतिय सुशासन स्थापित गर्न आवश्यक कार्य गर्नुपर्ने छ ।

त्यसैगरी, प्राकृतिक विपद्, बाढि, पहिरो, चटयाङ, भूकम्प, बन्द हडताल, रोगव्याधि जस्ता संकट तथा विपद्म विद्यार्थीको सिकाइ अबरुद्धहुने, सिकाइ क्षति हुने र दिर्घकालमा शैक्षिक क्षति भइ बालबालिकाको शैक्षिक तथा व्यवसायिक भविष्यमा समस्या आउने हुन्छ । विपद्को बेला बालबालिकाहरु सबै भन्दा प्रभावित समुहमा पर्दछन् । विपदको बेलमा उनिहरु भावनात्मक, मानसिक तथा शारिरिक असुरक्षाहुने, विभेदमा पर्ने तथा डर र चिन्ताले भविष्य सम्म असर पर्ने हुन सक्छ । यस्तो अवस्थामा शिक्षा क्षेत्रले लैङगीकता पक्ष, अपाङगताको पक्ष तथा मनोसामाजिक पक्ष विषेश जोड दिइ कार्यक्रम लागु गर्नुपर्ने हुन्छ । यस्ता विपद्को अल्पकालिन तथा दिर्घकालिन प्रभावको आँकलन गर्ने, प्रतिरोधात्मक पूर्वातयारी

तथा क्षति न्युनिकरण गर्दै नगरपालिकाले आवश्यकता छ । यसर्थ, नेपालगंज उपहानगर-पालिकाले समावेशिता, आईसीटी र विपद्मा शिक्षाका अवयवहरुलाई शिक्षा नीति, योजना तथा कार्यक्रममा प्राथमिकताका साथ अघि बढाउनुपर्ने आवश्यकता छ । यस क्षेत्रका सम्बन्धमा अवसरहरु रहेका छन्।

## ४.३.२ उद्देश्य

स्थानीय स्तरका कमजोर वर्ग तथा विविधता भएका बालबालिकाहरुको शिक्षामा सहभागिता सुनिश्चित गरी शिक्षामा समावेशिता कायम गर्न यस योजनाले देहाय बमोजिमका उद्देश्यहरु कायम गरिएका छन्।

**उद्देश्यहरुः**

१.शिक्षा व्यवस्थामा नगरवासीका विविध धार्मिक, सांस्कृतिक, भाषिक, जातिय र लैङंिगक पहिचानको प्रतिनिधित्व सूनिश्चित भएको हुनेछ ।

२. अल्पसंख्याक, पिछडिएका समुदाय, आर्थिक चपेटामा परेका परिवारका बालबालिकालाई निशुल्क शिक्षाको सूनिश्चता भएको हुनेछ ।

३. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउँन सूचना तथा संचार प्रविधिको बढोत्तरी प्रयोग भएको हुनेछ ।

४. विद्यालयहरुमा सूचना प्रविधिको (पूर्वाधार विकासमा लगानी बृद्धि भएको हुनेछ ।

५. कक्षाकोठाको सिकाइमा सूचना प्रविधिको साधन प्रयोग भएको हुनेछ ।

६. निरन्तर सिकाइ, शिक्षक विकास, सामाग्री निर्माण, तथ्याङ्क संकलन तथा प्रसोधन र सूचना आदन प्रदानमा सूचना प्रविधिको प्रयोग बृद्धि भएको हुनेछ ।

७. एकिकृत सिकाइ (अध्ययनलाई औपचारिक सिकाइको अभिन्न अंगको रुपमा विकास भएको हुनेछ ।

८. संकटको प्रतिकार्यको निम्ती पालिकास्तरीय संयन्त्रको निर्माण भएको हुनेछ ।

९. विद्यालय शान्ति क्षेत्र, हिंसामुक्त क्षेत्र तथा सुरक्षित क्षेत्रको रुपमा विकास भएको हुनेछ ।

१०. नगरपालिकाका विद्यालयहरुमा हरित विद्यालय कार्यक्रम लागु भएको हुनेछ ।

११. विपद् तथा संकटको अवस्थामा विद्यार्थीको सिकाइलाई निरन्तरता दिन बैकल्पिक विधिहरुको सूनिश्चिता गरिएको हुनेछ ।

१२. अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई लक्षित गरी पालिका स्तरमा १ वटा विद्यालय संञ्चालन संचालन भएको हुनेछ ।

## ४.३.३ रणनीति

यस योजनाले यस नगरपालिका मा बसोबास गरेका र शिक्षामा कमजोर वर्गको पहुँच विस्तार तथा समावेशीकरणलाई यथार्थमा लागू र सफल पार्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछः

१) उप महानगरनगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजीवी, समाजसेवी, नगरपालिका  तथा गैहसरकारी निकायहरुको साझेदारीमा सञ्चालन गर्ने

२) जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना गर्ने।

३) आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिने।

४) शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण गर्ने कार्यलाई प्राथमिकता दिने।

५) सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गर्ने।

६) असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मृत्यु भएका अभिभावकाका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गर्ने।

७) उपमहा-नगरनगरपालिका मा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशेष विद्यालय सञ्चालन गर्ने।

८) विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन गर्ने।

९) असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण गर्ने।

१०) स्थानीय पाठ्यक्रममार्फत र अन्य विद्यालयीय क्रियाकलापमार्फत विविधताको सम्मान गर्न सिकाउने पठन सामग्री र अवसर सिर्जना गर्ने

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

क) उपलब्धि

शिक्षामा कमजोर वर्गको समतामूलक पहुँच र गुणस्तरको सुनिश्चितता गर्ने

१) उपमहा-नगरनगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका आर्थिकरुपले विपन्न अपाङ्ग, असहाय र दलित बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने अभियानलाई स्थानीय राजनीतिक दल, स्थानीय बुद्धिजिवी, समाजसेवी, नगरपालिका  तथा गैहसरकारी निकायहरुको साझेदारीमा सञ्चालन हुने।

२) जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्यार्थीहरुको सिकाइ आवश्यकता सम्बोधन गरिनुका साथै अपाङ्गता भएका बालबालिकाको पहिचान एवम् लेखाजोखा गरी उचित शैक्षिक अवसरको सिर्जना हुने।

३) आर्थिकरुपले विपन्न, असहाय र अपाङ्ग बालबालिकाहरुलाई विपन्न लक्षित छात्रवृत्ति, स्वास्थ्य केन्द्रमा प्राथमिकता दिइएको हुने।

४) शिक्षण संस्थाहरुमा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपाङ्गमैत्री पूर्वाधारको निर्माण भएको हुने।

५) सबै किसिमका बालबालिकाको शिक्षामा समावेशीकरण गर्न आवश्यक नीतिगत व्यवस्था हुने।

६) असहाय, अपाङ्ग, सडक बालबालिका, द्वन्द्वपीडित, घाइते, वेपत्ता तथा सहिद परिवार एवम् कोरोना भाइरसका कारण मृत्यु भएका अभिभावकका बालबालिकाहरुका लागि विशेष सुविधा तथा अवसर प्रदान गरिने।

७) नगरपालिका मा अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गरी बहुउद्देश्यीय विशेष विद्यालय सञ्चालन भएको हुने।

८) विशेष/समावेशी शिक्षाको पाठ्यक्रमको विकास गरी क्रमशः कार्यान्वयन भएको हुने।

९) असहाय, अनाथ, सुस्तमनस्थिति भएका बालबालिकालाई मनोपरामर्श दाता तथा विज्ञहरुबाट आवश्यकतानुसार सहजीकरण हुन सक्ने आवश्यक संयन्त्र निर्माण भएको हुने।

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५.६ | ५ | ४ | ३ | २ | १ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९ | १ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.८६ | १ | १ | १ | १ | १ |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | समावेशी शिक्षक नियुक्ती | निरन्तर | | | | | | | नियमानुसार |
| २. | लक्षित समुदायका बालबालिकालाई आवासिय सुविधा सहितको विद्यालय | संख्या | १ | | | | | १ | |
| ३. | आधारभूत तहको स्थानीय पाठ्यक्रम | विद्यालय प्रतिशत | १०० | | | | | १०० | संस्थागत विद्यालय सहित |
| ४. | पालिकाको शैक्षिक संरचनामा समावेशी प्रतिनिधित्व | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नियमअनुसार |
| ५. | शिक्षककहरुलाई विद्युतिय | शिक्षक | ६० | ७० | ८० | ९० | १०० | १०० | संस्थागत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीको उपलब्धता | प्रतिशत | | | | | | | विद्यालय सहित |
| ६. | एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोग IEMIS को प्रयोग | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ७. | विद्यालयमा विद्युतिय पुस्ताकालय संञ्जाल निर्माण | विद्यालय प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ६० | |
| ८. | कक्षाकोठामा स्मार्ट बोड, स्मार्ट टि.भी, प्रोजेक्टर आदि सूचना प्रविधिका सामग्रीको पहुँच | विद्यालय प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ६० | |
| ९. | विद्यालयमा इन्टरनेटको व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| १०. | भर्चुअल शिक्षक विकासका कार्यक्रम | शिक्षक प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ६० | संस्थागत समेत |
| ११. | पालिका स्तरीय विपद् व्यवस्थापन संयन्त्र विकास | निरन्तर | १०० | | | | | १०० | नियमअनुसार |
| १२. | विद्यालय स्तरीय विपद् व्यवस्थापन संयन्त्र विकास | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | नियमअनुसार |
| १३. | विपद्को समयमा निरन्तर सिकाइको सूनिश्चता | विद्यालय प्रतिशत | ४० | ५० | ६० | ७० | ८० | ८० | संस्थागत सहित |
| १४. | सूरक्षित विद्यालय आचार संहिता कार्यान्वयन | विद्यालय प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | मापदण्ड,संस्थागत सहित |
| १५. | हरित विद्यालय मापदण्ड विकास तथा कार्यान्वयन | विद्यालय प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | मापदण्ड,संस्थागत सहित |
| १६. | बैकल्पिक सिकाइ रणनीति निर्माण तथा कार्यान्वयन (टोल सिकाइ, घुम्ती सिकाइ, रेडियो, टेलिभिजन तथा अनलाइन) | विद्यालय प्रतिशत | १० | २० | ३० | ४० | ५० | ५० | मापदण्ड,संस्थागत सहित |
| १७. | सुस्त श्रवण भएका बालबालिकालाई साङ्केतिक भाषा तथा | विद्यार्थी प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | विद्यार्थी छनौट मापदण्ड |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दृष्टिविहिन र न्यून दृष्टि भएका बालबालिकालाई ब्रेललिपिका साथै अन्य उपकरणबाट सिक्ने अवसर | | | | | | | | |
| १८. | वृहत यौनिक शिक्षा | विद्यालय प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | विद्यार्थी छनौट मापदण्ड, संस्थागत सहित |
| १९. | अटिजम तथा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई लक्षित विद्यालय संचालन | संख्या | १ | | | | | १ | मापदण्ड |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

नेपालगंज उपमहा-नगरपालिकाले संघीय, प्रदेशिक तथा स्थानीय नीति तथा कार्यक्रम अनुसार प्रारम्भिक बालविकासदेखि माध्यमिक तह सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने व्यवस्था मिलाउनुपर्ने आवश्यकता छ । यसका लागि प्राथमिकतामा रहेका विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पिउने पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेको सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था गर्नुपर्ने आवश्यकता छ । त्यस्तै गरी, विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, भिटामिन ए र आइरन फोलिक, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व वितरण र किशोरीहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको नियमित वितरणको सूनिश्चिता गर्नुपर्ने छ । विद्यालय नर्स कार्यक्रम, विद्यालय इको क्लब, स्वास्थ्य जाँच तथा खोपको व्यवस्थापन जस्ता कार्यक्रम मार्फत विद्यार्थीहरुको स्वाथ्य र पोषणको अवस्था बारे चेतना विकास गर्नुपर्ने आवश्यकता छ ।

### ४.४.२ उद्देश्यहरू

१. संघीय नीति तथा स्थानीय आवश्यकता अनुसार बालविकास तह देखि कक्षा ५ सम्मका बालबालिकालाई पोषणयुक्त दिवा खाजाको व्यवस्था सूनिश्चित भएको हुनेछ ।
२. स्थानीय उत्पादनमा आधारित खाद्य सामग्रीको प्रयोगलाई बढवा दिएको हुनेछ ।
३. किशोरी स्वाथ्यको लागि छात्रा शौचालय, सरसफाइ, सेनिटरी प्याड जस्ता आधारभूत आवश्यकताको आपूर्ति भएको हुनेछ ।

४. स्वाथ्य निकायहरुको सहकार्यमा बालबालिकाको स्वाथ्य जाँचकार्य सूनिश्चित भएको हुनेछ ।

५. विद्यालय नर्स कार्यक्रम मार्फत विद्यार्थी तथा अभिभावकहरुलाई स्वाथ्य चेतनाको अभिवृद्धि गरिएको हुनेछ ।

४.४.३ रणनीति

४.४.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**४.४.५प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १. | पोषण युक्त दिवा खाजाको प्रबन्ध | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| २. | स्थानीय उत्पादनमा आधारित खाद्य सामग्रीको प्रयोग | विद्यालय प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० | |
| ३. | WASH सुविधा तथा वर्नर सुविधा सहितको किशोरी शौचालय | विद्यालय प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ६० | संस्थागत |
| ४. | विद्यालयमा स्वच्छ र शुद्ध पिउने पानीको आपूर्ति | विद्यालय प्रतिशत | ३० | ४० | ५० | ६० | ७० | ७० | संस्थागत सहित |
| ५. | सेनिटरी प्याडको व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संस्थागत |
| ६. | विद्यालयमा स्तनपान कक्षको व्यवस्थापन | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संस्थागत |
| ७. | विद्यालय नर्सको व्यवस्थापन | विद्यालय प्रतिशत | १० | १५ | २० | २५ | ३० | ३० | |
| ८. | स्वास्थ्य चेतनाको कार्यक्रम | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संस्थागत |
| ९. | पालिका स्तरको बाल वातावरण क्लब  संजाल | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संस्थागत |
| १०. | विद्यालय स्तरमा बाल वातावरण क्लब | विद्यालय प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संस्थागत |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको रुपमा लिने गरिन्छ।यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बाललबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट

बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरुपमा क्रियाशिल हुने गरी शैक्षिक कार्यक्रमहरुका तयारी तथा सञ्चालन गर्नु हो।

विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षामा परेको प्रभाव, बि.स.२०७१ को बाढी, २०७२ सालको विनाशकारी भुकम्प, वर्षेनी हुने आगलागी तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरुका साथै कोभिड-१९ लगायतका महामारीहरुका प्रभावका कारण बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस योजनामा आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम, र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बोधन गर्ने, छुट्टै योजना बनाउने कि योजनाको हरेक अंगमा यस विषयको प्रत्याभूति गर्ने, प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित ने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने, अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने, कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन् त कतिपय राष्ट्रिय त कतिपय स्थानीय तहका हुन्छन्, यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने, योजना तत्कालीन बनाउने कि दीर्घकालीन तथा संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के  हहुने भन्ने विषय नै चुनौतीको रुपमा रहेका छन्।चुनौतीहरुलाई विचार गरेर सबै प्रकारका सम्भावित संकटकालिन अवस्थालाई व्यवस्थापन गर्ने गरी स्रोत, साधन र जिम्मेवारीको होसियारीपूर्वक सम्बोधन गर्नु संघीय सरकारका तीन अंगले अन्तरसम्बन्ध कायम गर्दै योजना निर्माण गरी कार्यान्वयन गर्न पाउनु यस नगरपालिका ले अवसरका रुपमा लिनु पर्दछ।

### ४.५.२ उद्देश्य

आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न देहाय बमोजिमका उद्देश्यहरु कायम गरी यस योजनामा समावेश गरिएका छन्।

#### उद्देश्यहरु

१) संकटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु
२) सम्भावित संकटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु
३) संकटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु
४) अल्पकालीन पुनर्स्थापना गर्ने उपायहरु अवलम्बन गर्न अभ्यस्त बनाउनु
५) विपद् व्यवस्थापन नक्साङ्कन गर्नु

६) आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकार सुनिश्चित गर्नु

### ४.५.३ रणनीति

१) उपमहा-नगरनगरपालिको शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्षरुपमा प्रभाव पार्ने, विपत वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने।

२) संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना र विद्यालयहरुले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने गराउने।

३) शिक्षासम्बन्धी ऐन, कानून, पाठ्यक्रम र शिक्षासम्बन्धी नीतिहरुको पुनरावलोकन गरी आवश्यकतानुसार परिमार्जन गर्दा विपद तथा संकटमा शिक्षासम्बन्धमा विकास गरिएका मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरुलाई एकीकृत गर्ने।

४) विपद प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गर्ने।

५) शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधी, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने।

६) विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकारको तयारी, रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गर्ने।

७) विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनामा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरुको सहभागिता र सहयोगसमेत परिचालन गर्ने।

८) विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्य जिल्ला र स्थानीय तहहरुमा तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका सफल अभ्यासहरुलाई स्थानीयकृत गर्ने।

९) विपद व्यवस्थापनका परम्परागत ज्ञान, सीप तथा अनुभवहरुलाई समयानुकूल पुनर्व्याख्या तथा प्रयोगमा ल्याउने।

१०) विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन स्थानीय राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरु र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने।

११) प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु, परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षाजस्ता कारयक्रमहरुलाई कार्यान्वयनमा ल्याउने।

### ४.५.४ प्रमुख उपलब्धी तथा नतिजा

क) उपलब्धी

१) आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने।

२) विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने

३) सम्भावित विपतको व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने

ख) प्रमुख नतिजा

१) विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने

२) भुकम्प प्रतिरोधी विद्यालय भवन र आपतकालीन शैक्षिक योजना स्वीकृति र कार्यान्वयन हुने।

३) महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह/सिकाइको निरन्तरता हुने।

४) युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाइसराइ आदि भएको अवस्थामा पनि आधारभूत आवश्यकतासहित सिकाइको निरन्तरता भएको हुने

४.५.४ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १ | २ | ३ | ४ | ५ |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| २ | नगरपालिका आपतकालीन शिक्षण योजना निर्माण र कार्यान्वयन | नगरपालिका | | पटक | १ | | | | |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | नगरपालिका | | पटक | १ | १ | १ | १ | १ |
| ४ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | नगरपालिका | | जना | १० | १० | १० | १० | १० |
| ५ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन | विद्यालय | | निरन्तर | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विपत् प्रतिकार्य योजना निर्माण | विद्यालय | | वर्ष | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक | प्रत्येक |

## ४.६ विद्यालय भौतिक पुर्वाधार विकास

### ४.६.१ वर्तमान अवस्था

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्।एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ।राष्ट्रिय नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ।

यस खण्डमा यस पालिकाअन्तर्गत विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरु पहिचान गरी विद्यालयको भौतिक पूर्वाधार विकासका लागि उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्य उल्लख गरिएको छ।

१. पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउनु
२. सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उपयुक्त मापदण्ड र मोडालिटी पालन गर्नु
३. अधिकांश विद्यालयहरुको भोगचलनमा जग्गाहरु कम रहेकोले उपयुक्त भौतिक संरचना निर्माण गर्न ठाउँ नपुग्नु
४. सबै विद्यालयमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री संरचना बनाउनु
५. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान नहुनु
६. आवश्यक स्रोतको अभाव हुनु

### ४.६.२ उद्देश्य

१) सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु
२) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन गर्नु
३) गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु
४) विद्यालयहरुको लागि आवश्यक मात्रामा जग्गाहरुको व्यवस्थापन गर्नु
६) आवश्यकतानुसार पूर्वाधारहरुको मर्मत, रंगरोगन र रेट्रोफिटिङ गर्नु

### ४.६.३ रणनीति

१) विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा भौतिक संरचनाहरु निर्माणको प्राथमिकीकरण गर्ने
२) विद्यालयको जग्गा व्यवस्थापनका लागि जग्गादातालाई प्रोत्साहन गर्ने र ऐलानीप्रति जग्गाहरुसमेत विद्यालयको नाममा गर्ने
३) पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोतका लागि संघीय, प्रदेश सरकार, चन्दादाता, संघसस्थाहरुसँग समन्वय गर्ने
४) एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माण गर्ने गरी बजेट व्यवस्थापन गर्ने
५) विद्यालय पूर्वाधार विकास मास्टर प्लान विकास र कार्यान्वयन गर्ने
६) आवश्यकतानुसार मर्मत, रंगरोगन र रेट्रोफिटिङका कार्य गर्ने योजना कार्यान्वयन गर्ने
७) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रोइङहरु पालन गर्ने

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१) सबै प्रकारका विद्यार्थीहरुलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्रदान गर्ने

**ख) नतिजा**

१) विद्यालय पूर्वाधार विकास मास्टर प्लान तयार भई कार्यान्वयन भएको हुने
२) विद्यालय शिक्षा पूर्वाधारका लागि राष्ट्रिय मापदण्ड र डिजाइन ड्रइङहरु पालन भएको हुने
३) विद्यालयहरुलाई आवश्यकतानुसार पर्याप्त जग्गा उपलब्ध भएको हुने
४) पुराना संरचनाहरु मर्मत, रंगरोगन तथा रेट्रोफिटिङ भएको हुने
५) एक विद्यालय सम्पूर्ण पूर्वाधार ( A school with complete infrastructure) बमोजिमले कम्तिमा दुई विद्यालयको संरचना विकास भएको हुने।

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | मर्मत तथा रंगरोगन | विद्यालय र नगरपालिका | पटक | आवश्यतानुसार | आवश्यतानुसार | आवश्यतानुसार | आवश्यतानुसार | आवश्यतानुसार |
| २ | पूर्वाधार विकास मास्टर प्लान | नगरपालिका | पटक | १ | | | | |
| ३ | जग्गादाता तथा जग्गादाता व्यवस्थापन | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ४ | एक विद्यालय सम्पूर्ण | नगरपालिका | पटक | | १ | | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुर्वाधारअनुरुप पुर्वाधार निर्माण | | | | | | | |
| ५ | भौतिक संरचना निर्माण अभिमुखीकरण | नगरपालिका | निरन्तर | | | | | |
| ६ | विद्यालय भवन निर्माण | नगरपालिका | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| ७ | शौचालय निर्माण तथा मर्मत | नगरपालिका | सख्या | ५ | ५ | ५ | ५ | ५ |

### ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

#### ४.७.१ वर्तमान अवस्था

नेपालको संविधान २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिको कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीतिहरु उल्लेख गरेको छ। डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसहरुमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस शिक्षा प्रदान गर्ने र शिक्षाको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धि साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसिकाइका लागि इन्टरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरु वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील भएको, सबै विद्यालयहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड हुनु, कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु, छापाका शिक्षण सिकाइ सामग्रीहरु, रेडियोबाट प्रसारित सामग्रीहरु, टि.भी.बाट प्रसारित सामग्रीहरु, वेभसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरु, Online Based Zoom Meeting सिकाइको विधि हुनु, सबै माध्यमिक विद्यालय तथा केही विद्यालयहरुमा

इन्टरनेट हुनु तथा अन्यमा केही समयमा जडान गर्न सम्भावना हुनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरुको छनौट विकास र प्रयोगलाई नगरपालिका ले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरु हुन्।

### ४.७.२ उद्देश्य

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्न देहाय बमोजिमका उद्देश्यहरु निर्धारण गरिएका छन्।

**उद्देश्यहरु**

१) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु।
२) डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा शिक्षामा पहुँच पुर्याउनु।
३) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरिटो र सस्तो बनाउनु।
४) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु।
५) विपत् तथा संकटको समयमा समेत विद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु।

### ४.७.३ रणनीति

१) सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपचरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने।
२) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरुको विकास गर्ने।
३) नगरपालिका का विद्यालयहरुले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको E-Learning Portal (सिकाइ चौतारी) शिक्षणसिकाइमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने।
४) विश्वव्यापीरुपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरुमा इनटरनेटको सुविधा विस्तारमार्फत विद्यालय एवम् विद्यार्थीहरहुको पहुँच विस्तार गर्ने।
५) IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलवी प्रतिवेदन पारित गर्नेजस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ। साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
६) सामुदायिक अध्ययन केन्द्रहरुलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गर्ने।

७) संघ र प्रदेशसँग समन्वय गरी नगरपालिका  र इन्टरनेट प्रदायक संस्थाहरुबिच समन्वय र सहकार्य वृद्धि गर्ने।
८) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरुको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सीपमा क्षमता विकास गर्ने।
९) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गर्ने।
१०) विद्यालयहरुमा प्रविधिसँग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेशसँग सहकार्य र समन्वयात्मक ढङ्गले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिने।
११) विद्यालयमा शिक्षक तथा कर्मचारीलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहन गर्ने।
१३) कक्षा ८-१२ का महत्त्वपूर्ण विषयहरुमा भर्चुअल सिकाइका लागि आवश्यक व्यवस्थापन गर्ने।
१४) विपत् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रुपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गर्ने।
१५) महामारीको समयमा विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई रेडियो र टेलिभिजनको प्रयोगलाई जोड दिने।
१६) सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट, विद्युतीय हाजिरी र सिसी टिभी  क्यामेराको व्यवस्था गर्ने।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पपुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आइ सुशासन प्रवर्द्धन भएको हुने।

**ख) नतिजा**

१) नगरपालिका मा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन हुने।
२) नगरपालिका भित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भइ सबैको सहज पहुँच पुग्ने।
३) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीहरुमा विद्यार्थीहरुको सहज पहुँच हुने।
४) सबै सामुदायिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापन कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेको हुने।
५) सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।
६) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुने।
७) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार गर्ने।

८) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत हुने।
९) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्ने।
१०) कक्षा ८-१२ का शिक्षण सिकाइमा भर्चुअल सिकाइ हुने।
११) विपत् तथा संकटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने।
१२) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारीरुपमा परिचालन हुने तथा विभिन्न वेभसाइट तथा Learning Portal हरुमा विद्यार्थीहरुको पहुँच र प्रयोग भएको हुने।
१३) सबै माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी र सिसी टिभी क्यामेराको व्यवस्था हुने।

४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | इकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गर्ने | नगरपालिका र विद्यालय | आवश्यकतानुसार | | | | | |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | विद्यालय र नगरपालिका | पटक | १ | | | | |
| ३ | शिक्षक तथा कर्मचारूहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |
| ४ | एक शिक्षक एक ल्यापटप कार्यक्रम | नगरपालिका | पटक | १ | १ | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | नगरपालिका | पटक | १ | | | | |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | विद्यालय | पटक | १ | १ | १ | १ | १ |
| ७ | साइबर कानूनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण | नगरपालिका | पटक | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | भर्चुअल कक्षा सञ्चालन | विद्यालय | आवश्यकतानुसार | | | | | |
| ९ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | नगरपालिका र विद्यालय | पटक | १ | १ | १ | | |

## परिच्छेद : ५
## तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्ध

### ५.१ परिचय

नेपालको संविधान २०७२ ले नेपाललाई संघीय राज्यको रुपमा व्यवस्था गरी मुलकुमा तीन तहका सरकारहरुले काम गरिरहेको अवस्था छ । जसअन्तर्गत मुलुकमा अहिले एउटा संघीय सरकार, सातवटा प्रदेश सरकार र ७५३ वटा स्थानीय सरकारहरु रहेका छन् । संघीय संरचना अनुसार सबैले शिक्षा प्राप्तिको अधिकार सुनिश्चितताका लागि संविधानको अनुसूची ५, ६, ८ र ९ मा व्यवस्था गरिएको छ । अनुसूची ५ को बुँदा १५ ले संघको एकल शैक्षिक दायित्व तोकेको छ । अनुसूची ६ को बुदाँ ८ ले प्रदेशको एकल शैक्षिक दायित्व उल्लेख गरेको छ । त्यस्तै अनुसूची ६ को बुदाँ १८ ले भाषा, लिपि आदिलाई संघीय सरकार तथा प्रदेश सरकारको साझा जिम्मेवारीमा राखेको छ । अनुसूची ८ को बुदाँ ८ ले स्थानीय सरकारको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक तहको शैक्षिक दायित्वको व्यवस्था गरेको छ ।अनुसूची ९ को बुँदा २ ले स्थानीय सरकार, प्रदेश सरकार, तथा संघीय सरकारको साझा शैक्षिक दायित्व उल्लेख गरेकोछ । संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा पालिकाले शिक्षा क्षेत्रको नेतृत्व गरेकोछ ।

### ५.१.२ वर्तमान अवस्था

संघीय तहमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय शिक्षा नीति, नियम बनाउनुका साथै देशका लागि आवश्यक जनशक्ति निर्माणमा शिक्षा क्षेत्रमा लगानीको वातावरण बनाउने कार्य गरेको छ । उच्चदेखि मध्यम तहसम्मको जनशक्ति विकास, पाठ्यक्रम विकास, प्रमाणीकरण, व्यवस्थापन तथा नियमन गर्नका लागि संस्थागत संरचना विकास गरेको छ । संविधानले संघीय सरकार मातहत उच्च शिक्षातर्फ केन्द्रीय विश्वविद्यालयहरु र यससँग सम्बन्धित संकायहरु, आंगिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरु, पाठ्यक्रम विकास केन्द्र, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्रहरु, विभिन्न आयोग तथा कार्यालयहरु रहेका छन । त्यसैगरी विद्यालय शिक्षातर्फ शिक्षा तथा मानव श्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्र लगायत विभिन्न समिति, आयोगहरु क्रियाशील रहेका छन । त्यसैगरी विभिन्न प्रज्ञा प्रतिष्ठानहरु, पुस्तकालयहरु, अनुष्ठानहरु पनि रहेका छन ।

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णय अनुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालय स्थापना भइ सञ्चालनमा रहेको छ । सामाजिक विकास मन्त्रालयअन्तर्गत स्वास्थ्य तथा जनसंख्या, शिक्षा तथा मानव संशाधन, महिला तथा बालबालिका, युवा तथा खेलकुद, भाषा, धर्म तथा संस्कृति, श्रम तथा रोजगार, पोषण, खानेपानी तथा सरसफाइ गरी ७ वटा विषयगत कार्यक्षेत्र रहेका छन् । संविधानले स्थानीय तहको अधिकार र जिम्मेवारी भनी आधारभूत तहको शिक्षालाई तोकेकोमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ ( ज) मा आधारभूत र माध्यमिक शिक्षा अन्तर्गत स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरु देहायबमोजिम तोकिएको छः

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक एवम् निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयहरुको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
८. विद्यालयको नामाकरण,
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
१५. विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
१७. ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास र

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले स्थानीय सरकारको जिम्मेवारीभित्र देहायका कुराहरु समावेश गरेको छः

१. प्रारम्भिक बाल विकास सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन एवं प्रारम्भिक बालविकास केन्द्रको अनुमति, सञ्चालन र व्यवस्थापन,

२. आधारभूत शिक्षा सम्बन्धी कानून, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन तथा आधारभूत विद्यालय अनुमति, स्वीकृति, व्यवस्थापन र नियमन,

३. अनौपचारीक, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

४. निरन्तर सिकाई तथा सामुदायिक सिकाइ केन्द्र सम्वन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङ्कन र नियमन,

५. अभिभावक शिक्षा सम्बन्धी कानून, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

६. खुला तथा दूर शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

७. आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

८. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुगमन, मूल्याङकन र नियमन,

१०. गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

११. विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,

१२. विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,

१३. स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेशस्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,

१४. विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,

१५. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,

१६. विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,

१७. सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

१८. आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,

१९. स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,

२०. अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,

२१. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन, र स्तरीकरण,

२२. सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,

२३. विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,

२४. शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी, कार्यशाला, सञ्चालन,

२५.स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
२६.विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
२७.गाउँ तथा नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
२८.विद्यालयको नामाकरण, नाम परिवर्तन र स्थानान्तरण,
२९.विद्यालयको चल अचल सम्पत्तिको अभिलेख, सुरक्षा र संरक्षण,
३०.स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास एवं कार्यान्वयन र संघ तथा प्रदेश स्तरबाट विकास गरिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण एवं कार्यान्वयन सहजीकरण,
३१.विद्यालयको गुणस्तर अभिवृद्धि योजना तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन,
३२. राष्ट्रिय मापदण्डका आधारमा सार्वजनिक विद्यालयको शिक्षक दरवन्दी पुनर्वितरण र मिलान,
३३.विद्यालयको नक्शाङ्कन, समायोजन तथा नियमन,
३४.सार्वजनिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
३५.आधारभूत तहको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण,
३६.स्थानीय स्तरमा विद्यार्थी सिकाई उपलव्धीको परीक्षण र व्यवस्थापन,
३७.अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन, विद्यार्थी प्रोत्साहन व्यवस्थापन,
३८.स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप, प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,
३९.सार्वजनिक विद्यालयलाई अनुदान प्रदान तथा सोको बजेट व्यवस्थापन,
४०.विद्यालयको आर्थिक अनुशासन, अनुगमन र लेखापरीक्षण,
४१.शिक्षक र कर्मचारीको क्षमता विकास, तालिम, अभिमुखीकरण, गोष्ठी एवम् कार्यशाला सञ्चालन,
४२.स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
४३.विद्यालय शिक्षक तथा कर्मचारीको पुरस्कार र प्रोत्साहन व्यवस्थापन,
४४.अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन तथा व्यवस्थापन

संविधान र ऐनकानुनले तोकिएका जिम्मेवारीहरू सम्पादन गर्नका लागि लुम्बिनी प्रदेशमा सामाजिक विकास मन्त्रालयको नेतृत्वमा सामाजिक विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र र प्रत्येक दुई जिल्लामा काम गर्नका लागि सामाजिक विकास डिभीजन कार्यालयहरुको स्थापना गरी कामकाज भइरहेको छ । संघीय सरकारको मातहतमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश सरकारको मातहतमा रहेको सामाजिक विकास डिभीजन कार्यालयको बीचमा कामकाजको क्रममा सरोकारवालाहरुको बीचमा अनावश्यक द्विविधा देखिएको अवस्था पनि छ । यद्यपि यस्ता द्विविधाहरु अरु सवालहरुमा पनि देखापरेका छन् । संविधानले तोकेबमोजिमका शिक्षाका कार्यहरु स्थानीय तहमा शिक्षा, युवा तथा खेलकूद शाखाबाट संचालन हुदै आइरहेको छ ।

मुलुकमा मूल कान'नको रुपमा संविधान जारी भए पनि अरु कानूनहरु बनिसकेको अवस्था छैन । संविधानले कुन सरकारले शिक्षाको कुन काम गर्ने भन्ने सम्बन्धमा कानून बनाइ व्याख्या गर्नु आवश्यक छ । यस्तो अवस्थामा शिक्षा ऐन पुरानै छ र संघीयताको मर्म अनुरुप संशोधन हुन सकिरहेको छैन । कतिपय स्थानीय तहबाट संविधानले आफुलाई दिएको अधिकार भनेर शिक्षकको नियुक्ति र सरुवा, एसइइको परीक्षा सञ्चालन, विद्यालयहरुको भौतिक पूर्वाधार विकास लगायतका सवालहरुमा काम गर्न रुचि देखाएको अवस्था छ । विद्यालय शिक्षासम्बन्धी धेरै अधिकार स्थानीय तहलाई भएको र हालको

अवस्थामा स्थानीय तहमा शिक्षासम्बन्धी काम गर्ने संरचना र जनशक्ति नभएको कारण शिक्षामा केही द्विविधा र केही अलमलको स्थिति देखिएको छ । पुरानो संरचना अन्तर्गतका स्रोतकेन्द्रहरु खारेज गरिएको कारण विद्यालयहरुमा हुने सुपरीवेक्षण र अनुगमन प्रायM शून्य भएको अवस्था छ ।

### ५.१.३. चुनौति र अवसर

संविधानमा संघ, प्रदेश र स्थानीय तहको शिक्षाका अधिकारका सम्बन्धमा गरेको व्यवस्थाका बारेमा सबको बुझाइमा एकरुपता कायम हुनु, शिक्षाको बजेट बाँडफाँडको सम्बन्धमा मतैक्यता हुनु, एकअर्का बीचको समन्वयका लागि सुदृढ कानूनी एवम् संस्थागत र संरचनागत व्यवस्था हुनु, संघीय संरचनाअनुसारको शिक्षाको ऐनकानून निर्माण हुनु, स्थानीय तहमा शिक्षासम्बन्धी पर्याप्त जनशक्ति र संरचनाको व्यवस्था हुनु जस्ता चुनौतिहरु प्रमुख रुपमा रहेका छन् । त्यसरी नै संविधानले तोकेका शिक्षाका साझा अधिकारको सूचीमा थप स्पष्टता ल्याउनु, शिक्षाका तहगत संरचनाहरुको आवश्यकताको आधारमा व्यवस्थापन गर्नु, अभिभावक र शिक्षाका सरोकारवालाहरुको शिक्षा र बालबालिकाप्रति समुचित किसिमले चेतनाको विकास र ध्यानाकर्षण गराउनु, सामुदायिक विद्यालयहरुको क्षमता विकास गर्नु, स्थानीय तहमा सुपरीवेक्षण र अनुगमन गर्नका लागि उपयुक्त संरचना र क्षमताको विकास गर्नु, स्थानीय तहमा भएको शिक्षासम्बन्धी अधिकार र जिम्मेवारी अनुसार आवश्यक पर्ने संरचना र जनशक्तिको विकास गर्नु आदि  पनि उल्लेख्य चुनौतिको रुपमा रहेका छन् ।

नेपालको संविधानले नै तीन तहका सरकारहरुले गर्नु पर्ने शिक्षाका जिम्मेवारीहरु किटान गरेको अवस्था छ । मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली सहित संघीय राज्य प्रणाली कार्यान्वयनमा आएपछि तीनवटै तहका सरकारहरुबाट शिक्षाको संरचनामा थप चासो राखेर काम गर्ने जमर्को भइरहेको छ ।  तीनवटै सरकारहरुले आआफ्नै किसिमले क्षमता विकासका कार्यक्रम संचालन गरिरहेका छन् ।  विद्यालयहरुको भौतिक संरचनाको विकास र विस्तारले तुलनात्मक किसिमले प्राथमिकता पाएको अवस्था छ । बिशेषगरी राजापुर उप-महानगरपालिकाले  प्राथमिक तहमा शिक्षक दरबन्दी पर्याप्त देखिन्छ । यस पालिकाले आफ्नो सामान्यीकरण बजेटको केही बजेट शिक्षामा पनि लगानी गरेको अवस्था छ । बालविकासका सहयोगी कार्यकर्ताहरुको सुविधामा थप गरेको अवस्था छ । प्रारम्भिक बालविकासदेखि कक्षा १२ सम्मको कक्षा संचालनको अनुमति स्थानीय तहले नै दिने भएको हुँदा विद्यालयहरुलाई तह वा कथा थप गर्ने काममा सहज भएको छ । यत्तिमात्र नभइ विद्यालयहरुको समायोजन गर्न पनि सहज देखिएको छ । पालिकाको दृष्टिबाट उल्लिखित पक्षहरुलाई शिक्षामा भएका अवसरहरुको रुपमा लिन सकिन्छ ।

### ५.१.४ उद्देश्य र रणनीतिक क्रियाकलापहरु

गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास हुनु योजनाको प्रस्तुत विषय क्षेत्रको समग्र उद्देश्य रहेको छ भने यसका उद्देश्य र रणनीतिक क्रियाकलापहरु निम्नबमोजिम रहेका छन् ।

| क्र सं | उद्देश्यहरु | रणनीतिक क्रियाकलापहरु |
|---|---|---|

| | | |
|---|---|---|
| १ | संविधानको मर्मअनुसार आवश्यक पर्ने कानून निर्माण गरी तीनै तहको सरकारको बीचमा अधिकार र जिम्मेवारीका सम्बन्धमा देखिएका अन्यौलताहरुको निराकरण गर्न योगदान गर्नु । | १. संघीय सरकारबाट शिक्षासम्बन्धी नीति र मापदण्ड निर्माण, प्रदेश र स्थानीय सरकारलाई बजेट र मार्गदर्शन प्रदान, पाठ्यक्रमको प्रारुप तयार निर्माण, स्थायी शिक्षक छनौट र सिफारिस, माध्यमिक तहको अन्तमा हुने परीक्षा सञ्चालन, शैक्षिक अनुसन्धान, शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय निकाय र नियोगहरुसँग समन्वय र सहकार्य, संस्थाहरुको सक्षमता मापन सम्बन्धी मापदण्ड निर्माण आदिसम्बन्धी काम र सोको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशन गरिनेछ ।<br>२. प्रदेश सरकारले प्रदेशको शिक्षासम्बन्धी नीति बनाउने, प्रदेशको आवश्यकता अनुसारको उच्च तहसम्मको शिक्षा प्रदान गर्ने, पुस्तकालयको विकास र विस्तार गर्ने, अनौपचारिक र भरचुअल एवम दूर शिक्षा मार्फत शिक्षा प्रदान गर्ने, जनशक्तिको क्षमता विकास गर्ने, माध्यमिक शिक्षा परीक्षा सञ्चालन र सोको प्रमाणीकरण गर्ने, विद्यालय तहको पाठ्यक्रम र सन्दर्भसामग्री निर्माण र विकास गर्ने, शिक्षकको अभिलेख र सेवासुविधासम्बन्धी काम गर्ने, प्राविधिक र व्यावसयिक शिक्षासम्बन्धी काम गर्ने, माध्यमिक तहका शिक्षकको कार्यसम्पादन मूल्याङकन र बढुवासम्बन्धी काम गर्ने एवम् विद्यालय नक्साङ्कन गर्ने जस्ता कामहरु सम्पादन गर्नेछ ।<br>३. शिक्षण पेशाप्रति समर्पित र सक्षम जनशक्तिलाई शिक्षण पेशामा प्रवेश गर्ने गराउने वातावरणको सिर्जना गर्नका लागि व्यक्तिको मनोबैज्ञानिक र मनोसामाजिक पक्ष एवम् प्रविधिसम्बन्धी सीप र दक्षता मापन गर्ने किसिमले शिक्षक छनौटको पाठ्यक्रमलाई पुनरावलोकन गरी कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>४. तीनवटै सरकार र तिनका संरचनाहरुको बीचमा प्रभावकारी रुपमा सहकार्यको वातावरण निर्माण गर्नका लागि कानूनद्वारा नै कसले के काम गर्ने भनी स्पष्ट रुपमा किटान गरिनेछ र को कुन सरकारको भनेर खोजी गर्नुभन्दा पनि हामी सवै नेपाली हौं भन्ने भावनाबाट अभिप्रेरित भइ काम गर्ने संस्कृतिको विकास गरिनेछ । |
| २ | संविधानबाट प्रदत्त अधिकार र जिम्मेवारीहरुको | १.संघीय सरकारबाट आफूलाई तोकिएका काम र जिम्मेवारी सम्पादन गर्नका लागि शिक्षा, विज्ञान तथा खेलकुद मन्त्रालय, शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्र, शिक्षक सेवा |

| | | |
|---|---|---|
| | प्रभावकारी रुपमा सदुपयोग र सम्पादन गर्नका लागि आवश्यक पर्ने संरचनाको निर्माण गरी कार्यान्वयन गर्नु । | आयोग, राष्ट्रिय परीक्षा बोर्ड, पाठयक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रजस्ता संरचनाहरुको विकास गरी कामको बाँडफाँड र सोको कार्यान्वयन गरिनेछ ।<br>२.प्रदेश सरकारले शिक्षासम्बन्धी तोकिएका कामहरु सम्पादन गर्नका लागि सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, प्रादेशिक पुस्तकालय, पाठ्यक्रम तथा मानव संशाधन विकास एवम् अनुसन्धान केन्द्र, प्रदेश शिक्षक सेवा आयोग, प्रदेश शैक्षिक सूचना केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्र, प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी प्रदेश प्रयोगशाला, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय जस्ता संरचनाहरुको निर्माण गरी कामको बाँडफाँड र सोको कार्यान्वयन गरिनेछ ।<br>३.स्थानीय तहमा शिक्षकहरुको दरबन्दी मिलान, स्थानीय तहभित्र शिक्षकहरुको सरुवा, कार्यसम्पादन मूल्याङकन, विद्यालयहरुको नक्साङकन, विद्यालयहरुको सञ्चालन अनुमति, टोल र वडावडामा पुस्तकालय एवम् वाचनालयको व्यवस्था, अनौचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी कार्यक्रमको सञ्चालन, शैक्षिक संस्थाहरुको अनुगमन जस्ता काम गर्नका लागि स्थानीय तह अन्तर्गत रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई अलग्गै कार्यालयको रुपमा विकास गरी सोको संरचनालाई सुदृढ बनाइनेछ ।<br>४.शिक्षक दरबन्दीको पुनर्वितरण गर्दा पनि शिक्षक दरबन्दी नपुग हुने अवस्थामा प्रदेश सरकार र स्थानीय तहबाट सिर्जना हुने शिक्षक दरबन्दीमा शिक्षक पदपूर्तिका एवम् विद्यालय कर्मचारीको पदपूर्तिका लागि प्रदेश शिक्षक आयोगको स्थापना गरी कार्य सञ्चालन गरिनेछ ।<br>५.स्थानीय तहले माध्यमिक तहको अनुमति दिनका लागि संघीय संरचनाको रुपमा प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डको प्राविधिक अनुमगन प्रतिवेदनलाई अनिवार्य बनाइनेछ । प्राविधिक विद्यालयको अनुमतिका लागि प्रदेशमा रहेको प्राविधिक तथा व्यावसायिक शिक्षा केन्द्रको अनुगमन प्रतिवेदनलाई समेत अनिवार्य बनाइनेछ । यसका साथै स्थानीय तहमा प्राविधिक शिक्षाको व्यवस्थापनका लागि स्थानीय तहमा उपलब्ध भएका विज्ञ सहितको एउटा समिति गठन गरी काम गरिनेछ । |

| | | |
|---|---|---|
| | | ६. संघीय सरकार र प्रदेश सरकारको शिक्षासम्बन्धी कामकाज गर्नका लागि हरेक जिल्लामा जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालयको स्थापना गरिनेछ । यसका अतिरिक्त यस कार्यालयले जिल्लाभित्रका शिक्षकहरुको सरुवा, नियुक्ति र आधारभूत तहका शिक्षकहरुको बढुवासम्बन्धी कार्यका साथै शैक्षिक व्यवस्थापन सूचना प्रणाली, विद्यालयहरुको अनुगमन र सुपरीवेक्षण जस्ता कार्य गर्नेछ ।<br>७. कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइइ) सञ्चालनका लागि संघीय सरकारको प्रदेशमा रहेको राष्ट्रिय परीक्षा बोर्डले शिक्षा विकास निर्देशनालयलाई प्राविधिक सेवा उपलब्ध गराउनेछ ।<br>८. प्रादेशिक विश्वविद्यालयलाई प्रदेशस्तरको शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक गराइनेछ ।<br>९. विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि विद्यालयमा सक्षम र अधिकारप्राप्त प्रधानाध्यापकको व्यवस्था गरिनेछ । यसरी व्यवस्था गरिएका प्रधानाध्यापकहरुले स्थानीय तहसँग करार सम्झौता गरी काम गर्नुपर्नेछ । पाँच वर्षपछि पुनः प्रधानाध्यापक हुन उपयुक्त देखिएमा अर्को विद्यालयमा खटाइनेछ । |
| ३ | अभिभावक, शिक्षक लगायत शिक्षाको जनशक्ति र संरचनाको उचित किसिमले क्षमता विकास र सोको अद्यावधिक गर्नका लागि आवश्यक संयन्त्रको विकास गर्नु । | १. बालबालिकाको शिक्षाप्रति अभिभावकलाई जिम्मेवार बनाइनेछ । बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानूनी कार्वाही गर्नेगरी कानून बनाइ कार्यान्वयन गरिनेछ ।<br>२. उपलब्ध जनशक्तिलाई प्रशिक्षण दिनका लागि मानव संशाधन विकास केन्द्र र प्रादेशिक विश्वविद्यालयलाई सक्षम बनाइनेछ । जनशक्ति भन्नाले शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, नागरिक समाज लगायत शिक्षासेवाका तिनै तहमा कार्यरत कर्मचारीहरु भनी बुझ्नुपर्नेछ । छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरिनेछ । यस केन्द्रको नाम पुनरावलोकन गरी सामुदायिक सिकाइ, प्रशिक्षण तथा अनुसन्धान केन्द्र राखिनेछ । |

| | | |
|---|---|---|
| | | ३.सबैका निम्ति अनिवार्य आधारभूत शिक्षा र साक्षरता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सामाजिक विकास निर्देशनालय, जिल्ला शिक्षा तथा सामाजिक विकास कार्यालय र स्थानीय तहको सक्षमतामा विकास गरिनेछ । कुनै पनि सीप विकास सम्बन्धी तालिम वा सरकारी पेशामा प्रवेश गर्नका लागि आधारभूत शिक्षा उत्तीर्ण हुनुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ । |

### ५.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि (Outcomes)

१. गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सुदृढ तहगत संरचना, प्रभावकारी अन्तरसरकार सम्बन्ध र उपलब्धिमुलक क्षमता विकास भएको हुने ।

ख) नतिजा (**Key Results**)

१. कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहको संरचना, कार्यक्षेत्र र अधिकार बाँडफाँटमा स्पष्टता आएको हुने ।

२. संविधानको मर्म अनुसार नै तीनै तहको बीचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा कार्यक्षेत्र र जिम्मेवारीहरु गुणस्तरीय किसिमबाट सम्पादन भएका हुने ।

३. साझा चासो र हितका सम्बन्धमा सरकारहरुका विभिन्न तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास भएको हुने ।

४. शैक्षिक निकाय र विद्यालयहरु गुणस्तर, सुशासन र क्षमता विकासका हिसावले नागरिक समाजले अनुभूत गर्ने गरी विकास भएका हुने ।

५. पेशाप्रति समर्पित र सक्षम शिक्षकहरुको शिक्षण पेशामा बाहुल्यता भएको हुने ।

६. बालबालिकालाई विद्यालयमा नपठाउने र घरमा समेत सिकाइमैत्री वातावरण उपलब्ध नगराउने अभिभावकलाई आवश्यक कानूनी कार्वाही गर्नेगरी कानून बनाइ कार्यान्वयन भएको हुने ।

७. विद्यार्थी र विद्यालयहरु हरेक प्रकारका अभावहरुबाट मुक्त भएका हुने ।

८. प्रदेशस्तरमा प्रादेशिक विश्वविद्यालयको स्थापना भइ शिक्षामा गुणस्तर कायम गर्नका लागि आवश्यक खोज, अनुसन्धान र जनशक्ति उत्पादन र व्यवस्थापनमा सरिक भएका हुने ।

ग. प्रमुख क्रियाकलाप र लक्ष्य

तालिका ५

तीनै तहका सरकारहरुको संस्थागत संरचना, क्षमता विकास र अन्तरसम्बन्धका लागि प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरी शिक्षामा आवश्यकता अनुसारको संरचना र जनशक्तिको प्रवन्ध । | तीनै तहमा | √ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय तह |
| २ | साझा चासो र हितका सम्बन्धमा तहहरुबीच सूचनाको आदानप्रदान तथा असल अभ्यासको अनुसरण गर्ने संस्कारको विकास । | निरन्तर सञ्चालन | √ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ३ | शिक्षण पेशामा मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउमा ठीक ब्यक्तिको चयन गर्ने कार्येलाई संघीय शिक्षक सेवा आयोग लयायत प्रदेश शिक्षक सेवा आयोग सम्बन्धी ऐन कानूनमा व्यवस्था गर्न सरकारहरु बीच समन्वय र सहकार्य । | निरन्तर सञ्चालन | √ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ४ | शिक्षासम्बन्धी छोटो अवधिका प्रशिक्षण कार्यक्रमहरु सञ्चालनका लागि स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास । | निरन्तर | १ | √ | √ | √ | √ | १ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ५ | शिक्षक दरबन्दीको सिर्जना मिलान र पुनर्वितरण गरी आवश्यकता अनुसारको | निरन्तर | √ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षकको पदपूर्ति । | | | | | | | | | तह |
| ६ | विद्यालयहरुलाई प्रभावकारी रुपमा सञ्चालनका लागि सक्षम र अधिकारप्राप्त प्रधानाध्यापकको व्यवस्था । | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ७ | सरकारका तीनै तहको बिचको अन्तरसम्बन्ध प्रभावकारी भइ नागरिक समाज र समग्र मुलुक सुखी र समृद्ध हुने | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | | संघ, प्रदेश तथा स्थानीय तह |
| ८ | क्लाउड प्रविधि मार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणालीमा सुधार तथा सुदृढिकरण । | पटक निरन्तर | १ | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा स्थानीय तह |
| ९ | संघ. प्रदेश तथा स्थानीय तहमा संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन तथा जनशक्तिको पुनर्संरचना । | पटक | १ | √ | √ | √ | √ | १ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| १० | कानूनद्वारा अनौपचारिक शिक्षा र निरन्तर सिकाइका लागि स्रोत सम्पन्न सामुदायिक सिकाइ केन्द्रको स्थापना र संचालन | पटक संचालन | १ | √ | √ | √ | √ | √ | १ | संघ, प्रदेश तथा स्थानीय तह |
| ११ | स्थानीय तहमा एउटा शिक्षा, युवा तथा खेलकुदको क्षेत्रमा काम गर्नका लागि छुट्टै कार्यालयको रुपमा शिक्षा, युवा तथा खेलकुद कार्यालयको स्थापना गरी सञ्चालन । | स्थापना र संचालन | १ | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश तथा स्थानीय तह |
| १२ | हालको शिक्षा विकास तथा समन्वय इकाइ र सामाजिक विकास डिभिजन कार्यालयहरुलाई समायोजन गरी जिल्लामा शैक्षिक कार्यक्रम संचालनका लागि शिक्षा तथा जिल्ला सामाजिक विकास कार्यालयको संरचनाको स्थापना गरी कार्यान्वयन । | स्थापना र संचालन | √ | √ | √ | √ | √ | √ | √ | संघ, प्रदेश, स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | प्रदेश र स्थानीय तहबाट लगानी भइ सिर्जना गरिएका शिक्षक दरबन्दीमा नियुक्तिका लागि प्रदेश शिक्षक सेवा आयोगको स्थापना र कार्यान्वयन । | पटक सैचालन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | √ | प्रदेश, स्थानीय तह |
| १४ | अभिभावकलाई बालबालिकाको शिक्षा प्रति जिम्मेवार बनाउनका लागि कानून बनाइ कार्यान्वयन । | पटक कार्यान्वयन | १ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | √ | √ | प्रदेश, स्थानीय तह |

# परिच्छेद ६ : सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

देशको बर्तमान शासकीय स्वरूप अनुसार सरकारका तीनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास तथा शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार ,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतिहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन

प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

### ६.१.२ वर्तमान अवस्था

वर्तमान अवस्थामा संघमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ ।राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेषगरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९शैक्षिक तालिम केन्द्रहरू मध्ये सातवटा प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् । अन्यतालिम केन्द्रहरू खारेज भएका छन् । त्यसैगरी साविकका क्षेत्रीय शिक्षा निर्देशनालयहरू प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतका शिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रुपान्तरण भएका छन् । लोक लोकसेवा आयोगले स्थानीय तहका लागि कम्तीमा एउटा स्थानीय तहमा एक जना शिक्षा सेवा कर्मचारी पुऱ्याउने लक्ष्यका आधारमा करिब ७००जना शिक्षा सेवाका कर्मचारीहरूको सिफारिस गरेको छ । तत्कालीन निजामती सेवा ऐनमा भएको व्यवस्था अनुसार २४(घ) १को बढुवाले सिर्जना गरेको अव्यवहारिक पदस्थापन अझै व्यवस्थित हुन सकेको छैन । संघीय स्वरूप अनुसार सेवा प्रवाहका लागि आवश्यक संरचना तथा क्षमतालाई पनि सुधार गर्नुपर्ने छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका तेइसवटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई राखियो तर इकाइको कामलाई प्रभावकारी बनाउन सकिएको छैन । एकातिर समन्वयका लागि कायम भएका जिल्लाको समन्वय इकाइ क्रियाशील र प्रभावकारी नभएको अवस्था छ त्यसैगरी प्रदेश शिक्षा निर्देशनालयको भूमिका पनि पुनः परिभाषित गर्नुपर्ने देखियो । जिल्ला समन्वय इकाइ र प्रदेश निर्देशनालयमा ठूला संरचना र पूर्वाधार छन् तर उपयोग नहुँदा खेर जाने अवस्था

छ । साविकको परीक्षा नियन्त्रण कार्यालयले उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर संघमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । तापनि स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षामा सहजीकरण कसले र कसरी गर्ने भन्ने विषय मौन रहेको छ । कक्षा १०को परीक्षा सञ्चालन र व्यवस्थापनका लागि प्रदेश तहमा कस्तो संरचना रहने र कक्षा १२को परीक्षा राष्ट्रिय तहमा सञ्चालनका लागि कस्तो संस्थागत प्रबन्ध हुनुपर्ने भन्ने विषय पनि स्पष्ट हुन सकेको छैन । विद्यालयमा सञ्चालन भइरहेको प्राविधिक धार लगायत हाल प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा सञ्चालन भएका विद्यालय लगायत निजी प्रदायक संस्थाबाट सञ्चालन भइरहेका कार्यक्रमहरूलाई व्यवस्थित बनाउन संघ, प्रदेश र स्थानीय तहमा कस्तो संरचना उपयुक्त हुन्छ भन्ने विषय पनि टुंगो लागेको अवस्था छैन । शिक्षकहरूलाई स्थायी पदमा सिफारिस गर्न र शिक्षकका लागि अध्यापन अनुमतिपत्र प्रदान गर्ने कार्यमा संलग्न शिक्षक सेवा आयोगका काम कारवाहीहरू सञ्चालन र व्यवस्थापनका लागि प्रदेश स्तरमा कस्तो संरचना हुने भन्ने विषय पनि टुंगो लाग्न बाँकी नै रहेको अवस्था छ । विद्यालय निरीक्षक र स्रोत व्यक्तिले प्रदान गर्दै आएका सेवा समाप्त भई विद्यालयहरूमा शिक्षक सहयोग पद्धति नै टुटेको अवस्था छ । सरकारका विभिन्न तहबीच सहजीकरण र समन्वयका पक्षमा सुधार गर्नुपर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जवाफदेहितामा सुधार गर्नुपर्ने छ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न भिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ ।

संघीय शिक्षा ऐन नबन्दा स्थानीय तहले गर्ने शिक्षाका २३ वटा कार्य के कसरी गर्ने विद्यालय स्थापना र अनुमति, शिक्षक पदस्थापन, सरुवा बढुवा, कार्यसम्पादन मूल्याकन, शिक्षक तालिम, दरबन्दी सिर्जना, सरुवा आदि जस्ता कुराहरू अन्यौल नै छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्न र शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका कार्य प्रस्ताव गरिएको छ ।

### ६.१.३ उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी समग्र उद्देश्य संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु रहेको छ । यस योजनामा सुशासन र प्रवर्द्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन्ः-

१. नेपालको विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधि समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु
२. विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थी उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने स्थानीय, प्रदेश र संघीयमा गुणस्तर सम्बोधन गर्ने संरचना र जनशक्तिको व्यवस्था गर्नु
३. कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजा प्रतिको जवाफदेहिता र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु
४. विद्यालयका शिक्षक तथा प्रधानाध्यापक प्रस्तावित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ६.१ .४ रणनीतिहरू

१. स्थानीय तह, प्रदेश र संघीय सरकारबीच समन्वय र सहकार्य गरिने छ ।
२. संघीय सरकारलाई संघीय शिक्षा ऐन निर्माण गर्न दबाब सिर्जना गरिने छ ।
३. स्थानीय तहको शिक्षा ऐन नियम, नियमावली निर्देशिका तथा कार्यविधिहरू तयार गरी कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
४. प्रदेश र स्थानीय सरकार तथा उत्तरदायित्व लगायतका पक्षहरूमा स्पष्टतः काम गर्न आवश्यक कानुनी प्रबन्ध गरिने छ ।
५. संघ,प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध प्रगाढ बनाउन राष्ट्रिय शिक्षा परिषद्को संरचनामा परिवर्तन गरी प्रदेश तथा स्थानीय तहको प्रतिनिधित्व हुने व्यवस्था गर्न अनुरोध गरिने छ ।
६. हालको शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहवीचका कार्य विवरण स्पष्ट गरिने छ ।
७. स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
८. औपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि स्थानीय तथा समुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
९. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइने छ साथै क्षमता विकास गरी स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।

### ६.१.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धी

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | एकाइ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | १६ | १९ | १९ | १९ | १९ | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | संख्या | ८२ | ८२ | ८२ | ८२ | ८२ | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | संख्या | | | | | | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | संख्या | १५ | १९ | ० | ० | ० | |

### ६.१.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | | | | | | | | |

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | आवश्यकतानुसार | | १ | १ | १ | १ | ५ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | नियमित | १ | १ | १ | १ | १ | ५ | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस पालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन ।कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा उप-महानगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन,

सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ६.२.१ वर्तमानअवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउ पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

**(क)**चुनौती

१. पर्याप्त बजेट नहुँदा योजनाको प्रभावकारी कार्यान्वयन गर्न कठिन रहनु |
२. जनशक्ति तथा दक्षताको अभावले योजना कार्यान्वयनमा ढिलाइ वा असफलता निम्त्याउनु |
३. कार्यान्वयनका लागि आवश्यक संरचना, उपकरण, तथा पूर्वाधारको अभाव चुनौतीपूर्ण रहनु |
४. सरकारी निकाय, विद्यालय, तथा समुदायबीच समन्वय नहुँदा योजना प्रभावकारी रुपमा अघि बढ्न नसक्नु |
५. स्थानीय शिक्षा योजनामा राजनीतिक प्रभाव र हस्तक्षेपले कार्यान्वयनमा अनियमितता निम्त्याउनु |
६. प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको अभावमा योजना सही ढंगले कार्यान्वयन भएको सुनिश्चित गर्न कठिनाइ हुनु |

**(ख)** अवसर

१. स्थानिय स्तरमा विद्यालय, अभिभावक, शिक्षक र सामुदायिक संस्थाको सहभागिता शिक्षाको गुणस्तर सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।
२. डिजिटल प्रविधि, अनलाइन शिक्षा, र शिक्षा व्यवस्थापन प्रणालीहरूको प्रयोगले शिक्षामा पहुँच वृद्धि र प्रभावकारी व्यवस्थापनको अवसर दिन्छ

३. स्थानीय स्तरमा उपलब्ध स्रोत र सीपहरूको उपयोगले योजना कार्यान्वयनलाई सशक्त बनाउन मद्दत गर्छ |
४. दातृ निकाय, गैरसरकारी संस्था, र निजी क्षेत्रसँगको सहकार्यले अतिरिक्त स्रोत र प्राविधिक सहयोग जुटाउने अवसर प्रदान गर्छ।
५. संघीय प्रणालीले स्थानीय आवश्यकताहरूअनुसार योजना बनाउन र कार्यान्वयन गर्न थप स्वायत्तता र लचकता प्रदान गर्दछ।
६. स्थानीय निकायहरूको नेतृत्व र उत्तरदायित्व बढाउँदा शिक्षाको सुधारको लागि ठोस कदम चाल्न सकिन्छ।

६.२.२ उद्देश्य

१. बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्ने,
२. आवश्यकता अनुसार कानून, मापदण्ड र निर्देशिका विकास  गर्ने,
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन का नतिजाहरू को विवरण तयार गर्ने, समीक्षा गर्ने, र सुधार गर्ने,
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदानप्रदान का लागि स्थानीय स्तर मा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने,
५. विद्यालय तथा सामूदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्ने,
७. नतिजा मा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउने,
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथाचुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
९. योजनाको लगानी देखि प्रभाव तह सम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने,

६.२ .३ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने
७. विद्यालय व्यवस्थापनलाई सशक्तीकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने
९. अभिभावक तथा सरोकारवालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठक आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने
१०. सामुदायिक सिकाइ  केन्द्रमार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रम सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने

### ६.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।

२ प्रभावकारी अनुगमन को माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कन मा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने छ ।

३ कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुने छ

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २. | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | - | १ | - | - | २ | | |
| ३. | कानुन निर्देशिका मापदण्डको | पटक | १ | - | १ | - | - | २ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रबोधिकरण | | | | | | | | | |
| ४. | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५. | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६. | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | २ | २ | २ | २ | २ | १० | | |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८. | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

### ६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सृदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## परिच्छेद ७

## लगानी र स्रोत व्यवस्थापन

### ७.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्रभित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तिय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्येही, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तिय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारवाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिएबमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षा विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिएता पनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शि बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ,

प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो

## ७.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९० प्रतिशत भन्दा वढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शिर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन ।

पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घसंस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

| क्र.स. | वित्तीय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | २२५७३९५.८२२ | | |
| २ | प्रदेश सरकार | ० | | |
| ३ | स्थानीय सरकार | ११२५९२.६८१२ | | |
| ४ | अभिभावक तथा समुदाय | १००० | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | २०००० | | |
| ६ | स्थानीय दाता तथा अन्य श्रोत परिचालन | १५०० | | |
| ७ | अपुग रकम | ० | | |
| | **जम्मा** | २३९२४८८.५ | | |

७.३ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु

३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु

७.४ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने।

२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने।

३. वार्षिक रूपमा कुल बजेटको ३५ प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने

४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने

७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने

७.५ प्रमुख उपलब्धि

क) उपलब्धि

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुने छ ।

७.६ प्रमुख क्रियाकलाप र लक्ष्य

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | २६८१६ | २७३५२.३२ | २८३०९.६५१ | २९७२५.१३४ | ३१८०५.८९३ | १४४००९ | |
| २ | आधारभूत शिक्षा | २१६९१७ | २२१२५५.३४ | २२८९९९.२८ | २४०४४९.२४ | २५७२८०.६९ | ११६४९०१.५ | |
| ३ | माध्यमिक शिक्षा | ६३७२५ | ६४९९९.५ | ६७२७४.४८३ | ७०६३८.२०७ | ७५५८२.८८१ | ३४२२२०.०७ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०००० | १०२०० | १०५५७ | ११०८४.८५ | ११८६०.७९ | ५३७०२.६४ | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | १६८०० | १७१३६ | १७७३५.७६ | १८६२२.५४८ | १९९२६.१२६ | ९०२२०.४३४ | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | १८८७१ | १९२४८.४२ | १९९२२.११५ | २०९१८.२२ | २२३८२.४९६ | १०१३४२.२५ | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ० | ० | ० | ० | |
| ९ | शिक्षामा | ३०० | ३०६ | ३१६.७१ | ३३२.५४५५ | ३५५.८२३६९ | १६११.०७९२ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | समता र समावेशीकरण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४८३२२ | ४९२८८.४४ | ५१०१३.५३५ | ५३५६४.२१२ | ५७३१३.७०७ | २५९५०१.८९ | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | ० | ० | ० | ० | ० | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | १६५०० | १६८३० | १७४१९.०५ | १८२९०.००३ | १९५७०.३०३ | ८८६०९.३५५ | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १३०० | १३२६ | १३७२.४१ | १४४१.०३०५ | १५४१.९०२६ | ६९८१.३४३१ | |
| १४ | शिक्षाको व्यवस्थापन | ४०० | ४०८ | ४२२.२८ | ४४३.३९४ | ४७४.४३१५८ | २१४८.१०५६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | तथा संस्थागत क्षमता विकास | | | | | | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ४०० | ४०८ | ४२२.२८ | ४४३.३९४ | ४७४.४३१५८ | २१४८.१०५६ | |
| **जम्मा** | | ४२०३५१ | ४२८७५८.०२ | ४४३७६४.५५ | ४६५९५२.७८ | ४९८५६९.४७ | २२५७३९५.८ | |

ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| **क्र.स** | **अनुदान प्राप्त हुने उपक्षेत्र/विषय** | **आर्थिक बर्ष** | | | | | **५ बर्षको जम्मा** | **१० बर्षक जम्** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८१।०८२** | **२०८२।०८३** | **२०८३।०८४** | **२०८४।०८५** | **२०८५।०८६** | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| २ | आधारभूत शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिक शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| ९ | शिक्षामा समता र समावेशीकरण | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| १५ | स्थानीय तहको शिक्षा योजना | 0 | 0 | 0 | 0 | 0 | 0 | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | 0 | 0 | 0 | 0 | 0 | 0 | |
| **जम्मा** | | **0** | **0** | **0** | **0** | **0** | **0** | |

ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| **क्र.स** | **अनुदान प्राप्त हुने उपक्षेत्र/विषय** | **आर्थिक बर्ष** | | | | | **५ बर्षको जम्मा** | **१० बर्षको जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८१।०८२** | **२०८२।०८३** | **२०८३।०८४** | **२०८४।०८५** | **२०८५।०८६** | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | १८००० | १८५४० | १९१८८.९ | २०१४८.३५ | २१५५८.७३ | ९७४३५.९७ | |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ० | ० | ० | ० | ० | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | ० | ० | ० | ० | ० | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ३०० | ३०९ | ३१९.८१५ | ३३५.८०५८ | ३५९.३१२२ | १६२३.९३३ | |
| ७ | शिक्षक व्यव | ० | ० | ० | ० | ० | ० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स्थापन र विकास | | | | | | | |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | ० | ० | ० | ० | ० | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | २०० | २०६ | २१३.२१ | २२३.८७०५ | २३९.५४१४ | १०८२.६२२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | ० | ० | ० | ० |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ५०० | ५१५ | ५३३.०२५ | ५५१.६७६३ | ५९८.८५३६ | २७०६.५५५ |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १००० | १०३० | १०६६.०५ | १११९.३५३ | ११९७.७०७ | ५४१३.११ |
| १५ | स्थानीय तहको शिक्षा योजना | ३०० | ३०९ | ३१९.८१५ | ३३५.८०५८ | ३५९.३१२२ | १६२३.९३३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ५०० | ५१५ | ५३३.०२५ | ५५१.६७६३ | ५९८.८५३६ | २७०६.५५५ | |
| **जम्मा** | | २०८०० | २१४२४ | २२१७३.८ | २३२८२.५ | २४९१२.३ | ११२५९३ | |

घ) अन्य सङ्घसंस्थाबाट शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| **क्र.स** | **अनुदान प्राप्त हुने उपक्षेत्र/विषय** | **आर्थिक बर्ष** | | | | | **५ बर्षको जम्मा** | **१ ब ज** |
|---|---|---|---|---|---|---|---|---|
| | | **२०८१।०८२** | **२०८२।०८३** | **२०८३।०८४** | **२०८४।०८५** | **२०८५।०८६** | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | ० | १००० | १००० | १००० | १००० | ४००० | |
| २ | आधारभूत शिक्षा | ० | ७०० | ७०० | ७०० | ७०० | २८०० | |
| ३ | माध्यमिक शिक्षा | ० | १००० | १००० | १००० | १००० | ४००० | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | ० | ५०० | १००० | १००० | ५०० | ३००० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अनौपचारिक र आजीवन शिक्षा | ० | ० | ५०० | ५०० | ० | १००० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ३०० | ० | ० | ३०० |
| ९ | शिक्षामा समता र समावेशीकरण | ० | २०० | ३०० | ३०० | | ८०० |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | ० | ५०० | ० | ० | ० | ५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | ० | ० | ३००० | ० | ० | ३००० | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ० | ० | ५०० | ० | ० | ५०० | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ० | १०० | ० | ० | ० | १०० | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ० | ० | ० | ० | ० | ० | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | |
| **जम्मा** | | ० | ४००० | ८३०० | ४५०० | ३२०० | २०००० | |

### ७.६ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया

नगरपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाइ प्रस्तावित भौतिक लक्ष्य मानि वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्य लाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरि क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषयक्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषयक्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपशिलको तालिकामा प्रस्तुत गरिएको छ ।

| उपक्षेत्र / विषय | आर्थिक वर्षगत रूपमा बजेट अनुमान | | | | | पाँच वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | आ.व २०८१/०८२ | आ.व २०८२/०८३ | आ.व २०८३/०८४ | आ.व २०८४/०८५ | आ.व २०८५/०८६ | | |
| प्रारम्भिक बालविकास र शिक्षा | ४४८१६ | ४६८९२.३२ | ४८४९८.५५ | ५०८७३.४७ | ५४३६४.६२ | २४५४४४.९७ | |
| आधारभूत शिक्षा | २१६९१७ | २२१९५५.३४ | २२९६९९.२७ | २४११४९.२४ | २५७९८०.६८ | ११६७७०१.५ | |
| माध्यमिक शिक्षा | ६३७२५ | ६५९९९.५ | ६८२७४.४८ | ७१६३८.२० | ७६५८२.८८ | ३४६२२०.०७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १०००० | १०७०० | ११५५७ | १२०८४.८५ | १२३६०.७८९५ | ५६७०२.६३ | |
| अनौपचारिक शिक्षा र आजीवन सिकाइ | १६८०० | १७१३६ | १८२३५.७६ | १९१२२.५४ | १९९२६.१२ | ९१२२०.४३ | |
| पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १९१७१ | १९५५७.४२ | २०२४१.९२ | २१२५४.०२ | २२७४१.८० | १०२९६६.१८ | |
| शिक्षक व्यवस्थापन र | ० | ० | ३०० | ० | ० | ३०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विकास | | | | | | | |
| शिक्षामा समता र समावेशीकरण | ३०० | ५०६ | ६१६.७१ | ६३२.५४ | ३५५.८२ | २४११.०७ | |
| विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ४८३२२ | ४९२८८.४४ | ५१०१३.५३ | ५३५६४.२१ | ५७३१३.७० | २५९५०१.८९ | |
| विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | २०० | ७०६ | २१३.२१ | २२३.८७ | २३९.५४ | १५८२.६२ | |
| विद्यालय भौतिक पूर्वाधार विकास | १६५०० | १६८३० | २०४१९.०५ | १८२९०.०० | १९५७०.३० | ९१६०९.३५ | |
| विद्यालय | १८०० | १८४१ | २४०५.४३ | २०००.७० | २१४०.७५ | १०१८७.८९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| यमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १४०० | १५३८ | १४८८.३३ | १५६२.७४ | १६७२.१३ | ७६६१.२१ | |
| स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | ३०० | ३०९ | ३१९.८१ | ३३५.८० | ३५९.३१ | १६२३.९३ | |
| अनुगमन तथा मूल्याङ्कन | ९०० | ९२३ | ९५५.३० | १००३.०७ | १०७३.२८ | ४८५४.६६ | |
| **जम्मा** | ४४११५१ | ४५४१८२.०२ | ४७४२३८.३९ | ४९३७३५.३१ | ५२६६८१.७८ | २३८९९८८.५ | |

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

## परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन

### ८.१ परिचय

यस उप-महानगरपालिकाले शिक्षा कार्यक्रम कार्यन्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानिय तह र  बिद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिईएको छ। प्रत्येक बिद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्नेछन । कार्यक्रम संचालनको लागि बजेट र आबश्यक प्रबन्ध पालिकाको शिक्षा शाखाले गर्नेछ ।

जब कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्यांकन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा उप-महानगरपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुररिक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाई कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र बिद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्यांकन समिति बनाई सक्रिय हुनेछ ।

### ८.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्यांकन गर्ने कार्य गरिरहेको छ । खासगरी  पालिकाको शिक्षा शाखावाट समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाहि जनप्रतिनीधिहरुलाई सामिल गराई संयुक्त अनुगमनमा पनि गरिएके छ । बिद्यालयमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन बाँकि नै छ । कहिलेकाही गरिएका

अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्यांकनको स्थायी प्रणाली निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाई र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार को पनि खाँचो रहेको छ ।

## ८.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु

## ८.४ रणनीति

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने

## ८.४ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुने छ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुने छ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुने छ।

### ख) नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने छ ।

## ८.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | ० | ० | ० | ० | १ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | निरन्तर | | | | | | | |